नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## सुन्दरदुलारी नगरपालिका कार्यालय

मोरङ


# नगर पार्श्वचित्र



## सुन्दरदुलारी नगरपालिका कार्यालय, मोरङ

२०७३

# Sundar Dulari Municipality




| Ward No. | Area km² |
|---|---|
| 1 | 4.71 |
| 2 | 5.43 |
| 3 | 4.25 |
| 4 | 6.45 |
| 5 | 5.35 |
| 6 | 3.43 |
| 7 | 2.13 |
| 8 | 2.55 |
| 9 | 5.31 |
| 10 | 3.82 |
| 11 | 2.44 |
| Total | 45.87 |

# विषय-सूची

## खण्ड १ : भूमिका


| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | अध्ययनको उद्देश्य | १ |
| १.३ | अध्ययनको महत्त्व | २ |
| १.४ | अध्ययनको औचित्य | २ |
| १.५ | अध्ययन विधि | ३ |
| १.६ | अध्ययनका सीमाहरू | ३ |


## खण्ड २ : सुन्दरदुलारी नगरपालिकाको परिचय


| | | |
|---|---|---|
| २.१ | नगरपालिकाको संक्षिप्त परिचय | ४ |
| २.२ | माटोको वनावट र उर्वराशक्ति | ६ |
| २.३ | नगरको भू–उपयोग | ६ |
| २.४ | हावापानी | ६ |
| २.५ | नगरपालिकाको ऐतिहासिक पृष्ठभूमि | ७ |
| २.६ | नगरपालिकाको विकासका सम्भाव्यता र अवसर | ७ |
| २.७ | नगरपालिकाको चुनौती तथा समस्याहरू | ८ |
| २.८ | नगरपालिकाको अन्तर सम्बन्ध | ९ |
| २.९ | शहरीकरणको स्वरूप | ९ |
| २.१० | बस्ती विकासमा देखिएका समस्या तथा चुनौतीहरू | १० |
| २.११ | धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्त्वका स्थलहरू | १० |
| २.१२ | मुख्य चाडपर्वहरू | १२ |
| २.१३ | सामुदायिक संघसंस्था, क्लव, प्रतिष्ठान तथा समाज | १२ |


## खण्ड ३ : तथ्याङ्कको प्रस्तुति तथा विश्लेषण


| | | |
|---|---|---|
| ३.१ | जनसंख्याको विवरण | १३ |
| ३.२ | लिङ्गअनुसार वडागत जनसंख्याको विवरण | १४ |
| ३.३ | जनसंख्या बृद्धिदर | १५ |
| ३.४ | जनसंख्याको उमेरगत संरचना | १५ |
| ३.५ | घरमूलीको लैङ्गिक विवरण | १६ |
| ३.६ | उमेर समुहअनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण | १७ |
| ३.७ | पहिलो विवाह गर्दाको उमेरको विवरण | १७ |
| ३.८ | लैङ्गिक आधारमा वडागत वैवाहिक स्थिति | १८ |
| ३.९ | मातृभाषाअनुसार जनसंख्या विवरण | १९ |
| ३.१० | नगरमा बसोबास गर्ने जातजाती सम्बन्धी विवरण | १९ |
| ३.११ | धर्मअनुसार जनसङ्ख्याको विवरण | २१ |
| ३.१२ | वडाअनुसार परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण | २२ |
| ३.१३ | घरमा महिलाको स्वामित्वको विवरण | २२ |

३.१४ जमिनमा महिलाको स्वामित्व भएको २३
३.१५ जगको आधारमा घरको बनोटको विवरण २४
३.१६ बाहिरी गारोका आधारमा घरको विवरण २५
३.१७ छानाको आधारमा घरको विवरण २६
३.१८ बसाईसराईको स्थिति २७
३.१९ व्यक्तिगत घटना दर्ताको विवरण २७

## खण्ड ४ : भू–उपयोग

४.१ नगरको भू-उपयोगको अवस्थाको विवरण २९
४.२ सुरक्षित बस्ती विकास कार्यक्रम २९
४.३ शहरोन्मुख बस्तीहरूको वर्तमान स्वरूप ३१
४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू ३१
४.५ भू–क्षय तथा नदी कटान सम्भावित क्षेत्र ३२
४.६ खोलाहरूबाट प्रभावित क्षेत्र ३२

## खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

५.१ नगर अर्थतन्त्रको संरचनात्मक स्वरूप ३३
५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ३३
५.३ आश्रित जनसंख्याको विवरण ३३
५.४ कृषि ३४
५.४.१ कृषि बालीमा लाग्ने रोग ३४
५.४.२ कृषि बजारीकरण ३५
५.४.३ जग्गाको उर्वराशक्ति ३५
५.४.४ पशुपालन ३६
५.४.५ पशुपंक्षीमा लाग्ने रोगहरूको विवरण ३६
५.५ थोक तथा खुद्रा व्यापार ३६
५.६ निकासी पैठारी स्थिति ३६
५.७ ढुवानी तथा भण्डार व्यवस्था ३७
५.८ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा ३७
५.९ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति ३७
५.१० सिंचाइ ३८
५.१०.१ सिंचित क्षेत्र तथा सिंचाइ प्रणालीको विवरण ३८
५.११ व्यापार तथा उद्योगको विवरण ३८
५.११.१ व्यवसायको विवरण ३९
५.११.२ हाट बजार सम्बन्धी विवरण ३९
५.११.३ प्रमुख स्थानीय उत्पादनको बजारीकरण ३९
५.१२ खानीको स्रोत र उपयोगको स्थिति ४०
५.१३ अन्य आर्थिक विकासका सम्भावनाहरू ४०
५.१४ नगरको अर्थतन्त्रको विशिष्टिकरण ४१

५.१४.१ बैंक तथा वित्तीय संस्थाको विवरण ४१
५.१४.२ सहकारी संस्थाको विवरण ४१
५.१४.३ वित्तीय तथा व्यवसाय सेवा ४३

## खण्ड ६: भौतिक तथा सार्वजनिक पूर्वाधार

६.१ भौतिक पूर्वाधार ४४
६.२ सडक सम्बन्धी विवरण ४५
६.३ सञ्चार ४६
६.३.१ टेलिफोन/मोबाइल ४६
६.३.२ हुलाक सेवा ४६
६.३.३ पत्रपत्रिकाको विवरण ४७
६.४ विद्युत तथा बैकल्पिक उर्जा ४७
६.४.१ दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण ४७
६.४.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ४८
६.४.३ बैकल्पिक उर्जा ४८

## खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

७.१ शिक्षा ४९
७.१.१ साक्षरताको अवस्था ४९
७.१.२ शैक्षिक जनशक्तिको विवरण ५०
७.१.३ विषयगत शैक्षिक जनशक्तिको विवरण ५०
७.१.४ उमेर समूहअनुसारको जनसङ्ख्या र विद्यालय गइरहेको जनसङ्ख्या विवरण ५१
७.१.५ नगरमा रहेका शिक्षण संस्थाहरूको विवरण शैक्षिक पूर्वाधार तथा सेवा ५२
७.१.६ परिसुचकहरूको विश्लेषण ५२
७.१.७ विभिन्न तहका विद्यार्थीहरूको विवरण ५३
७.१.८ प्राथमिक शिक्षामा विद्यार्थीको शैक्षिक उपलब्धि र अवस्था सम्बन्धी तुलनात्मक विवरण ५३
७.१.९ विद्यार्थी भर्नादर ५४
७.१.१० सामुदायिक विद्यालयहरूमा कार्यरत सरकारी कोटाका शिक्षक/शिक्षिकाहरूको विवरण ५४
७.१.११ संस्थागत विद्यालयमा शिक्षकको संख्या : ५५
७.१.१२ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू ५५
७.२ स्वास्थ्य ५६
७.२.१ एच. आई. भी./एड्सको अवस्थाः ५६
७.२.२ सुरक्षित मातृत्वको अवस्थाको विवरण ५७
७.२.३ खोपको विवरण ५७
७.२.४ बाल्यकालमा हुने रोगका जोखिम ५७
७.२.५ शिशु तथा ५ वर्ष बाल मृत्युदर ५७
७.२.६ बालपोषण सम्वन्धी विवरण ५८
७.३ खेलकुद तथा मनोरञ्जन ५८
७.४ नागरिक सुरक्षा सेवा ५८

| | | |
|---|---|---|
| ७.४.१ | सामाजिक सूचकहरू | ५८ |
| ७.४.२ | बृद्धबृद्धाहरूको अवस्था | ६० |
| ७.४.३ | अपाङ्गताको विवरण | ६० |
| ७.४.४ | बालश्रमको अवस्था | ६१ |
| ७.४.५ | बालसंरक्षण तथा संबर्द्धन समिति | ६२ |
| ७.४.६ | बालक्लब | ६२ |
| ७.५ | शान्ति सुरक्षा | ६३ |
| ७.६ | खानेपानी तथा सरसफाई | ६३ |
| ७.६.१ | खानेपानीको विवरण | ६३ |
| ७.६.२ | वडागत शौचालयको विवरण | ६४ |


## खण्ड ८ : वन तथा वातावरण


| | | |
|---|---|---|
| ८.१ | प्राकृतिक वन तथा वनस्पती | ६६ |
| ८.२ | जैविक विविधता सम्वन्धी विवरण | ६६ |
| ८.३ | नगरमा पाइने मुख्य वनस्पतिहरू | ६८ |
| ८.४ | लघु वन पैदावार | ६८ |
| ८.५ | नगरमा पाईने वन्यजन्तु | ६८ |
| ८.६ | सामुदायिक वन | ६९ |
| ८.६.१ | नमुना सामुदायिक वन,सुन्दर दुलारी–५, मोरङ | ७० |
| ८.६.२ | हरियाली सामुदायिक वन, सुन्दर दुलारी–४,६,७,मोरङ | ७१ |
| ८.६.३ | सिद्धार्थ सामुदायिकवन,सुन्दर दुलारी–४, मोरङ | ७२ |
| ८.७ | वनमा सामुदायिक सहभागिता तथा वनजन्य उत्पादन | ७४ |
| ८.८ | निजी वन | ७४ |
| ८.९ | धार्मिक वन | ७४ |
| ८.१० | जडिबुटी सम्बन्धी विवरण | ७४ |
| ८.११ | संरक्षणको सुचिमा राखिनु पर्ने जडिबुटीहरू (जैविक विविधता) | ७५ |
| ८.१२ | वन पैदावरमा आधारित उद्योगहरूको विवरण | ७५ |
| ८.१३ | जलवायू परिवर्तनका लागि अनुभव गरिएका सुचकहरूको विवरण | ७५ |
| ८.१४ | वन संरक्षणका लागि चाल्नु पर्ने कदम | ७५ |


## खण्ड ९ : विकास सुचकाङ्क र गरिबीको स्थिति


| | | |
|---|---|---|
| ९.१ | मानव विकास सुचकको विवरण (HDI) | ७६ |
| ९.२ | मानव गरीबी सूचकाङ्क (Human Poverty Index) | ७७ |
| ९.३ | मानव विकास र गरीबी | ७७ |
| ९.४ | गरिबी न्यूनीकरण | ७८ |
| ९.५ | समग्र विकास स्थिति | ७८ |
| ९.६ | फोहोर मैला व्यवस्थापन | ७९ |

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ मा व्यवस्था भएको बमोजिम सुन्दरदुलारी नगरपालिकाको पार्श्वचित्र निर्माणको प्रयोजनका लागि नगरको वस्तुस्थिति झल्कने गरी नगरपालिका पार्श्वचित्र तयार गर्न लागिएको हो । भरपर्दो तथ्याङ्कीय आधार नै वैज्ञानिक योजना पद्धतिको जग हो । यसले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न सम्भावनाहरूको खोजी गर्न सही तथ्याङ्कले महत्त्वपूर्ण भूमिका खेल्ने हुनाले नगरमा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढङ्गले सङ्कलन गरी यो नगर पार्श्वचित्र तयार गरिएको छ ।

ग्रामिण क्षेत्रमा रहेका आम नागरिकका लागि राज्यको अनुभूति दिलाउने तथा सम्पूर्ण नेपालीहरूलाई समान रूपमा स्तरिय सेवा प्रदान गर्न स्थानीय सरकारको रूपमा नेपालका गाउँ विकास समिति तथा नगरपालिकाहरूले काम गरिरहेका छन् । भौगोलिक अवस्थिति भौतिक विकास एवम् सामाजिक सेवाको पहूँचका आधारमा राजनैतिक आधारमा विभाजित भौगोलिक परिधिलाई गाउँ विकास समिति/नगरपालिका क्षेत्र भनिन्छ । करिव ८० प्रतिशत ग्रामिण जनसंख्या रहेको नेपमलमा बहुभाषिक तथा बहुसाँस्कृतिक समाजबिचको सामञ्जस्यताका साथ स्थायी जनताकै अग्रसरता र आवश्यकतामा आधारित विकास कार्यक्रमको चुस्त कार्यान्वयन एवम् सेवाग्राहीलाई सुलभ तथा निष्पक्ष सेवाको मुख्य अभिप्रायले आएको स्थानीय स्वायत्तशासन ऐन २०५५ अनुसार सेवाको अनुभूति नगर क्षेत्रका जनतासम्म पुऱ्याउने योजना यस नगरपालिकाले लिएको छ । जसअनुरूप स्थानीय तहको भौगोलिक, सामजिक, शैक्षिक, स्वास्थ्य, जनसाङ्ख्याजस्ता विकासात्मक वस्तुस्थितिको जानकारी लिएर योजनाबद्ध ढङ्गले सर्वाङ्गीण विकास गर्न सजिलो होस् भन्ने उद्देश्यले यस नगरपालिकाले यो नगर पार्श्वचित्र (Municipality Profile/नगरको परिचय पुस्तिका) तयार गर्ने कार्यक्रम तय गरेको र सोही सिलसिलामा यो अध्ययन सञ्चालन भएको हो ।

नगरपालिकाको कार्य निर्देशकको रूपमा रहेको स्थानीय स्वायत्त शासन ऐनअनुसार जारी गरिएको नियमावलीले तोकेबमोजिमको क्षेत्रमा अध्ययन गरिने यस अध्ययनले गाउँ तथा नगरको वस्तुस्थिति सम्बन्धी वस्तुगत रूपमा तथ्यपरक ढङ्गले सङ्कलन गरिएको सूचनाका आधारमा वैज्ञानिक प्रविधिको उपयोग गर्दै वास्तविकतामा आधारित जानकारीहरू समेटी व्यवस्थित रूपमा यथार्थता प्रस्तुत गरी नगरपालिका र अन्य सरोकारवालाहरूलाई अल्पकालिन तथा दीर्घकालिन प्रकृतिका विकास निर्माण एवम् जनचेतनामूलक कार्यक्रमहरूको सञ्चालनमा भरपुर सहयोग पुऱ्याउने छ ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरू निम्नानुसार छन् ।

क) नगरभित्र रहेका सेवा सुविधाहरूको बारेमा जानकारी गराउने ।

ख) नगरपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरूको अवगत गराउने ।

ग) नगरपालिकाको जनसाङ्ख्या तथा विकासात्मक वस्तुस्थिति पहिचान गर्नु ।

घ) नगरपालिकाभित्र बसोवास गर्ने मानिसहरूको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने ।

ङ) नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत, साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने ।

च) नगरपालिकाको वास्तविक र वस्तुगत सूचना सङ्कलन तथा व्यवस्थापनमा सहयोग गर्नु ।

छ) नगरपालिका क्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रियस्तरसम्म सूचनाको उपलब्धता गराई व्यवस्थापनमा सहयोग गर्नु ।

ज) नगरपालिका स्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्नु ।

झ) नगरपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने ।

ञ) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने ।

## १.३ अध्ययनको महत्त्व

स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ मा व्यवस्था भएबमोजिम नगरपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको पार्श्वचित्रले तुलनात्मक मुल्याङ्कनका लागि त्यस ठाउँको वस्तुस्थितिसम्बन्धी जानकारी स्पष्ट हुनु जरुरी छ । विभिन्न स्थानको आवश्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्नका लागि यस अध्ययनले सुन्दर-दुलारी नगरपालिकालाई सहयोग गर्नुका साथै समानुपातिक विकासमा अन्य सरोकारवालाहरूलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ । यसको अतिरिक्त नगर पार्श्वचित्रको यस अध्ययनले सम्बन्धित क्षेत्रका संघ संस्था एवम् अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरूलाई उपयोगी हुने भएकोले यस अध्ययनको महत्त्व रहेको छ ।

## १.४ अध्ययनको औचित्य

स्थानीय आवश्यकता तथा सहभागितामा आधारित विकासात्मक कार्यक्रमलाई प्रोत्साहन गर्न नेपाल सरकारले स्थानीय निकायअन्तर्गत नगरपालिकाहरूलाई दिँदै आएको अनुदानहरूमा क्रमश बृद्धि गर्दै लगेको देखिन्छ । विकास खर्च थप गर्नुका साथै नेपाल सरकारले नगरपालिकाहरूको न्यूनतम शर्त मापनका सूचकहरू पनि निर्धारण गरेको छ । ती सूचकहरूमध्ये हरेक नगरपालिकाले आ-आफ्नो क्षेत्रको वस्तुगत विवरणमा आधाारित Municipality Profile तयार गर्नु एक हो । भौतिक विकासका दृष्टिले कमजोर स्थिति रहेको नेपालको सन्दर्भमा यस प्रकारको कार्यले विशेष महत्त्व राख्ने हुँदा नविन रहेता पनि यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा नगरपालिकाले उपलब्ध श्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरूको तर्जुमा, कार्यन्वयन एवम् अनुगमन मूल्याङ्कनका निम्ति मार्गदर्शकको काम गर्ने हुनाले यो अध्ययनको औचित्य रहन्छ ।

## १.५ अध्ययन विधि

अध्ययनको क्रममा के-कस्ता तरिका र साधनहरूको प्रयोग गरियो त्यसलाई अध्ययन विधिमा उल्लेख गरिएको छ। नगर पार्श्वचित्रका तयारीका विधिहरू निम्नानुसार छन्।

१. यसमा विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरूबाट उपलब्ध तथ्याङ्कहरू समावेश गरिएका छन्।

२. राष्ट्रिय जनगणना, विभिन्न सर्वेक्षण आदिका नतिजाहरू समावेश गरिएको छ।


३. यस अध्ययन प्रतिवेदनमा तथ्याङ्कको विश्लेषणका क्रममा बिभिन्न तालिकाहरू तथा चित्रहरूको प्रयोग गरि बर्णनात्मक तथा तुलनात्मक रूपमा बिश्लेषण गरिएको छ।

## १.६ अध्ययनका सीमाहरू


राष्ट्रिय योजना आयोग र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरेबमोजिम नगर पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्याङ्कहरूको स्रोत र आधार वर्ष खुलाईएको छ। नगरका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय, विभागहरू, सम्बन्धित नगरपालिका आदि स्रोतहरूबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ। यस डकुमेन्टले सुन्दर-दुलारी नगरपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवम् स्पष्ट रूपमा दिन्छ। अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ। तैपनि स्रोत, साधन तथा समयको परिधिले यस अध्ययनलाई पनि केही सीमिततामा बाँधिएको छ। यस अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकताअनुसार तथ्याङ्क सङ्कलन गरिएको छ।

# खण्ड २ : सुन्दरदुलारी नगरपालिकाको परिचय

## २.१ नगरपालिकाको संक्षिप्त परिचय



मोरङ जिल्लाको सदरमुकाम बिराटनगरदेखि करिब २५ कि.मि. उत्तरपश्चिममा अवस्थित सुन्दरदुलारी नगरपालिकाको पूर्वमा कोशीहरैचा नगरपालिका, उत्तरमा चारकोशे झाडीसँगै केराबारी गा.वि.स., पश्चिममा सुनसरी जिल्लाको इटहरी उपमहानगरपालिका र दक्षिणमा शिसवनीबडहरा गा.वि.स.सँग सिमाना जोडिएको छ। भौगोलिक अवस्थितिमा २६° ६४' २२" उत्तरी अक्षांशदेखि २६° ९९' २४" उत्तरी अक्षांशसम्म र ८७° १८' २५" पूर्वी देशान्तरदेखि ८७° ३२' २८" पूर्वी देशान्तरसम्म फैलिएको छ। समुन्द्र सतहदेखि सरदर ११२ मिटर उचाइमा अवस्थित यो नगरपालिका समथर तराई क्षेत्रमा पर्दछ। यस नगरपालिकाको कुल क्षेत्रफल ४५.८७ वर्ग कि. मि. रहेको छ भने सरदर लम्बाई ६.४३ कि.मि. रहेको छ। नगरपालिकाभित्र रमणीय हसिना सिमसार एवम् बृद्धगंगाको किनारमा रहेका नयाँ वृन्द्रावन गौशाला लगायत विभिन्न धार्मिक स्थल तथा अवलोकन गर्न लायक कृषि पशुपालन क्षेत्रले सबैलाई मनमोहक तुल्याउन सक्ने देखिन्छ। यस नगरक्षेत्र भएर बग्ने बुढीगंगा नदी र गछिया खोलाले यस नगरपालिकाको सिचाई र आम्दानीको स्रोतवृद्धिका लागि सहयोग पुर्‍याएका छन्। यस नगरपालिकाको मध्यभागमा पर्ने विश्वविद्यालय क्षेत्र लगायतका स्थानहरू उत्तिकै रूपमा विकसित बजारमा परिणत हुँदै गएका छन्। यस नगरपालिका भित्र करिव ४३ किसिमका विभिन्न जातजाति, भाषाभाषीहरूको समिश्रण रहेतापनि एक अर्कामा सुमधुर सम्बन्ध रहेको र शान्त बसोबास स्थलको रूपमा परिणत हुँदै गएको छ भने कला, साहित्य, संस्कृति, शिक्षा, स्वास्थ्य, लगायत क्षेत्रमा अब्बल शहरको रूपमा रहँदै आर्थिक र सामाजिक सूचकाङ्कमा पूर्वाञ्चलको नमुना नगरपालिका बन्न प्रयासरत रहेको छ। विकासका प्रशस्त सम्भावनाहरू बोकेको यस नगरपालिका आफूलाई पूर्ण खोप युक्त नगरपालिका रूपमा घोषणा गर्न सफल भएको र खुला दिसा मुक्त नगरपालिका घोषणा हुने अन्तिम चरणमा पुगेको साथै वातावरण मैत्री, बालमैत्री र पूर्ण साक्षर नगरपालिका हुने गन्तब्यतर्फ अघि बढिरहेको छ।




नगरपालिकाको अधिकांश क्षेत्र खेतीयोग्य तथा अति उर्भर जमीनले ओगटेको भए पनि पछिल्ला वर्षहरूमा सहरीकरणको प्रभावले जग्गा टुक्रिने क्रम बढेको छ। जंगल तथा जलाधार क्षेत्रको कमी नभएको यस नगरपालिकामा सानाठूला गरी आधा दर्जनभन्दा बढी खोला/नदी बग्ने गरेका छन्। पूर्व-पश्चिम राजमार्गले मध्यभागबाट उत्तर दक्षिणमा विभाजन गरेको छ।


मोरङ जिल्लाको निर्वाचन क्षेत्र नं. ८ मा अवस्थित यस नगरमा ११ ओटा वडाहरू रहेका छन्। अर्धसहरी क्षेत्रको रूपमा रहेको नगरपालिकामा आर्थिक गतिविधि तिब्ररूपमा वृद्धि हुँदै गरेको देखिन्छ। सुन्दरदुलारीमा व्यापार, उद्योग, कलकारखाना, प्राकृतिक श्रोत तथा सामाजिक महत्त्वका क्षेत्रहरू रहेका छन्। औषत पारिवारिक आम्दानीमा वैदेशिक रोजगारीको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य श्रोतको रूपमा कृषि, सेवा क्षेत्र, व्यापार तथा व्यवसाय रहेका छन्। परम्परागत कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन्। स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम तीब्ररूपमा बढिरहेको छ। यस नगरपालिकामा आधारभूत तहदेखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्थाहरू रहेका छन्। अध्ययनका लागि यस नगरपालिकाका शैक्षिक संस्थाहरूमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गा.वि.स./नगरपालिका तथा जिल्लाबाट समेत आउने गरेका छन्। अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागारिक भने विद्युत उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन्। स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन।

## २.२ माटोको वनावट र उर्वराशक्ति

प्राकृति सम्पदाको हिसाबले यो नगर कृषिको लागि उपयुक्त उर्वर माटो भएको नगरपालिका हो । नगरपालिका क्षेत्रमा उत्पादन हुने प्रमुख खाद्यान्न तथा अन्न बालीमा धान, गहुँ, मकै, जौ, नगदेबालीमा तोरी, आलु, उखु; र दलहन बालीमा मुसुरो, केराउ, चना, भटमास प्रमुख हुन् ।

## २.३ नगरको भू–उपयोग

यस नगरको समग्र भूभाग मध्ये खेतीयोग्य जमिनको क्षेत्र ६७ प्रतिशत छ भने झण्डै १९ प्रतिशत भूभाग वनजंगल तथा झाडीले ढाकेको छ । करिब ९ प्रतिशत भू-भाग चरन क्षेत्र, बाँकी २ प्रतिशत नदीनाला, खोला तथा तालतलैयाहरूले भरिएका छन् । खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । नगर भएर बग्ने गछिया खोला, तेलिया खोला र बुढी खोलाका आसपासका खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ ।




## २.४ हावापानी

मोरङ जिल्लाको हावापानी उष्ण तथा उपोष्ण प्रकारको रहेको छ। जल तथा मौसम विज्ञान विभागको तथ्याङ्कअनुसार वार्षिक वर्षा सरदर १८९२ मिलिलिटर हुने गर्दछ। विषेश गरी जेठ महिनादेखि भदौ महिनासम्म निकै गर्मी हुने यस नगरपालिकामा पुस र माघ महिनामा ज्यादै जाडो हुन्छ। गर्मी याममा यहाँको ताफक्रम अधिकतम ३३.९ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदमा न्युनतम ९.० डिग्री सेल्सियससम्म झर्छ। यस नगरपालिकाको १२ महिनाको औषत तापक्रम र वर्षाको विवरण तलको तालिकामा दिइएको छ।

तालिका नं. १ : मोरङ जिल्लाको मौसमको विवरण

| तापक्रमको विवरण (1981-2010) | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **महिना** | जनवरी | फ्रेवरी | मार्च | एप्रिल | मे | जुन | जुलाई | अगष्ट | सेप्टेम्बर | अक्टुबर | नभेम्बर | डिसेम्बर | वर्ष |
| अधिकतम मापन °C | २२.७ | २६.१ | ३०.९ | ३३.९ | ३३.३ | ३२.९ | ३२.१ | ३२.५ | ३२.१ | ३१.६ | २९.३ | २५.४ | ३०.२ |
| अधिकतम औषत तापक्रम °C | १५.८ | १८.६ | २३.३ | २७.१ | २८.३ | २९.० | २८.८ | २९.२ | २८.४ | २६.४ | २२.३ | १८.० | २४.६ |
| न्यूनतम औषत तापक्रम °C | ९.० | ११.१ | १५.६ | २०.४ | २३.३ | २५.२ | २५.६ | २५.८ | २४.७ | २१.१ | १५.३ | १०.५ | १९.० |
| औषत वर्षा (मि.मि.) | ११.७ | १३.२ | १३.२ | ५३.१ | १८६.० | ३०२.४ | ५३०.८ | ३७८.३ | २९८.८ | ९१.८ | ५.९ | ६.६ | १,८९१.८ |

स्रोत : जल तथा मौसम विज्ञान विभाग

## २.५ नगरपालिकाको ऐतिहासिक पृष्ठभूमि

साविक दुलारी गा.वि.स. विभाजित भई २०३९ सालमा सुन्दरपुर गा.वि.स. र दुलारी गा.वि.स. कायम भएकोमा नेपाल सरकारको मिति २०७१ वैशाख २५ गतेको निर्णयबाट एकिकृत भई सुन्दरदुलारी नगरपालिका भएको हो । ऐतिहासिक कथनका आधारमा मानव बस्ती बस्नु अघि तराईको सम्पूर्ण क्षेत्र घना जंगलले ढाकिएको थियो । वि.सं. २०२१ सालमा भूमिसुधार ऐनले व्यवस्था गरेको जिमिदारी भूमि व्यवस्था सुन्दरपुर मौजाअर्न्तगत हालका मुर्गाटोली, घपटोली गाउँ र बलिया गाउँको केही क्षेत्र पर्दथ्यो । यसैको आधारमा २०३१ सालमा साजीलाला माध्यमिक विद्यालयले "सुन्दुरपुर" भनेर लेख्न थालेको पाइन्छ । खासगरी मृर्गाटोली नामभन्दा सुन्दरपुर भन्ने नाम जनजिब्रोमा सजिलो र राम्रो भएकोले २०३९ सालमा दुलारीबाट अलग भई यो यो गाविसको निर्माण हुँदा "सुन्दरपुर" भनेर नामाकरण भएको मानिन्छ । त्यसै गरी दुलारी गाउँ विकास समिति क्षेत्रपनि पूर्वको प्रवेशद्वारको रूपमा रहेको दुलारी बजार हो । नेपाल सरकारको मिति २०७१ साल बैशाख २५ गतेको निर्णयअनुसार पुन: सुन्दरपुर र दुलारी गा.वि.स. समेटी सुन्दरदुलारी नगरपालिका स्थापना भएको छ ।

## २.६ नगरपालिकाको विकासका सम्भाव्यता र अवसर

नगर क्षेत्रमा रहेका सम्भाव्यता र अवसरअन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार र ताल तलैयामा माछापालन व्यवसाय, आधुनिक कृषि व्यवसायजस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन् ।

समग्रमा सुन्दरदुलारी नगरपालिकाको नगर क्षेत्रमा हेर्दा कृषि पेशा अङ्गाल्ने घर परिवारको संख्या अझै उच्च रहेको छ । नगरमा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफुल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेका छन् । आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन । जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेका छन् ।

नगरमा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ति क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ । जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नुको साथै पुराना परम्परागत कुलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा बस्न लायक जिवन्त स्थानको जोहो गर्न सकिने छ ।

नगरको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपन्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ । जसबाट रोजगार श्रृजना गरी समग्र नगरपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ ।

यस नगरपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा नगरभित्रका विभिन्न इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नुको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ ।

नगरपालिकाका क्षेत्रमा प्राकृतिक सिमसार क्षेत्र भएको र थप केही अन्य ठाउँहरूमा ताल निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र खासगरी भारतबाट आयात हुने माछा प्रतिस्थापन भई स्वदेशकै माछाले बजार लिने सम्भावना रहेकोछ ।

नगरपालिकाको सामुदायिक वन उपभोक्ता समूहहरूलाई सङ्गठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटीको खेती तथा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा यस क्षेत्रको आर्थिक उन्नति गर्न थप टेवा पुग्ने देखिन्छ ।

नगरपालिकाको उत्तर-पश्चिममा अवस्थित हसिना सिमसार मुख्य पर्यटकीय क्षेत्र हो । यस क्षेत्रको प्रवर्द्धन गर्न सकेको खण्डमा निश्चित रूपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ । यसैगरी नगरमा रहेको सामुदायिक वन क्षेत्रभित्र जडिबुटि खेतीको विकास गर्न सकिन्छ । यस्तै प्राकृतिक रूपमा गछिया खोलाको बालुवा तथा ढुङ्गागिट्टी पूर्वाञ्चल क्षेत्रमै उत्कृष्ट मानिन्छ । नगरापलिकाले आफ्नै पहलमा पारदर्शी रूपले स्रोत परिचालन गरेर स्थानीयस्तरमा कर तथा सेवाशुल्क उठाउन सकेमा नगरपालिकाको आन्तरिक आयस्रोतमा मनग्य वृद्धि हुने देखिन्छ ।

यस नगरपालिकामात्र नभई समग्र नेपालमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू सृजना नभएकोले बैदेशिक रोजगारीमा युवाहरूको आकर्षण बढेको देखिन्छ । युवालक्षित सीपमुलक तालिम सञ्चालन गरी युवाहरूलाई रोजगारी सृजना गर्नु पर्ने देखिन्छ । यस्तो हुन सकेमा युवा जनशक्तिलाई स्वदेशमै उपयोग गर्न सकिन्छ । बैदेशिक रोजगारमा जाने भएमा पनि सीपमुलक तालिमले सहयोग गर्ने छ ।

यसका अतिरिक्त सुन्दरदुलारी नगरपालिकाको विकासका लागि विभिन्न सम्भावनाका उपायहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- नगरपालिका क्षेत्रभित्र रहेका नहर मार्फत पानी सिंचाई गरी व्यावसायिक रूपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेख्य वृद्धि हुन सक्छ ।
- स्थानीय कच्ची सडकको स्तरोन्ति गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले यातायातको भरपुर सुविधा लिनुका साथै समग्र नगरपालिकाको सुन्दरतामा वृद्धि हुन सक्छ ।
- तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले व्यावसायिक कृषि उत्पादनलाई जोड दिनु सहज तथा उचित देखिन्छ ।
- हसिना सिमसार हुँदै फोकल्याण्ड टापु भ्रमण तथा होम स्टेको रुपमा विकास गर्दै लैजानु पर्ने देखिन्छ ।

## २.७ नगरपालिकाको चुनौती तथा समस्याहरू

यस सुन्दरदुलारी नगरपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरूलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

- नगरपालिकाको क्षेत्र भित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखाना नहुनु ।
- नगरपालिका क्षेत्रमा खानेपानी तथा सार्वजनिक शौचालयको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु ।
- नगरपालिका क्षेत्रभित्रका धेरै सडकहरू कच्ची तथा कम गुणस्तरको हुनु ।
- कृषियोग्य भूमि भएता पनि व्यावसायिक खेतीको विकास हुन नसक्नु ।
- स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली, २०५६ बमोजिमको कर सङ्कलन गर्न नसकिनु ।
- आयश्रोतको कमिले नगरपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- बढ्दो शहरीकरणलाई व्यवस्थित बनाउन नसक्नु ।
- स्थानीय जनप्रतिनिधिको खाँचो हुनु ।
- कृषियोग्य भूमि खण्डिकृत हुँदै प्रयोग बिहीन हुनु ।
- सुन्दरदुलारीमा खेलकुद स्थान नहुनु ।
- फोहरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउन नसकिनु ।

## २.८ नगरपालिकाको अन्तर सम्बन्ध

नगर-नगर तथा नगर-गाउँको बिच कुनै न कुनै रूपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ । सम्बन्धको प्रकृति र दुरी फरक-फरक हुन सक्छ । मानव विकासको निम्ति विभिन्न स्थानहरूमा आवत जावत गर्नु पर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक नगरले अर्को नगर वा गाविसमा निर्भर रहनु पर्ने हुन्छ । ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावर, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवम् व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन । यस नगरपालिकामा भएको विभिन्न सुविधा प्राप्त गर्न अन्य नगर तथा गाउँबाट आउने गरेको देखिन्छ भने यस नगरबाट पनि विभिन्न सेवा तथा सुविधा प्रयोग गर्न अन्य स्थानहरूमा जाने गरेको देखिन्छ । पहाडी क्षेत्रबाट कृषि र वनजन्य उत्पादनहरू तराई भित्रिने गर्दछन् । तराई क्षेत्र पहाडी जिल्लाहरूको तुलनामा सुविधा सम्पन्न भएकोले बसाईसराई गरी पहाडी क्षेत्रबाट आउनेको संख्या निकै बढी देखिन्छ । भौगोलिक रूपमा एउटै क्षेत्रमा अवस्थित हुँदा हवाई र सडक यातायातको सुविधाका कारणले सुविधा उपलब्ध नगरहरूमा सेवा लिन जाने गर्दछन । मौसमी रोजगारको लागि पहाडबाट तराई झर्ने प्रचलन रहेको देखिन्छ । यी विविध कारणले अन्तर नगरपालिका/गा.वि.स. बिचको सम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ ।

यस नगरपालिकाको छिमेकी जिल्ला सुनसरीको इटहरी र धरानजस्ता शहरहरू तथा अन्य गा.वि.स./नगरपालिका र जिल्ला विकास समितिजस्ता सरकारी निकायहरूसँग राम्रो सम्बन्ध रहेको छ । फलत: यस क्षेत्रको विकासात्मक कृयाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ । त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्बन्ध रहेको छ ।

## २.९ शहरीकरणको स्वरूप

नगरपालिकामा सडक, विद्युत, सञ्चारजस्ता सुविधाहरू रहेका साथै शहरीकरण प्रक्रियाले तिब्र रूप लिएको देखिन्छ । ११ ओटा वडाहरू रहेको यस सुन्दरदुलारी नगरपालिकाका कतिपय वडाहरूमा ग्रामीण विशेषता रहेको पाइन्छ भने कतिपय वडाहरूमा तीब्र शहरीकरण भइरहेको पाइन्छ । वडा नं. ११ र ६ स्थित बाँसबारी चोक, १० र ६ दुलारी चोक, बलिया, वडा नं. २ र ८ स्थित गछिया चोक, वडा नं. १ स्थित गोठ गाउँ, वडा नं. ६ स्थित तिनपैनीमा मुख्य शहरी क्षेत्र विद्यमान छ । त्यस्तै फोकल्याण्ड टापु वडा नं. ५, लोचनी घेरावनी वडा नं. ९, खसाङ्गीनी चोक तथा तामाङ टोल वडा नं. ४, सिक्किमे टोल वडा नं. ५, जुलेवी चोक आदि क्षेत्रमा ग्रामणि विशेषता विद्यमान छ । यी ग्रामीण क्षेत्रहरू नगरका कृषि उत्पादनका प्रमुख क्षेत्रका रूपमा रहेकाछन् । यसका अतिरिक्त अधिकांश वडाका क्षेत्रहरू शहरोन्मुख अवस्थामा रहेको देखिन्छन् । नगरका अधिकांश भू-भागमा आन्तरिक तथा बाह्य बसाइसराइको क्रम तिव्ररूपमा बढिरहेको हुँदा ती स्थानमा व्यवस्थित नगर योजना बनाएर बाटो, खानेपानी, ढल निकास इत्यादिको समयमै विकास गर्नुपर्ने देखिन्छ । आर्थिक वर्ष २०७१/७२ मा सडक निर्माण, ढल व्यवस्थापन, भवन निर्माण धेरै योजना सम्पन्न भैसकेका छन् । आ.व. २०७१/०७२ मा २.४ किलोमिटर कालोपत्रे सडक निर्माण भएको छ भने सबै गरी ७ किलोमिटर सडक ग्राभेल गरी मर्मत गरिसकिएको छ । यसैगरी ५ सय मिटर ढल निर्माण गरिएको छ । नगरपालिका कार्यालय प्रयोजनको लागि नयाँ भवन निर्माण गरी सकेको छ । आदिवासी भवन, आमासमुह भवन, लक्ष्मीनारायण मन्दिर लगायतका संघसंस्थाका भवन निर्माण अघि बढेका छन् । यसका अतिरिक्त २ वटा कल्भर्ट मर्मत गर्ने योजना पनि सम्पन्न भएका छन् । शहरी सुव्यवस्था गर्ने क्रममा विभिन्न कार्यहरू सम्पादन गरिएको छ । आर्थिक वर्ष २०७१/७२ मा लोकमार्ग सडकमा ८२.५ मिटर नछोडिकन व्यापार, व्यवसाय, घर, टहरा, निर्माण सामाग्री तथा पशुपंक्षी राख्नेलाई सचेत गराईएको छ । फोहोरमैला व्यवस्थापनको लागि मुख्य चोक र बजारमा रिंग डस्विन उपलब्ध गराइएको छ । त्यसैगरी सार्वजनिक स्थल वा व्यक्तिगत र धार्मिकस्थलमा जथाभावी चौपाय, पंक्षी छाडा नछोड्न र सुरक्षित स्थानमा लगेर व्यवस्थापन गर्न जानकारी समेत गरिएको छ र सो अनुरूप निर्देशिका निर्माण गरी कार्य अघि बढाइएको छ ।

## २.१० बस्ती विकासमा देखिएका समस्या तथा चुनौतीहरू

बढ्दो जनसंख्या सँगै तीब्र गतिमा विकास भैरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हनु सकेको छैन। बस्तीहरूमा सुविधा बर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल, विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवम् ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन। यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवम् संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ।
- बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवम् निजी रूपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। शहरी बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई सङ्कलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठुला बस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु हाट बराजको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ। खोलानालामा ढल निकास गरी पानी प्रदुषण भइरहेको हुँदा प्रशोधन प्रणालीको विकास हुनुपर्ने देखिन्छ।
- सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवम् कार्यालयहरू बिच समन्वय हुन नसकि पूर्वाधारहरूको दिगो निर्माण हुन सकेका छैनन्। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुनु सकेको छैन।
- यस नगरपालिकाको बैज्ञानिक बसोबास योजनाको आधार तयार गरी व्यवस्थित विकासमा जोड दिनु आवश्यक देखिन्छ। बस्तीहरूको विकासको लागि गुरुयोजना बनाई आवासिय क्षेत्र, व्यावसायिक क्षेत्रहरू, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेलमैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवम् संघसंस्थाहरूको लागि क्षेत्र निर्धारण गर्न जरुरी देखिएको छ।

## २.११ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्त्वका स्थलहरू

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीक बहुधर्म र सामाजिक विविधता एवम् ऐतिहासक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रूपमा सुपरिचित छ। विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटा गाउँको रूपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ। पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ। यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवम् गुणात्मक वृद्धि गर्नु आवश्यक छ।

प्राकृतिक ताल, तलैया, सिमसार क्षेत्र तथा नदीहरू र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरूको भ्रमण हुने गर्दछ । भौगोलिक कालक्रमको इतिहासमा यहाँ बग्ने साना र ठूला नदी, नालाहरू प्रशस्त पोखरी, ताल, तलैयाहरूको निर्माण हुन गएको छ । यहाँ भएका प्रमुख नदी/खोलाहरूमा बुढी खोला, गछियाखोला, भोर्जना खोला, तेलीया खोला, मधावा खोला, हसिना ताल आदि हुन् भने हसिना सिमसार क्षेत्र, नयाँ वृन्द्रावन गौशाला, वृद्धगंगाका सम्पूर्ण क्षेत्र, सामुदायिक वनक्षेत्र रमणिय तथा मुख्य पर्यटकिय स्थलहरू हुन् र राजमार्गसँगैको वडा नं. ११ मा निजीक्षेत्रको गोकुलम् रिसोर्ट पनि रहेको छ । यसका अतिरिक्त नगरमा भएका महत्त्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलहरूको विवरण तल उल्लेख गरिएको छ ।



**हसिना सिमार पर्यटकीय क्षेत्र**

तालिका नं. २ : नगरमा रहेका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरू

| सि.नं. | धार्मिक स्थलको नाम | वडा |
|---|---|---|
| १ | बौद्ध गुम्बा (तामाङ, गुरुङ, चापागाई टोल) | ४ |
| २ | अद्वैट संस्था | ४ (चापागाई टोल) |
| ३ | किराँतेश्वर मन्दिर | ७ |
| ४ | लक्ष्मीनारायण मन्दिर | ८ |
| ५ | शिव पञ्चायन मन्दिर | ११ |
| ६ | गौशाला शिव मन्दिर | ६ |
| ७ | चण्डेश्वर शिवालय | ९ |
| ८ | रणकाली मन्दिर | ८ |

## २.१२ मुख्य चाडपर्वहरू

यस नगरपालिकामा मिश्रित धर्मावलम्बीहरूको बसोबास रहेको छ । नगरमा बसोबास गर्ने विभिन्न जातजातीहरूले आ-आफ्नो धर्म/संस्कृतिअनुसरा विभिन्न चाडपर्वहरू मनाउने गर्दछन् जस्तै - बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ (होली), चैते दशैं, साउने-माघे सक्रान्ति, माघी, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, गोठाले, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष सोह्रश्राद्ध जितीया, सिरुवा (विशेषगरी थारु-खवास), कूल-थानी पूजा, ग्रामथान पूजा, उभौली, उँधौली, चण्डीपूर्णिमा, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरू, ईद, वकरईद, इद-उलफितर, सोभेरात, क्रिशमस डे  आदि ।

## २.१३ सामुदायिक संघसंस्था, क्लव, प्रतिष्ठान तथा समाज

तालिका नं. ३ :  नगरमा भएका मुख्य संघसंस्था, क्लव, प्रतिष्ठान तथा समाजको विवरण

| क्र.सं. | संघसंस्था, क्लव, प्रतिष्ठान तथा समाज | वडा |
|---|---|---|
| १ | मिलिजुली युवा क्लव | ६ |
| २ | भानु साझा पुस्तकालय | ६ |
| ३ | सिग्देल बन्धु प्रतिष्ठान | ११ |
| ४ | सिद्धार्थ युवा क्लब | ४ |
| ५ | थारु कल्याणकारी समाज | ६ |
| ६ | जेष्ठ नागरिक समाज | १० |
| ७ | नेपाल आदिवासी जनजाति महासंघ | ७ |
| ८ | सुन्दर दुलारी खेलकुद क्लब | ७ |
| ९ | संस्थागत टोल विकास संस्थाहरू ६८ वटा | |
| १० | सेवा केन्द्रस्तरीय कार्यालयहरू ४ वटा | |

# खण्ड ३ : तथ्याङ्कको प्रस्तुति तथा विश्लेषण

## ३.१ जनसंख्याको विवरण

राष्ट्रिय जनगणना, २०६८ अनुसार सुन्दरदुलारी नगरपालिकाको जनसंख्या ३२,८३९ जना रहेको छ जस मध्ये पुरुष ४७.०४ प्रतिशत (१५,४४६ जना) र महिला ५२.९६ प्रतिशत (१७,३९३ जना) रहेका छन् । राष्ट्रिय जनगणना, २०६८ अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्य ८८.८ रहेको छ । वार्षिक जनसंख्या वृद्धिदर २.४२ प्रतिशत रहेको छ । जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) करिव ७१५ जना प्रति वर्ग किलोमिटर रहेको छ । यस नगरको कुल जनसंख्या मध्ये १९,७३१ जना (६०.०८ प्रतिशत) १५ देखि ५९ वर्ष उमेर समूहका, १०,११७ जना (३०.८१ प्रतिशत) १४ वर्ष वा सोभन्दा कम उमेरका र २,९९१ जना (९.११ प्रतिशत) ६० वर्ष वा सोभन्दा माथिल्लो उमेर समूहका रहेका छन् । राष्ट्रिय जनगणना, २०६८ अनुसार सुन्दर दुलारी नगरपालिकामा ७,५०८ घरपरिवार रहेका छन् । हाल यस नगरमा प्रति परिवार औषत ४.३७ जना सदस्य रहेको देखिन्छ । नगरको साक्षरता दर ७४.१० प्रतिशत रहेको छ । पछिल्लो राष्ट्रिय जनगणना, २०६८ बमोजिम यस नगरको कुल जनसंख्या मध्ये १.८७ प्रतिशत (६१३ जना) अपाङ्गता भएकाहरू रहेका छन् । जस मध्ये ३३३ जना पुरुष र २८० जना महिला छन् । यही पछिल्लो जनगणना अनुसार यस नगरबाट पुरुष र महिला गरी २,४४० जना विदेश गएका देखिन्छन् । नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ । देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ । नगरमा परिवारको आकार मध्यम देखिन्छ ।

तालिका नं. १ : जनसंख्याको विवरण

| विवरण | सन् २०११ |
|---|---|
| जम्मा जनसंख्या | ३२८३९ |
| पुरुष | १५४४६ |
| महिला | १७३९३ |
| लैंगिक दर | ०.८९ |
| जम्मा घरधुरी | ७५०८ |
| औषत परिवार आकार | ४.३७ |
| ६ वर्ष र सोभन्दा माथिको साक्षरता दर (प्रतिशतमा) | ७४.१० |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | ७१५ |


श्रोत : केन्द्रीय तथ्याङ्क विभाग

## ३.२ लिङ्गअनुसार वडागत जनसंख्याको विवरण

तालिका नं. २ : लिङ्गअनुसार वडागत जनसंख्याको विवरण

| वडा नं. | जम्मा क्षेत्रफल | जनगणना सन् २०११ | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | औषत घरधुरी आकार | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | जनघनत्व |
| १ | ४.७१ | ४.४१ | ८५६ | ३७७७ | १७६४ | २०१३ | ८०१.६ |
| २ | ५.४३ | ४.४४ | ७२८ | ३२३४ | १५२१ | १७१३ | ५९५.५ |
| ३ | ४.२५ | ४.३४ | ४५५ | १९७५ | ९४१ | १०३४ | ४६४.५ |
| ४ | ६.४५ | ४.५७ | ६१५ | २८११ | १३०९ | १५०२ | ४३६ |
| ५ | ५.३५ | ४.४८ | ४४६ | १९९८ | ९६१ | १०३७ | ३७३.६ |
| ६ | ३.४३ | ४.२७ | ९९६ | ४२५७ | १९९१ | २२६६ | १२४२ |
| ७ | २.१३ | ४.१० | ६७२ | २७५४ | १२५३ | १५०१ | १२९४ |
| ८ | २.५५ | ४.२७ | ७८२ | ३३४२ | १५७३ | १७६९ | १३११ |
| ९ | ५.३१ | ४.७३ | ५०९ | २४०७ | ११४९ | १२५८ | ४५३ |
| १० | ३.८२ | ४.४० | ६२५ | २७४९ | १२७८ | १४७१ | ७२०.२ |
| ११ | २.४४ | ४.२९ | ८२४ | ३५३५ | १७०६ | १८२९ | १४४६ |
| जम्मा | ४५.८७ | ४८.३१ | ७५०८ | ३२८३९ | १५४४६ | १७३९३ | ७१५.९ |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११




माथिको तालिकामा ११ वटा वडाहरूको जनसंख्याको विवरण देखाइएको छ । जसमा महिलाको संख्या ५२.९६ प्रतिशत छ भने पुरुषको संख्या ४७.०४ प्रतिशत रहेको देखिन्छ । महिला र पुरुषको जम्मा जनसंख्या ३२,८३९ रहेकोमा यसलाई लैङ्गिकको आधारमा छुट्याएर हेर्दा पुरुषको भन्दा महिलाको जनसंख्या ५.९३ प्रतिशतले बढी रहेको देखिन्छ । समग्र देशको तुलना गर्दा पुरुषको भन्दा महिलाको जनसंख्या बढी रहेको अवस्थामा यस नगरपालिकामा पनि पुरुषको जनसंख्याभन्दा महिलाको जनसंख्या बढी रहेको देखिन्छ । साथै वडागत रूपमा हेर्दा सबैभन्दा बढी जनसंख्या वडा नं. ६ मा ४,२५७ रहेको देखिन्छ भने सबैभन्दा कम वडा नं. ३ मा १९७५ रहेको छ । परिवारको संख्यालाई हेर्दा यस नगरपालिकामा ७,५०८ घरपरिवार रहेकोमा पनि सबैभन्दा बढी वडा नं ६ मा नै ९९६ रहेको र सबैभन्दा कम पनि वडा नं. ३ मा ४५५ रहेको देखिन्छ । यसरी हेर्दा जनसंख्याको आधारमा घरधुरी संख्या पनि समानुपातिक नै रहेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

## ३.३ जनसंख्या बृद्धिदर


वि.सं. २०५८ सालको राष्ट्रिय जनगणना हुँदा सुन्दरपुर र दुलारी अलग-अलग गा.वि.स. थियो। जसअनुसार सुन्दरपुर गा.वि.स.को जनसंख्या १५६१३ र दुलारी गा.वि.स.को जनसंख्या १०२०८ थियो। वि.सं. २०६८ को जनगणनाअनुसार साबिकको सुन्दरपुरको जनसंख्या १८७६५ र दुलारीको १४०७४ (संस्थागत सहित) थियो। जसअनुसार जनसंख्या वृद्धिदर क्रमशः १.८६ प्रतिशत र ३.२३ प्रतिशत हुन्छ। नगरपालिका घोषणा भएपछि दुबै गा.वि.स.को तथ्याङ्कलाई जोडेर निकालिएको जनसंख्या वृद्धिदर २.४२ प्रतिशत हुन आउँछ।

## ३.४ जनसंख्याको उमेरगत संरचना

तालिका नं. ३ : उमेर समूहअनुसार जनसंख्याको विवरण

| उमेर समुह | राष्ट्रिय जनगणना २०६८ | | | |
|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | प्रतिशत |
| ०-४ | १३५५ | १२४८ | २६०३ | ७.९३ |
| ५-९ | १७३८ | १६६४ | ३४०२ | १०.३६ |
| १०-१४ | २१४७ | १९६५ | ४११२ | १२.५२ |
| १५-१९ | १८०३ | १९१९ | ३७२२ | ११.३३ |
| २०-२४ | ११८८ | १७८६ | २९७४ | ९.०६ |
| २५-२९ | ९५२ | १५४३ | २४९५ | ७.६० |
| ३०-३४ | ९६८ | १४४२ | २४१० | ७.३४ |
| ३५-३९ | ९३४ | ११५५ | २०८९ | ६.३६ |
| ४०-४४ | ९०१ | १०५९ | १९६० | ५.९७ |
| ४५-४९ | ७९८ | ८३३ | १६३१ | ४.९७ |
| ५०-५४ | ७०० | ७३० | १४३० | ४.३५ |
| ५५-५९ | ५११ | ५०९ | १०२० | ३.११ |
| ६०-६४ | ५०३ | ५२४ | १०२७ | ३.१३ |
| ६५-६९ | ४०० | ३८८ | ७८८ | २.४० |
| ७०-७४ | २४९ | २७९ | ५२८ | १.६१ |
| ७५-७९ | १५६ | १७१ | ३२७ | १.०० |
| ८०-८४ | ८४ | ९५ | १७९ | ०.५५ |
| ८५-८९ | ४२ | ५५ | ९७ | ०.३० |
| ९०-९४ | १३ | २१ | ३४ | ०.१० |
| ९५+ | ४ | ७ | ११ | ०.०३ |
| **जम्मा** | १५४४६ | १७३९३ | ३२८३९ | १००.०० |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११




यस तालिकामा राष्ट्रिय जनगणना २०६८ अनुसार नगरमा बसोबास गर्ने विभिन्न उमेर समूहका मानिसहरूको विवरण उल्लेख गरिएको छ। जसमा ०-१४ वर्ष उमेर समूहको संख्या ३०.८१ प्रतिशत, १५-४४ वर्ष उमेर समूहको जनसंख्या ४७.६६ प्रतिशत रहेको देखिन्छ। यसैगरी काम गर्ने उमेर १५ देखि ५९ वर्षसम्मको जनसंख्या ६०.०८ प्रतिशत रहेको छ। लिङ्गको आधारमा हेर्दा महिलाको जनसंख्या ५२.९६ प्रतिशत र पुरुषको जनसंख्या ४७.०४ प्रतिशत छ। यसप्रकार पुरुष र महिलाको जनसंख्याको अन्तर ५.९२ प्रतिशत देखिन्छ। लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्य ८८.८ रहेको छ। ६० वर्षभन्दामाथि उमेर समूहको जनसंख्या ९.११ प्रतिशत रहेको छ। तथ्याङ्कले नगरमा मानव स्रोतको सम्भावना प्रशस्तमात्रामा रहेको तथ्यलाई देखाउँछ। जसको विस्तृत विवरण माथिको तालिकामा प्रस्तुत गरिएको छ।

## ३.५ घरमूलीको लैङ्गिक विवरण

तालिका नं. ४ : घरमुलीको लैङ्गिक विवरण

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ५७८ | ५२६ | ३०१ | ४२१ | ३३४ | ७२८ | ४४० | ५३७ | ४१२ | ४५३ | ६१७ | ५३४७ |
| महिला | २७८ | २०२ | १५४ | १९४ | ११२ | २६८ | २३२ | २४६ | ९७ | १७२ | २०७ | २१६२ |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

सन् २०११ को केन्द्रीय तथ्याङ्क विभागको जनगणनाअनुसार जम्मा ७५०८ घरधुरी संख्या रहेको यस नगरपालिकामा ७१.२१ प्रतिशत घरधुरीमा पुरुष घरमुली छन् महिलाहरू घरमुली भएको घरधुरी २८.७९ प्रतिशत रहेको देखिन्छ। यो अवस्था समग्र देशको अवस्थासँग मिल्दोजुल्दो नै देखिन्छ। लैङ्गिक आधारमा घरमुलीको संख्या पुरुष र महिला बीच ठूलो अन्तर देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ३.६ उमेर समुहअनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

कुनै पनि देशले विवाहका लागि कानुनमै न्युनतम उमेर तोकेको हुन्छ। उक्त उमेर नपुग्दै विवाह गरिन्छ भने त्यसलाई बालविवाहको रूपमा तथा कम उमेरमा गरेको विवाहका रूपमा लिने गरिन्छ। नेपालमा मुलुकी ऐन, (एघारौं संशोधन २०५८) २०२० ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको मञ्जुरी नभए बिस वर्ष नपुगी विवाहवारी गर्न नहुने व्यवस्था गरेको छ। वर्तमान समयमा शिक्षाको प्रचारप्रसारका कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिबृद्धि हुँदै आएको कारण बालविवाहको चलन घट्दै गइरहेको पाइन्छ। तापनि अझै केही क्षेत्रहरूमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ। साथै पछिल्लो क्रममा इन्टरनेट, टेलिभिजन र मोवाइलमा बालबालिकाको पहूँच बृद्धि भई दुरूपयोग बढेर आफुखुसी बालविवाह गरेका घटनाहरू पनि सुन्नमा आउन थालेका छन्।

राष्ट्रिय जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षण अनुसार बाल विवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रूपमा बढ्दै गएको देखिन्छ। प्लान नेपाल लगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरहरूले बाल विवाह गरेको देखिन्छ। जुन २०६८ को जनसाङ्खिक तथा स्वास्त्य सर्भेक्षणभन्दा घट्दो क्रममा देखिन्छ।


## ३.७ पहिलो विवाह गर्दाको उमेरको विवरण

तालिका नं. ५ : पहिलो विवाह गर्दाको उमेरको विवरण

| लिङ्ग | १० वर्षसम्म | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष | ५० भन्दा माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ६० | २१२ | १६०३ | २२८५ | १३१० | ३६३ | ८५ | २२ | ८ | ० | ५९४८ |
| महिला | २६८ | १०९१ | ४६५२ | २३६० | ३९७ | ८६ | २१ | ५ | ५ | ० | ८८८५ |
| जम्मा | ३२८ | १३०३ | ६२५५ | ४६४५ | १७०७ | ४४९ | १०६ | २७ | १३ | ० | १४८३३ |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

माथिको तालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ। नगरमा १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूहमा विवाह गर्नेको संख्या सबैभन्दा बढी ४२.१७ प्रतिशत देखिन्छ भने त्यसपछि २० वर्षदेखि २४ वर्षसम्मको उमेर समूहको संख्या ३१.३२ प्रतिशत देखिन्छ। १० देखि १४ वर्ष उमेरसमूहको बालबालिकाको पनि पहिलो विवाह गर्दाको जनसंख्या ८.७८ प्रतिशत रहेको देखिन्छ। नगरमा अझै पनि गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामा नै विवाह गरिदिने चलन रहेको देखिन्छ। जसलाई उचित शिक्षा तथा चेतनामूलक कार्यक्रमको प्रचार प्रसार गरी नियन्त्रण गर्नु पर्ने देखिन्छ।



## ३.८ लैङ्गिक आधारमा वडागत वैवाहिक स्थिति


बैबाहिक स्थिति भन्नाले बिबाह गरेका, बिबाह गरेर पनि सम्वन्ध विच्छेद भएका साथै श्रीमान वा श्रीमती गुमाएर एकल भई बसेको अवस्थलाई जनाउँछ। यस्ता अवस्थाहरूलाई आधार मानेर सुन्दर दुलारी नगरपालिकामा भएका जनसंख्याहरूमध्ये १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका व्यक्तिहरूको बैवाहिक अवस्थालाई वडागतरूपमा तलको तालिकाबाट प्रस्ट्याउने प्रयास गरिएको छ।

तालिका नं. ६ : १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको लैङ्गिक आधारमा वडागत वैवाहिक स्थिति

| वडा नं. | कहिल्यै विवाह नभएको | | एक विवाह | | बहु विवाह भएको | | पुन: विवाह भएको | | विधवा/विधुर | | पारपाचुके भएको | | छुट्टिएको | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| १ | ६०३ | ४९२ | ६८२ | १०३५ | ३७ | ५ | ४६ | १७ | ३२ | ११४ | ० | ० | ७ | १४ | १४०७ | १६७७ |
| २ | ४७६ | ४२१ | ६४० | ८७४ | ५६ | १० | १६ | ७ | २० | ८३ | ० | १ | ३ | ५ | १२११ | १४०१ |
| ३ | २९८ | २३४ | ३६४ | ५१३ | ३४ | १० | ४ | २ | १४ | ६२ | ० | ० | १ | २ | ७१५ | ८२३ |
| ४ | ४०६ | ३७३ | ५४१ | ७९८ | ४३ | ८ | ३३ | १० | १९ | ७३ | ३ | १ | ० | २ | १०४५ | १२६५ |
| ५ | २९३ | २३९ | ४४७ | ५८८ | १२ | २ | ० | १ | ११ | २४ | १ | ० | १ | १ | ७६५ | ८५५ |
| ६ | ६२४ | ५५० | ९३६ | १२९५ | ४८ | ९ | १७ | ९ | ४ | ३१ | १ | १ | ० | ० | १६३० | १८९५ |
| ७ | ३८४ | ३६० | ६०० | ८२५ | २२ | ७ | ७ | २ | १३ | ६१ | ० | ३ | ३ | ४ | १०२९ | १२६२ |
| ८ | ४८८ | ४५३ | ६३९ | ९०० | ३९ | ८ | ३८ | ११ | २० | ८० | ० | ० | ४ | १३ | १२२८ | १४६५ |
| ९ | ३२५ | २९६ | ४९० | ६३७ | ४२ | १२ | २२ | १९ | २० | ५९ | २ | ३ | ० | ३ | ९०१ | १०२९ |
| १० | ४३७ | ३९९ | ५३३ | ७६१ | ५१ | १८ | ४ | १ | १७ | ७३ | १ | २ | २ | ६ | १०४५ | १२६० |
| ११ | ५५२ | ४७५ | ७२३ | ९९८ | ४९ | ५ | ४१ | २३ | ११ | ४७ | १ | ० | ० | १ | १३७७ | १५४९ |
| जम्मा | ४८८६ | ४२९२ | ६५९५ | ९२२४ | ४३३ | ९४ | २२८ | १०२ | १८१ | ७०७ | ९ | ११ | २१ | ५१ | १२३५३ | १४४८१ |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

माथिको तालिकालाई हेर्दा यस नगरपालिकाका सम्पूर्ण १० वर्ष वा सो उमेर समुहभन्दा माथिको उमेर समुहमा गरिएको अध्ययन अनुसार जम्मा २६,८३४ व्यक्तिहरू मध्ये ६५.८० प्रतिशत व्यक्तिहरू विबाहित र बाँकी ३४.२० प्रतिशत अविवाहित छन्। विवाहित पुरुषभन्दा महिलाको संख्या ९.९१ प्रतिशतले बढी देखिएको छ। कुल संख्याको ५८.९५ प्रतिशत एक विवाह गर्ने, बहु विवाह गर्ने १.९६ प्रतिशत र पुन: विवाह गर्ने १.२३ प्रतिशत छन्। नगरमा एक विवाह गर्ने महिलाको संख्या एक विवाह गर्ने पुरुषको भन्दा १०.३१ प्रतिशतले बढी रहेको छ भने बहु विवाह गर्ने पुरुषको संख्या बहु विवाह गर्ने महिलाको संख्याभन्दा २.८६ प्रतिशतले बढी रहेको देखिन्छ। विवाह गरेर पनि सम्वन्ध विच्छेद गरेका थोरै ०.०७ प्रतिशत रहेको छ। विधुवा/विधुरको संख्या पनि कुल संख्याको ३.३१ प्रतिशत र छुट्टिएका ०.२७ प्रतिशत रहेका छन्। यो तथ्याङ्क पनि समग्र देशको राष्ट्रिय तथ्याङ्कसँग मेल खाएको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।



## ३.९ मातृभाषाअनुसार जनसंख्या विवरण

तालिका नं. ७ : मातृभाषाअनुसार जनसंख्या विवरण


| क्र.स. | भाषा | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | २०२३२ | ६१.६१ |
| २ | मैथिली | १०७१ | ३.२६ |
| ३ | भोजपुरी | ११३ | ०.३४ |
| ४ | थारु | ४४८१ | १३.६५ |
| ५ | तामाङ | १०८५ | ३.३० |
| ६ | नेवार | ६९२ | २.११ |
| ७ | मगर | ५२२ | १.५९ |
| ८ | वान्तवा | १५१ | ०.४६ |
| ९ | गुरुङ | ४७१ | १.४३ |
| १० | लिम्बू | ९१५ | २.७९ |
| ११ | उर्दू | ६७ | ०.२० |
| १२ | उरन्वा | ८१९ | २.४९ |
| १३ | बङ्गला | ७१ | ०.२२ |
| १४ | याक्खा | ८८ | ०.२७ |
| १५ | भुजेल | ५७ | ०.१७ |
| १६ | याम्फू | १६६ | ०.५१ |
| १७ | लोरुङ | ५९ | ०.१८ |
| १८ | राई | १३३७ | ४.०७ |
| १९ | अन्य | ३६० | १.१० |
| २० | उल्लेख नगरिएको | ८२ | ०.२५ |
| | जम्मा | ३२८३९ | १००.०० |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

यस नगरमा अक्सर बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरू जसमा विविधता रहेको पाइन्छ। मातृ भाषा बोल्नेहरूको जनसंख्या हेर्दा सबै आ-आफ्ना मातृभाषा बोल्नेहरूले समेत सरकारी भाषाको रूपमा नेपाली भाषालाई राम्ररी बोल्ने र बुझ्ने गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।

## ३.१० नगरमा बसोबास गर्ने जातजाती सम्बन्धी विवरण

नगरपालिका सामाजिन संरचनाको दृष्टिकोणबाट बढो विविधतायुक्त रहेको पाईन्छ। पछिल्लो जनगणना अनुसार यस नगरपालिकामा ४३ ओटा जात/जातिको बसोबास रहेको पाईन्छ भने करिव १२३ भन्दा बढी मातृभाषाभाषीहरू बोलिने गरिएको देखिन्छ।



नेपाल बहुभाषी, बहुधर्मिक र बहु जातीय मुलुक हो। यहाँ विभिन्न जातजाति, भाषाभाषीहरूको बसोबास रहेको छ। यस सुन्दरदुलारी नगरपालिकामा पनि धेरै जातजातिहरूको बसोबास रहेको पाइन्छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरमा बसोबास गर्दै आएका विभिन्न जातजातिहरूको विवरणलाई तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. १: जातजाती समुहको जनसंख्याको विवरण

| क्र.सं. | जातजाती | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ब्राह्मण (पहाडी) | ७५०७ | २२.८६ |
| २ | क्षेत्री | ५०६९ | १५.४४ |
| ३ | थारु | ४८३० | १४.७१ |
| ४ | राई | २६८४ | ८.१७ |
| ५ | तामङ | १७६२ | ५.३७ |
| ६ | नेवार | १५२० | ४.६३ |
| ७ | कामी | १४७६ | ४.४९ |
| ८ | लिम्बू | १३१४ | ४.०० |
| ९ | दमाई | ९२७ | २.८२ |
| १० | मगर | ८७२ | २.६६ |
| ११ | गुरुङ | ७६९ | २.३४ |
| १२ | अन्य | ४१०९ | १२.५१ |
| | जम्मा | ३२८३९ | १००.० |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

माथिको तालिकाको तथ्याङ्कलाई हेर्दा यस नगरपालिकामा सबैभन्दा बढी ब्राह्मण जाती कुल ३२८३९ जनसंख्याको २२.८६ प्रतिशत रहेको देखिन्छ। दोस्रो स्थानमा क्षेत्री १५.४४ प्रतिशत र तेस्रोमा थारु १४.७१ प्रतिशत रहेको पाइन्छ। त्यस्तै,राई ८.१७ प्रतिशत, तामाङ ५.३७ प्रतिशत, नेवार ४.६३ प्रतिशत, कामी ४.४९ प्रतिशत, लिम्बु ४.०० प्रतिशत, दर्मा २.८२ प्रतिशत, मगर २.६६ प्रतिशत र गुरुङ २.३४ प्रतिशत रहेको छ। यसरी देशको समग्र तथ्याङ्कलाई हेर्दा पहिलो स्थानमा क्षेत्री र दोस्रो स्थानमा ब्राम्हण रहेको अवस्थामा यस नगरपालिकाको तथ्याङ्कले पहिलो स्थानमा ब्राह्मण र दोस्रो स्थानमा क्षेत्री रहेको देखाउँछ।

## आदिवासी


यस नगरको कुल जनसंख्या ३२,८३९ मध्ये १४.७१ प्रतिशत ( ४,८३० जना) जनसंख्या आदिवासी थारु जातिको रहेको छ। मुख्यत: कृषि पेशामा संलग्न यो समुदायमा साक्षरता प्रतिशत ज्यादै न्युन रहेको छ। एकातर्फ बाल विवाह, बच्चा जन्मनु पूर्व नै मगनी गर्ने विवाह, गुरुवा (धामी, झाक्री) प्रथा जस्ता सामाजिक प्रथाहरू यस समुदायमा हालसम्म आंशिक रूपमा भएपनि कायमै रहेको पाइन्छ भने अर्कातर्फ थारुहरूको आफ्नो मौलिक संस्कृतिलाई भने यस समुदायले अद्यावधि बचाई राखेको पाइन्छ। सुन्दर दुलारी नगरपालिकाको वडा नं. ६ मा २८.०९ प्रतिशत र वडा नं. १० मा ४०.५२ प्रतिशत थारुहरूको बसोबास रहेकोले ती वडाहरूलाई थारुहरूको मौलिक संस्कृतिको जिवन्त नमुनाग्रमको रूपमा देखिन पुगेको छ। यस समुदायबाट जनप्रतिनिधिको रूपमा हाल निर्णायक तहमा न्युन सहभागिता देखिएको छ। सुन्ददुलारी नगरको विकास निर्माणमा हात पाखुरी चलाउदै आएको यो समुदाय अहिले आएर सामाजिक, राजनैतिक र आर्थिक विकासको दृष्टिकोणले समेत तुलनात्मक रुपमा पिछडीएको अवस्थामा रहेको छ। नगरको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष पहल गर्नु पर्ने अवस्था देखिन्छ। यस समुदायमाथि विशेष ध्यान दिनु आवश्यक देखिन्छ।

### उत्पीडित समुदाय

जात जातिको हिसावले सुन्दर दुलारी नगरपालिकामा ठुलो समुदायको रूपमा रहेको उत्पीडितहरूले ७.३१ प्रतिशत हिस्सा ओगटेको छ। सामाजिक विभेदका रूपमा छुवाछुत जस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनितिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ। यस समुदायका प्रा.वि., निमावि, र मा.वि.मा अध्ययन छात्र छात्राहरूको संख्या भने तुलनात्मक रूपमा कम रहेको छ। परम्परागत शिल्प र विभिन्न कलाको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। मुलुकी ऐन २०२० को कानुनी व्यवस्था अन्तर्गत जातिय छुवाछुतलाई कानुनी अपराधको रूपमा परिभाषित गरिएको झण्डै ५ दशक हुन लाग्दा सुन्दर दुलारी नगरपालिकामा उत्पीडित र उपेक्षित समुदायले अद्यापि छुवाछुतको समस्या झेल्नु परेको देखिन्छ। निजामती सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्युन छ। त्यसै गरी राजनितिक क्षेत्रमा २०४६ साल यता यो समुदायले आफ्ना सामुदायिक सङ्गठनहरू समेत निर्माण गरेको पाइन्छ। राजनितिक नेतृत्वमा भने सीमित व्यक्तिहरूमात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रूपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। नगरको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ।

## ३.११ धर्मअनुसार जनसङ्ख्याको विवरण

धार्मिक दृष्टिकोणले हेर्दा यस नगरपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन्। २०६८ को जनगणना अनुसार माथिको तालिकालाई हेर्दा ८३.४३ प्रतिशत यस नगरपालिकाका घरमुलीहरूले हिन्दु धर्म मान्ने गरेको देखिन्छ भने त्यसपछि दोस्रोमा बौद्ध धर्म मान्ने ७.४२ प्रतिशत र तेस्रोमा किराँत धर्म मान्ने ७.०३ प्रतिशत साथै सबैभन्दा कम इस्लाम, प्रकृति, बहाई र बोन धर्म मान्नेहरू समग्र घरपरिवार संख्याको तुलनात्मक रूपमा अत्यन्त कम देखिन्छन्। यस नगरपालिकाका धेरैजसो मानिसहरूले आफ्नो सनातन हिन्दु धर्म मान्ने र सोही अनुसारका चाडपर्वहरू जस्तै, दशैं, तिहासर, छठ, माघी, होली आदि मनाउने गर्दछन् भने अन्य धर्मावलम्बीहरूले ल्होसार, बुद्धजयन्ती, चण्डी पर्व आदि जस्ता चाडपर्वहरू मनाउने गर्दछन्। यो तथ्याङ्कलाई हेर्दा समग्र राष्ट्रको तथ्याङ्कअनुसारको धर्मको अवस्था जस्तै देखिन्छ र यसबाट पनि राष्ट्रिय तथ्याङ्कको विश्वसनियतालाई थप विश्वासिलो बनाउन सघाउ पुग्ने देखिन्छ। यी विविध तथ्यबाट यस नगरपालिकामा धार्मिक रूपले बढी विविधतायुक्त रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




तालिका नं. ८ : धर्मअनुसार जनसंख्याको विवरण

| जनगणना वर्ष | हिन्दु | बौद्ध | इस्लाम | किराँत | क्रिश्चियन | बहाई | बोन | प्रकृति | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०११ | २७३९८ | २४३८ | १५७ | २३०८ | ४४९ | ७ | १४ | ४३ | २५ | ३२८३९ |
| प्रतिशत | ८३.४३ | ७.४२ | ०.४८ | ७.०३ | १.३७ | ०.०२ | ०.०४ | ०.१३ | ०.०८ | १००.०० |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११


## ३.१२ वडाअनुसार परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

तालिका नं. ३.११ : परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | जम्मा घरधुरी | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| निजी | ७५५ | ६६० | ४४२ | ५४७ | ४३० | ८३० | ५८९ | ६३७ | ४७२ | ५६२ | ७०१ | ६६२५ | ८८.२४ |
| भाडा | ८५ | ५३ | ९ | ३५ | ४ | १३६ | ५५ | १११ | १० | ५४ | ११० | ६६२ | ८.८२ |
| संस्थागत | ५ | ४ | १ | ० | ० | ३ | ४ | १ | ० | २ | ० | २० | ०.२७ |
| अन्य | ११ | ११ | ३ | ३३ | १२ | २७ | २४ | ३३ | २७ | ७ | १३ | २०१ | २.६८ |
| जम्मा घरधुरी | ८५६ | ७२८ | ४५५ | ६१५ | ४४६ | ९९६ | ६७२ | ७८२ | ५०९ | ६२५ | ८२४ | ७५०८ | १००.०० |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

**घरको स्वामित्वको विवरण**




यस तालिकामा जम्मा घरधुरी ७५०८ मध्ये परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। जसमा आफ्नो स्वामित्वमा रहेको घरधुरी संख्या ६६२५ अर्थात् ८८.२४ प्रतिशत, भाडामा बस्ने परिवारको संख्या ६६२ अर्थात ८.८२ प्रतिशत, संस्थागत घरधुरी २० अर्थात ०.२७ प्रतिशत र अन्य घरधुरीको संख्या २०१ अर्थात् २.६८ प्रतिशत रहेका छन्। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।


## ३.१३ घरमा महिलाको स्वामित्वको विवरण

तालिका नं. ९ : घरमा महिलाको स्वामित्वको विवरण

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | जम्मा घरधुरी | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भएको | २०४ | ११८ | २६ | १२१ | ३५ | २७७ | ५८ | १७३ | ६७ | ११७ | १९५ | १३९१ | १८.५३ |
| नभएको | ६४८ | ६०९ | ४२९ | ४८८ | ४०९ | ७१४ | ६०९ | ६०८ | ४३६ | ५०८ | ६२९ | ६०८७ | ८१.०७ |
| उल्लेख नगरिएको | ४ | १ | ० | ६ | २ | ५ | ५ | १ | ६ | ० | ० | ३० | ०.४० |
| जम्मा घरधुरी | ८५६ | ७२८ | ४५५ | ६१५ | ४४६ | ९९६ | ६७२ | ७८२ | ५०९ | ६२५ | ८२४ | ७५०८ | १०० |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

यस सुन्दरदुलारी नगरपालिकामा बसोबास गर्ने परिवारमा उनीहरूको घरमा महिलाको स्वामित्व भएको तथा नभएको कुरालाई देख्न सक्छौं। यसमा उनीहरूको घरमा महिलाको स्वामित्व भएको भन्ने शिर्षकमा १३९१ परिवार रहेको छ भने स्वामित्व नभएको भन्ने शिर्षकमा ६०८७ परिवार र उल्लेख नगरिएकोमा ३० परिवार रहेको पाइन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




यस नगरपालिकामा लैङ्गिक आधारमा घरमा महिलाको स्वामित्व पुरुषको तुलनामा अत्यन्तै कम रहेको देखिन्छ। यस्तो खालको अन्तरलाई कम गर्न नगरले विशेष खालका कार्यक्रमहरू ल्याउनु पर्ने तथा जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ।


## ३.१४ जमिनमा महिलाको स्वामित्व भएको

तालिका नं. १० : जमिनमा महिलाको स्वामित्व भएको

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | जम्मा घरधुरी | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भएको | ३१७ | १९४ | ९४ | २०५ | ९३ | ४१७ | १३७ | ३१० | ६७ | २३२ | ३५१ | २४१७ | ३२।१९ |
| नभएको | ५३५ | ५३३ | ३६१ | ४०४ | ३५१ | ५७४ | ५३० | ४७१ | ४३६ | ३९३ | ४७३ | ५०६१ | ६७।४१ |
| उल्लेख नगरिएको | ४ | १ | ० | ६ | २ | ५ | ५ | १ | ६ | ० | ० | ३० | ०।४० |
| जम्मा घरधुरी | ८५६ | ७२८ | ४५५ | ६१५ | ४४६ | ९९६ | ६७२ | ७८२ | ५०९ | ६२५ | ८२४ | ७५०८ | १००।०० |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

यस सुन्दर दुलारी नगरपालिकामा बसोबास गर्ने परिवारमा जमिनमा महिलाको स्वामित्वको विवरण देखाइएको छ । यसमा उनीहरूको घरमा महिलाको स्वामित्व भएको भन्ने शिर्षकमा २४१७ परिवार रहेको छ भने स्वामित्व नभएको भन्ने शिर्षकमा ५०६१ परिवार र उल्लेख नगरिएकोमा ३० परिवार रहेको पाइन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




लैङ्गिक आधारमा जग्गाको स्वामित्व पुरुषको तुलनामा महिलाको अत्यन्त कम देखिन्छ। यस ठूलो अन्तरलाई कम गर्न विशेष खालका कार्यक्रमहरू ल्याउनु पर्ने देखिन्छ।


## ३.१५ जगको आधारमा घरको बनोटको विवरण

तालिका नं. ११ : जगको आधारमा घरको बनोटको विवरण

| वडा नं. | घरको अवस्था | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | माटोको जोडाइ भएको ईँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईँटा/ढुंगा | ढलान पिल्लरसहितको | काठको खम्बा गाडेको | अन्य | उल्लेख नगरिएको | |
| १ | ८ | १७२ | २०३ | ३६८ | १०४ | १ | ८५६ |
| २ | १४५ | २४९ | ४७ | २६५ | १६ | ६ | ७२८ |
| ३ | ७ | १०० | १७ | २४२ | ८९ | ० | ४५५ |
| ४ | ० | ४८ | ६५ | ४७६ | २४ | २ | ६१५ |
| ५ | १ | १२ | १९ | ४१० | ३ | १ | ४४६ |
| ६ | १०२ | २४२ | २४७ | ३३६ | २० | ४९ | ९९६ |
| ७ | १४ | १३६ | १६२ | २९९ | ५० | ११ | ६७२ |
| ८ | ८५ | ३४९ | ६१ | १८६ | १०१ | ० | ७८२ |
| ९ | १०१ | १५१ | १ | २२२ | ३४ | ० | ५०९ |
| १० | ६६ | ३४२ | १५ | ११६ | ८६ | ० | ६२५ |
| ११ | ४३ | ४२६ | ८० | २०३ | ७१ | १ | ८२४ |
| जम्मा | ५७२ | २२२७ | ९१७ | ३१२३ | ५९८ | ७१ | ७५०८ |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

यस नगरपलिकामा परिवारले प्रयोग गरेको जगअनुसारको घरको अवस्थालाई हेर्ने हो भने सबैभन्दा बढी ३१२३ अर्थात् ४१.६० प्रतिशत काठको खम्बा गाडेको घरधुरी पाईन्छ। यसैगरी दोस्रोमा सिमेन्टको जोडाई भएको ईँटा तथा ढुंगाबाट बनेको घरधुरी २२२७ अर्थात् २९.६६ प्रतिशत, तेस्रोमा ढलान पिल्लरसहितको घरधुरी ९१७ अर्थात् १२.२१ प्रतिशत रहेको छ। त्यस्तै, माटोको जोडाइ भएको घरधुरी ५७२ अर्थात् ७.६२ प्रतिशत, अन्य ५९८ अर्थात् ७.९६ प्रतिशत र उल्लेख नगरिएको घरधुरी ७१ अर्थात् ०.९५ प्रतिशत रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.१६ बाहिरी गारोका आधारमा घरको विवरण

तालिका नं. १२ : बाहिरी गारोका आधारमा घरको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईंटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईँटा/ढुंगा | काठ/फल्याक | बाँसजन्य सामग्री | काँचो ईंटा | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ७ | ३२४ | ४६ | ४७६ | १ | १ | १ | ८५६ |
| २ | १०३ | २७१ | ८१ | २५५ | १ | ११ | ६ | ७२८ |
| ३ | १ | ७२ | ७२ | २९९ | ० | ११ | ० | ४५५ |
| ४ | ० | ११७ | ४२ | ४४९ | ० | ५ | २ | ६१५ |
| ५ | १ | २५ | ५४ | ३६५ | ० | ० | १ | ४४६ |
| ६ | ७१ | ४८५ | २२ | ३६५ | १ | ३ | ४९ | ९९६ |
| ७ | १५ | २८१ | ६२ | २९७ | १ | ४ | १२ | ६७२ |
| ८ | १८ | ३५३ | २९ | ३७९ | १ | २ | ० | ७८२ |
| ९ | १६ | ९७ | ४ | ३९१ | ० | १ | ० | ५०९ |
| १० | २३ | २९९ | ४५ | २५६ | ० | १ | १ | ६२५ |
| ११ | ३० | ५०६ | २१ | २६२ | ० | ४ | १ | ८२४ |
| जम्मा | २८५ | २८३० | ४७८ | ३७९४ | ५ | ४३ | ७३ | ७५०८ |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

**बाहिरी गारोका आधारमा घरको विवरण**




नगरपालिकामा परिवारले प्रयोग गरेको बाहिरी गारोको आधारमा घरको अवस्था हेर्ने हो भने सबैभन्दा बढी ३७९४ अर्थात् ५०.५३ प्रतिशत संख्यामा बाँसजन्य सामग्रीबाट बनेको घरधुरी देखिन्छ। यसैगरी सिमेन्टको जोडाइ भएका गारो २८३० अर्थात् ३७.६९ प्रतिशत, काठ तथा फल्याकबाट बनेका घरधुरी ४७८ अर्थात् ६.३७ प्रतिशत, माटोको जोडाइ भएको घरधुरी २८५ अर्थात् ३.८० प्रतिशत, काँचो ईंटाबाट बनेको घरधुरी ५ अर्थात् ०.०७ प्रतिशत रहेको छ भने अन्य घरधुरी ४३ अर्थात् ०.५७ प्रतिशत र उल्लेख नगरिको घरधुरी ७३ अर्थात् ०.९७ प्रतिशत रहेको पाईन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।


## ३.१७ छानाको आधारमा घरको विवरण

तालिका नं. १३ : छानाको आधारमा घरको विवरण

| वडा नं. | छानाको आधारमा | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | खर/पराल/छ्वाली | जस्ता/टिन/च्यादर | टायल/खपडा/झिँगटी/ढुङ्गा | सिमेन्ट/ढलान | काठ/फल्याक | अन्य | उल्लेख नगरिएको | |
| १ | ५० | ६५४ | ४ | १४४ | १ | ० | ३ | ८५६ |
| २ | ६१ | ५७४ | ४ | ८१ | १ | ० | ७ | ७२८ |
| ३ | १०५ | ३३५ | १ | ११ | २ | ० | १ | ४५५ |
| ४ | १७६ | ४११ | १ | २५ | ० | ० | २ | ६१५ |
| ५ | १४६ | २९५ | ० | १ | २ | १ | १ | ४४६ |
| ६ | ७१ | ६३४ | ९ | २२७ | २ | ० | ५३ | ९९६ |
| ७ | ११२ | ३८९ | ६ | १४९ | १ | २ | १३ | ६७२ |
| ८ | १०२ | ४७३ | ५ | १९९ | १ | १ | १ | ७८२ |
| ९ | १७१ | ३२८ | १ | ८ | १ | ० | ० | ५०९ |
| १० | ९८ | ४११ | २ | ११२ | २ | ० | ० | ६२५ |
| ११ | ६२ | ५३६ | ३ | २१९ | १ | ० | ३ | ८२४ |
| जम्मा | ११५४ | ५०४० | ३६ | ११७६ | १४ | ४ | ८४ | ७५०८ |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

छानाको आधारमा घरको बनोटको विवरण




यस तालिकामा परिवारले प्रयोग गरेको घरको छानाको आधारमा घरको अवस्थालाई देखाइएको छ। जसको अध्ययन गर्दा यस नगरपालिकाका घरपरिवारहरूले जस्ता, टिन तथा च्यादरको छाना बढी प्रयोग गरिएको देखिन्छ। जुन घरधुरी संख्या ५०४० अर्थात् ६७.१३ प्रतिशत रहेको छ भने काठ तथा फल्याकबाट बनेको छाना सबैभन्दा कम १४ अर्थात ०.१९ प्रतिशत घरधुरी संख्या पाइन्छ। यसैगरी सिमेन्ट तथा ढलानबाट बनेको छानाको घरधुरी ११७६ अर्थात् १५.६६ प्रतिशत, खर, पराल तथा छ्वालीको छाना भएको घरधुरी ११५४ अर्थात् १५.३७ प्रतिशत र टायल, खपडा, झिँगडी तथा ढुंगाको छाना भएको घरधुरी ३६ अर्थात् ०.४८ प्रतिशत रहनुका साथै अन्य घरधुरी ४ अर्थात् ०.०५ प्रतिशत र उल्लेख नगरिएको ८४ अर्थात् १.१२ प्रतिशत घरधुरी रहेका छन्। नगरपालिकामा परिवारले प्रयोग गरेको घरको छानाको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ३.१८ बसाईसराईको स्थिति

तराईका जिल्लाहरूमा बसाई सराईको इतिहास वि.सं. २०१९ सालदेखि प्रारम्भ भएको मान्न सकिन्छ । नगरमा धनकुटा, भोजपुर, झापा, संखुवासभा, तेह्रथुम, सुनसरी, खोटाङ, ताप्लेजुङ, पाँचथर, ओखलढुंगा, उदयपु, इलाम, सप्तरी, मकवानपुर, सोलुखुम्बु, धनुषा, सर्लाही, रामेछाप, ललितपुर आदि विभिन्न जिल्लाहरूबाट धेरै संख्यामा परिवारहरू बसाई सरी आएको पाइन्छ । यसरी बसाई सरी आउनुका विभिन्न कारणहरू छन् । तिमध्ये पाँच मुख्य कारण आर्थिक वृद्धि, द्वन्द्व, सामाजिक कारण, व्यापार र रोजगार हुन् । यस नगरको मलिलो माटो र तराईको सुगम नगर भएकोले खेति, व्यापार, शिक्षा र स्वास्थ्य जस्ता सुविधाहरू पहाडको तुलनामा सुलभ र सस्तो हुनाले समेत विशेषत: छिमेकी पहाडी जिल्लाका साथै बाहिरी जिल्लाहरूबाट समेत बसाइसराई तिब्र भएको पाइएको छ । नगरको जनसंख्या बृद्धिको कारकतत्वका साथै विकास व्यवस्थापनका लागि चुनौती दिने मुल कारकतत्व समेत बसाइसराई नै बन्न पुगेको देखिन्छ ।

त्यस्तै प्रवासी नेपालीहरूको लगानीको प्रमुख र आकर्षक क्षेत्र नगरमा कृषि जग्गा जमिन खरिद गरी स्थायी रूपमा नगरमै बसोबस गर्न थालेको पाइन्छ । बेरोजगारीको समस्या नगरको विकराल समस्याको रूपमा रहेको परिप्रेक्ष्यमा काम गर्ने उमेरका युवाहरू विदेसिने क्रम समेत नगरबाट बढ्न थालेको छ । उपर्युक्त सन्दर्भलाई विश्लेषण गर्दा नगरको लागि बसोबासको व्यवस्थित र दीर्घकालिन योजना बनाउनु आवश्यक देखिएको छ ।


## ३.१९ व्यक्तिगत घटना दर्ताको विवरण

तालिका नं. १४ : सुन्दरदुलारी नगरपालिकामा भएको मूख्य घटना दर्ता विवरण

| क्र. स. | वडा नं. | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता | सम्बन्ध विच्छेद दर्ता | बसाई-सराई दर्ता | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | म. | पु. | जम्मा | म. | पु. | | | दर्ता संख्या | आएको सदस्य | गएको सदस्य |
| १ | १ | १६६ | ७० | ९६ | २२ | १३ | ९ | ४८ | ० | ५२ | १५१ | ४४ |
| २ | २ | १०० | ४६ | ५४ | १३ | ६ | ७ | ३१ | २ | ४० | ११३ | ३० |
| ३ | ३ | ८५ | ३७ | ४८ | १४ | ४ | १० | ३५ | ० | १८ | ५० | ५ |
| ४ | ४ | ७८ | ४१ | ३७ | २३ | ११ | १२ | ३६ | ० | ३६ | ८३ | ५५ |
| ५ | ५ | ७६ | ४८ | २८ | १० | २ | ८ | १८ | १ | २० | ८२ | ११ |
| ६ | ६ | ११७ | ४८ | ६९ | १८ | ६ | १२ | ५८ | १ | ७७ | २३१ | ४४ |
| ७ | ७ | ८४ | ४२ | ४२ | २२ | ८ | १४ | ३० | १ | ३४ | १०१ | ३५ |
| ८ | ८ | १०३ | ५४ | ४९ | ९ | ४ | ५ | ४२ | ० | ५३ | १७२ | २५ |
| ९ | ९ | १०३ | ३६ | ६७ | १२ | २ | १० | ४२ | ० | ३७ | ११५ | २५ |
| १० | १० | ९० | ४३ | ४७ | १४ | ६ | ८ | ३६ | ० | २६ | ८६ | २२ |
| ११ | ११ | ७९ | ३३ | ४६ | २४ | ८ | १६ | ३८ | ० | ४८ | १४२ | ३९ |
| | जम्मा | १०८१ | ४९८ | ५८३ | १८१ | ७० | १११ | ४१४ | ५ | ४४१ | १३२६ | ३३५ |

*श्रोत: नगरपालिका कार्यालय, सुन्दरदुलारी, २०७२*

नगरमा व्यक्तिगत घटना दर्ताको अवस्थालाई देखाइएको छ। नगरमा सबैभन्दा बढी जन्मदर्ता हुने वडाहरूमा १ मा १६६, वडा नं. ६ मा ११७, वडा नं. ८ र ९ मा १०३ र वडा नं. २ मा १०० रहेका छन् भने सबैभन्दा कम जन्मदर्ता हुने वडाहरूमा वडा नं. ५ मा ७६, वडा नं. ४ मा ७८ र वडा नं. ११ मा ७९ जना रहेका छन्। वडा नं. ५ र ८ मा बाहेक अन्य सबै वडाहरूमा जन्म दर्ता हुने महिलाभन्दा पुरुषको संख्या बढी रहेको देखिन्छ। नगरमा जम्मा १८१ जनाको मृत्यु दर्ता भएको देखिन्छ भने विवाह दर्ताको स्थिति हेर्दा सबैभन्दा बढी वडा नं. ६ मा ५८ तथा सबैभन्दा कम वडा नं. ५ मा १८ रहेको छ। सो अवधीमा नगरमा जम्मा ५ वटा सम्बन्ध विच्छेदको घटना दर्ता भएको देखिन्छ। यस अवधिमा जम्मा ४४१ बसाई सराई दर्ता भएको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




# खण्ड ४ : भू-उपयोग

## ४.१ नगरको भू–उपयोगको अवस्थाको विवरण

यस नगरको समग्र भूभाग मध्ये खेतीयोग्य जमिनको क्षेत्र ६७ प्रतिशत छ भने झण्डै १९ प्रतिशत भूभाग वनजंगल तथा झाडीले ढाकेको छ । करिब ९ प्रतिशत भू-भाग चरि चरन क्षेत्र, ३ प्रतिशत बलौटे भूभाग र बाँकी २ प्रतिशत नदीनाला, खोला तथा तालतलैयाहरूले भरिएका छन् । खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । नगरमा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित सुन्दरदुलारी नगरपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ ।

**नगरको भू-उपयोगको अवस्थाको विवरण**




तालिका नं. १ : नगरको भू-उपयोगको अवस्थाको विवरण

| क्र. सं. | विवरण | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|
| १ | वनजंगलले ढाकेको क्षेत्र, झाडी, बुटेन क्षेत्र | | १९ |
| २ | खेतीयोग्य जमीन क्षेत्र | | ६७ |
| ३ | चरिचरन क्षेत्र | | ९ |
| ४ | बलौटे क्षेत्र | | ३ |
| ६ | नदी, खोला, सिमसार, वगर | | २ |
| | जिल्लाको कूल क्षेत्रफल जम्मा | | |

स्रोतः सेक्टर वन कार्यालय, सलकपुर, मोरङ

## ४.२ सुरक्षित बस्ती विकास कार्यक्रम

सुन्दरदुलारी नगरपालिकामा सुरक्षित बस्ती विकासतर्फ ध्यान दिनको लागि नगरमा रहेका दुईओटा ठूला खोला गछिया र बुढिगङ्गा खोलाहरूमा नगरपालिका र नेपाल सरकारका विभिन्न योजना मार्फत जोखिम मानवीय वस्तीलाई स्थानतरण र मानववस्ती स्थानान्तरण र वानववस्ती नजिक तटबन्ध निर्माणलाई प्रमुख प्राथमिकतामा राखी कार्यहरू सञ्चालन भइरहेको पाइन्छ । यद्यपि १३ वटा जोखिमपूर्ण नदी वाहव स्थानमा तटबन्धन निर्माण गर्नुपर्ने देखिन्छ । अन्य जोखिमपूर्ण स्थानहरूमा ह्यूमपाईप जडान गरी पानीको निकासलाई व्यवस्थीत विकास गर्नुपर्ने देखिन्छ । नगरपालिकामा रहेका अन्य साना खोला तथा बाँध पैनीहरूलाई भैपरी आउने बहावले वस्तीभित्र प्रवेश हुन नदिने तवरले व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

सुन्दरदुलारी नगरपालिका गठन भएपश्चात नगरपालिकाले घर निर्माण र जग्गा विकासलाई व्यवस्थापन गर्न विभिन्न निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउन खोजेको पाईन्छ । यस क्रममा जग्गा विकासको लागि पूर्व स्वीकृति लिनुपर्ने प्रावधान, आधारभूत रुपमा खानेपानी, ढल, विद्युत, न्यूनतम ६ मिटर चौडा सडकको कार्यान्वयन अनिवार्य गरेको हुनुपर्ने भनिएको छ ।

साथै नगरमा भूकम्प प्रतिरोधी भवन निर्माणको लागि आ.व. २०७२/०७३ मा ५४ जना ठेकेदारलाई भूकम्प प्रतिरोधी भवन निर्माणका लागि तालिम उपलब्ध गराइएको छ ।

नगरपालिकामा भवन निर्माण अनुमतिका लागि नक्सा पास गर्नुपर्ने व्यवस्था अनिवार्य रुपमा लागू गरिएको छ । साथै सहरी सुव्यवस्था कायम गर्न लोकमार्गमा सडक क्षेत्राधिकार ८२.५ मीटर कायम राखी घरनक्सा पास गरिएको छ भने नगरपालिकाका अन्य सडकहरुमा यातायात गुरुयोजना २०७२ अनुरुप 'क' बर्गको सडक २० मिटर, 'ख' बर्गको सडक १५ मिटर, 'ग' बर्गको सडक ८ मिटर र 'घ' बर्गको सडक ६ मिटर कायम राखि घरनक्सा पास गर्ने गरिएको छ ।

भवन निर्माण अनुमतिका लागि नक्सा पास गर्नुपर्ने अनिवार्य व्यवस्था लागू गर्नुपर्दछ । साथै सहरी सुव्यवस्था कायम गर्न सडक पेटीमा ८२.५ मि. नछोडीकन व्यापार, व्यवसाय, घर, टहरा निर्माण सामाग्री तथा पशुपंक्षी राख्नेलाई कारवाही गर्नुपर्दछ । त्यसैगरी नगरको फोहोरमैला व्यवस्थापनको लागि मुख्य चोक र बजारमा उपलब्ध गराइएको रिंग डस्टविनका साथै उचित डम्पिङ् साइडको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।


नगरको फोहोरमैला व्यवस्थापनको लागि मुख्य चोक र बजारमा डस्टविन उपलब्ध गराइएको छ र फोहोरमैला व्यवस्थापनको लागि डम्पिङ् साइडको निर्माणलाई अगाडि बढाईएको देखिन्छ ।

सुरक्षित वस्ती विकास कार्यक्रमको सन्दर्भमा सुन्दरदुलारी नगरपालिकामा दुई ठूला नदी गछिया र बुढिगंगाबाट बार्षिक रुपमा भैरहेको गिटी, ढुंगा, बालुवा उत्खननलाई नियन्त्रण र व्यवस्थापन गर्दै नदी वरपर वृक्षारोपणका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । सरकारी र ऐलानी जग्गामा भैरहेको अव्यवस्थित बसोबासहरुलाई रोकथाम गर्दै लैजानुपर्ने देखिन्छ । नगरपालिकाको भू उपयोग योजना यथासिघ्र निर्माण गरी कार्यान्वयन गर्नुपर्ने, भवन निर्माण मापदण्डको यथोचित कार्यान्वयनमा जोड दिने, सुकुम्बासी, भुमिहिन परिवारको घरवासलाई व्यवस्थित गर्नुपर्ने र भुक्षयको जोखिमलाई न्यूनिकरण गर्नुपर्ने चुनौति देखिन्छ ।

नगरपालिकामा २०७१/१/२५ देखि २०७२ चैत्र मसान्तसम्मको घरनक्सा पास प्रवृति

| वडा नं. | निर्माण सम्पन्न | निर्माण ईजाजत | कच्ची |
|---|---|---|---|
| १ | ७० | ६ | |
| २ | २९ | ६ | |
| ३ | ५ | | |
| ४ | १० | १ | |
| ५ | | | |
| ६ | १२८ | २८ | २७ |
| ७ | ६७ | १८ | |
| ८ | ९३ | १९ | |
| ९ | ४ | | |
| १० | ७८ | २० | |
| ११ | १८९ | २९ | २ |

स्रोत : सुन्दरदुलारी नगरपालिका कार्यालय, २०७२




## ४.३ शहरोन्मुख बस्तीहरूको वर्तमान स्वरूप

नगरको कुल ७,५०८ परिवारहरू मध्ये, घरको जग सिमेन्टको जोडाइ भएको इट्टा, ढुङ्गा र पक्की पिलर भएका घरधुरी २९.६६ प्रतिशत, बाहिरि गाह्रो सिमेन्टको जोडाइ भएका घरधुरी ३७.६९ प्रतिशत र सिमेन्ट ढलान छाना भएका घरधुरी १५.६६ प्रतिशत छन्। तराईका धेरै नगरहरूको स्थितिभन्दा आवास घर निर्माणमा सुन्दरदुलारीको स्थिति राम्रो रहेको छ। नगरमा कुल ६६२ परिवारहरू मात्र घर भाडा लिई बसेका छन् भने ६६२५ परिवारको आफ्नै घर रहेको छ। नगरभित्र २० घरहरू विभिन्न संस्थाहरूले उपयोग गरेका छन्। शहरोन्मुख बस्ती विकासको सन्दर्भमा आवधिक योजना निर्माणको क्रममा नै सम्बन्धित वडाहरूका साथै सम्बन्धित विषयगत कार्यालयहरू र हाल विभिन्न नामबाट गठन भइरहेका नगर विकास समिति एवम् बजार व्यवस्थापन समितिहरूले पनि बेलैमा सार्वजनिक जग्गाको व्यवस्थापनमा आवश्यक सेवा सुविधा प्रदान गर्ने तर्फ ध्यान दिनु आवश्यक छ।

## ४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू

बढ्दो जनसंख्या सँगै तीव्र गतिमा विकास भएरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

❖ बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास न्यून हुनु। बस्तीहरूमा सुविधा बर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यलय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवम् ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन। यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवम् संघसंस्थाहरूको लागि क्षेत्र निर्धारण गर्नु जरुरी देखिएको छ।

❖ बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवम् निजी रूपमा वृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। विकासोन्मुख बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई सङ्कलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठूला बस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन गर्नुपर्ने देखिन्छ। ढल निकासका लागि नगरपालिकाले दीर्घकालिन योजना बनाई लागू पर्ने देखिन्छ।

❖ सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवम् नगरपालिका बिच समन्वयमा वृद्धि गर्नु पर्ने देखिन्छ जसले पूर्वाधारहरूको दिगो निर्माण हुन जान्छ।

## ४.५ भू–क्षय तथा नदी कटान सम्भावित क्षेत्र

यस नगर भएर बग्ने मुख्य दुई खोला बुढी खोला र गाछिया खोलले खोलाको किनारमा पर्ने वस्तीहरूमा भूक्षय तथा जमिन कटान गर्ने गरेको पाइन्छ। जसमा नगरको पश्चिमी सिमानामा रहेको बुढीखोलाले वडा नं. ५, ६ र ११ का खोला किनारामा रहेको वस्तीहरूमा प्रभाव पारेको देखिन्छ। वडा नं ५ मा लाटाफ्कोडा क्षेत्र, वडा नं. ६ मा खोक्सी क्षेत्र तथा वडा नं. ११ बलिया क्षेत्र र चरीगुवाको पश्चिमी भाग रहेको छ। नगरका मध्ये भाग भएर बग्ने गाछिया खोलाले वडा नं. २, ३, ७, ८, ९ र १० मा कटान तथा भूक्षय गराउने गर्दछ। जसमा वडा नं. २ मा गछिया बजार लाइन, जंगल क्षेत्रको मुख, क्रसर टोल, वडा नं. ३ मा स्कुल डाँडा, वडा नं. ७ मा सितापुरी, हेदाङ्ने टोला, भोर्जना दोभान क्षेत्र, वडा नं. ८ मा गछिया बजारको पश्चिमी क्षेत्र, वडा नं. ९ मा मसानघाट क्षेत्र तथा वडा नं. १० मा हवेली टोल, बडरा टोल आदि छन्। भूक्षय तथा नदी कटान नियन्त्रण गर्न अल्पकालिन तथा दीर्घकालिन उपायहरू अबलम्बन गर्नुपर्ने आवश्यकता टड्कारो देखिन्छ। अल्पकालिन उपायको रूपमा स्पर एवम् तटबन्ध निर्माण गर्ने तथा दीर्घकालिन उपायको रूपमा प्रभावित क्षेत्रको वरिपरी वृक्षारोपण गर्ने कार्य शुरु गर्नु पर्ने देखिन्छ।

## ४.६ खोलाहरूबाट प्रभावित क्षेत्र

तालिका नं. २ : खोलाहरूबाट प्रभावित क्षेत्र

| क.स | खोला | प्रभावित वडाहरू | प्रभावहरू | वस्ती |
|---|---|---|---|---|
| १ | बुढी खोला | ५, ६, ११ | भूक्षय, नदी कटान, बाढी | लाटाफ्कोडा क्षेत्र, खोक्सी क्षेत्र, बलिया क्षेत्र चरीगुवाको पश्चिमी भाग |
| २ | गाछिया खोला | २, ३, ७, ८, ९ र १० | भूक्षय, नदी कटान, बाढी | गछिया बजार लाइन, जंगल क्षेत्रको मुख, क्रसर टोल, स्कुल डाँडा, सितापुरी, हेदाङ्ने टोल, भोर्जना दोभान क्षेत्र, गछिया बजारको पश्चिमी क्षेत्र, मसानघाट क्षेत्र, हवेली टोल, बडरा टोल |

स्रोत : सुन्दर-दुलारी नगरपालिका कार्यालय

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ नगर अर्थतन्त्रको संरचनात्मक स्वरूप

नगरको अर्थतन्त्र मुख्यतया: कृषि, सेवा, व्यापार, उद्योग, वन, मत्स्यपालन, खानी उत्खनन्, ग्यास, पानी, निर्माण, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट तथा पर्यटन जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको तराईको क्षेत्र भएको हुँदा नगरपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। यस नगरको मुख्य आर्थिक आधार कृषि, सेवा र वैदेशिक रोजगार रहेको देखिन्छ। यद्यपि यो त्यति सकारात्मक भने होइन। यस परिवेशमा आधुनिक कृषि तथा पशुपालनलाई बढि जोड दिनुपर्दछ। यस नगरपालिकामा साना-ठूला गरी ४४५ भन्दा बढी पसल तथा व्यापारिक प्रतिष्ठानहरू रहेका छन्। मील, फर्निचर उद्योग, कुखुरा पालन, पशु पालन, तरकारी खेती, फलफुल उत्पादन आदि यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरू हुन्। यस नगरका मानिसहरू उल्लेखनियरूपमा औद्योगिक विकास तर्फ लागिरहेका देखिन्छ।

## ५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

तालिका नं. ३ : आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| कुल जनसंख्या | पूरुष | महिला | आर्थिकरूपले सक्रिय जम्मा जनसंख्या |
|---|---|---|---|
| ३२८३९ | १०९०२ (४५.७२%) | १२९४१ (५४.२८%) | २३८४३ (७२.६७%) |

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

नगरमा १० वर्षदेखि ५९ वर्षसम्मका आर्थिकरूपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ। जसमा पुरुषको संख्या १०९०२ (४५.७२ प्रतिशत), महिलाको संख्या १२९४१ (५४.२८ प्रतिशत) देखिन्छ। आर्थिक रूपले सक्रिय जनसंख्यामा लैगिङ्क भिन्नता पनि करिव १० प्रतिशतको हाराहारीमा रहेको देखिन्छ। भने नगरको कुल जनसंख्याको २३८४३ (७२.६७ प्रतिशत) जनसंख्या आर्थिकरूपले सक्रिय छन्। आर्थिक रूपमा निस्कृय जनसंख्या ८९९६ (२७.३३ प्रतिशत) छन्। यसबाट नगरमा आर्थिक विकासको प्रशस्त सम्भावना रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।

## ५.३ आश्रित जनसंख्याको विवरण

तालिका नं. ४ : आश्रित जनसंख्याको विवरण

| आश्रित बालबाबिालका (०-१४) | | आश्रित बृद्धबृद्धा (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|
| जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| १०११७ | ७७.१८ | २९९१ | २२.८२ | १३१०८ | ३९.९२ |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

नगरमा आश्रित जनसंख्या ०-१४ वर्ष उमेर समूहका आश्रित बालबालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या र प्रतिशतलाई देखाइएको छ। जसमा आश्रित बालबालिका र वृद्धवृद्धा गरी ३९.९२ प्रतिशत रहेकामा बालबालिकाको हिस्सा ७७.१८ प्रतिशत र वृद्धवृद्धको हिस्सा २२.८२ प्रतिशत रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ५.४ कृषि

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको छ । ग्रामीण जनताहरूको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रूपमा लिन सकिन्छ । खाद्यान्न तथा नगदे बालीहरू फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरू कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्तरमा कृषिसम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रूपमा कृषि तथा सहकारी मंत्रालय र केन्द्रीत तथ्याङ्क विभाग रहेका छन् । स्थानीय उत्पादन उपलब्ध नहुँदा पर्यटकले उपयोग गर्ने सेवा र वस्तुको उपभोगबाट प्राप्त हुने लाभ अपेक्षित मात्रामा प्राप्त गर्न कृषि पर्यटनको विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

तुलनात्मक रूपमा हेर्दा पुरुषहरू यस पेशाबाट विमुख हुँदै अन्य पेशातर्फ आकर्षित भएको देखिन्छ । यसो हुनुमा अन्य पेशाबाट आम्दानीमा बृद्धि हुनु र खेती योग्य जमिनको अभाव विस्तारै सिर्जना हुनुपनि हो । कृषि क्षेत्रमा आधुनिकीकरण नहुनु, बजार व्यवस्थाको अभाव, सिंचाईको व्यवस्था नहुनु तथा अन्य जीवनशैली जटिल बन्दै जानुले यस क्षेत्रबाट विमुख हुनाको केही प्रमुख कारण हुनुपर्दछ । नगरमा अन्न बाली उत्पादनका हिसाबले सबै वडाहरूमा सम्भावना रहेको देखिन्छ । विशेषगरी अन्नबाली उत्पादन हुने क्षेत्रहरू नगरका वडा नं. १, ३, ४, ५, ८, ९ हुन् । त्यस्तै माछा उत्पादन क्षेत्रहरूमा विशेष गरी वडा नं. ४ र ८ रहेका छन् । साथै, पशुपंक्षी पालनको लागि नगरका २, ३, ४, ५, ८ र ९ वडाहरू प्रमुख रहेका छन् । नगरमा अवलोकन गर्न लायक पशुपालन क्षेत्रले सबैलाई मनमोहक तुल्याउन सक्ने देखिन्छ भने फलफूल उत्पादनको लागि वडा नं. ४, ८ र ९ महत्वपूर्ण क्षेत्र रहेका छन् । एक नगर एक उत्पादन घोषणा गरिएका नगरपालिकाहरुमध्ये सुन्दरदुलारी नगरपालिकामा केरा उत्पादनलाई जोड दिइएको छ ।

नगरको ठूलो क्षेत्रफल समथर भूभागले भरिएको हुँदा कृषिका लागि प्रशस्त मात्रामा उपयोगी क्षेत्र रहेको छ । सामान्यत कृषि प्रणालीमा हिउँदे तथा वर्षे धान, गहुँ, मकै, आलु, तरकारी, फलफूल, केरा, दलहन, तेलहन आदि नगरका प्रमुख खाद्य तथा नगदे बाली हुन् र यीनको उत्पादकत्व पनि बढी छ । सुन्दरदुलारी नगरपालिकाले कृषि क्षेत्रको तर्फबाट पनि आफ्नो आर्थिक वृद्धिदर कायमनै राखेको छ ।

### ५.४.१ कृषि बालीमा लाग्ने रोग

नगरको कृषि उत्पादनमा धान, गहुँ, मकै, तरकारी, फलफूल आदी नै मुख्य रूपमा रहेको छ । सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरू देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरू देखिन्छन् । यसैगरी मकैमा डाठ वा घोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटव्लाइट, मोजाइक, अैलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ अफ, जरा कुहिने जस्ता रोगहरू मुख्य रूपमा देखा पर्दछन् । फलफूलमा विशेषगरी एनथ्राक्नोज, सेतो ढुसी, डाइव्याक, जरा कुहिन, अैलाउने आदी रोगहरूको प्रकोपबाट कृषकहरू समस्या परेका छन् । मुख्य बालीहरूमा लाग्ने शत्रु जीव र रोगहरूको विस्तृत विवरण तलको तालिकामा राखिएको छ ।

तालिका नं. ५ : विभिन्न बालीम लाग्ने रोग विवरण

| क्र.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | धान | गवारो, पात बेरुवा, पात कटुवा, हरियो फडके, खैरो फड्के, स्किपर, पतेरो, मिलिवग, निमाटोड, ढुङ्गे | मरुवा, डढुवा, खैरो, थोप्ले, सिथ ब्लाइट, खैरे रोग |
| २ | गहुँ | कटवर्म, वायरवर्म, लाही | कालो पोके, सिन्दुरे |
| ३ | मकै | खुम्रे, फेद वटुवा, गवारो, फट्याङ्ग्रा, लाही | डाठ कुहिने, घोगा कुहिने, कालोपोके |
| ४ | आलू | लाही, फेद कटुवा, खुम्रे, रातो कमिला, आलुको पुतली | लेटव्लाइट, मोजाइक, ओइलाउने रोग, खोस्टे रोग |

| | | | |
|---|---|---|---|
| ५ | तरकारी | भण्टाको गवारो, लाही, वन्दाको पुतली, टमाटरको फलको गवारो, फल कुहाउने औंसा, सुलसुले, रातो खपटे, डल्ले खपटे, थ्रिप्स | ओइलाउने रोग, अल्टरनोरिया, क्लवरट, ड्याम्पिङ्ग अफ, डाइ ब्याक, जरा कुहिने |
| ६ | फलफूल | आपको मधुवा, गवारो, फल कुहाउने औसा सुलसुले, अनारको पुतली | एनथ्राक्नोजा, ससेतो ढुसी, डाईव्याक |
| ७ | केरा खेती | केराको स्किपर, थाम र गानोका गवाराहरू, खपटे | जरा कुहिने रोग, ओईलाउने रोग |

कृषि क्षेत्रको विकास र विस्तारको लागि सरकारले स्थापना गरेको कृषि सेवा तथा उपकेन्द्र मार्फत कृषकहरूलाई सहयोग गर्दै आएको भएता पनि यसको व्यवस्थापन र प्रयार्प्त जनशक्तिको अभावमा कृषकहरूको आवश्यकता र मागलाई पुरा गर्न सकेको छैन । यस नगरको  वडामा रहेको कृषि सेवा उपकेन्द्रले सेवा दिनु पर्ने भएकोले कृषकहरूले आवश्यकता अनुरूप गुणस्तरीय सेवा सुविधा पाउन नसकिरहेको अवस्था छ ।

### ५.४.२ कृषि बजारीकरण

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरूले असङ्गठीत रूपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै उपजहरूको बजारीकरण प्रचलन विकास हुन थालेको छ । नगर निर्माणका प्रारम्भिक दिनदेखि यहाँका कृषिजन्य वस्तु बजारीकरणका ढाँचाहरू विभिन्न खालका अभ्यासमा आएका छन् । यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरूले कृषि बजारको क्रमिक विकासमा टेवा पु¥याएका छन् । हालसम्म बजारीकरण ढाँचामा आठ प्रकारका कृषि बजारीकरणका मोडलहरू विकास र अभ्यास भएको देखिन्छ । यी आठ प्रकारका कृषि उपज बजारीकरणका ढाँचाहरूले एकले अर्कोलाई विस्थापन गरेका छैनन्, तर एकले अर्काको विकास गर्न परिस्थिति निर्माण गरेका भने पक्कै छन् । यीमध्ये केही बजारीकरणका मोडलहरूबाट यस नगरमा कृषिको बजारीकरण हुने गरेको छ । यसबाहेक नगरमा विभिन्न दिनहरूमा लाग्ने हाट बजारहरू मार्फत पनि कृषिको बजारीकरण हुने गर्दछ ।

१. डुलुवा कृषि बजारीकरण
२. फुटपाथ कृषि बजारीकरण
३. स्थायी खुद्रा कृषि उपज बिक्री स्थल
४. स्थायी थोक कृषि उपज बजार
५. फुटपाथ जीउदो पशु, पंक्षी र माछा बिक्री स्थल
६. स्थायी जिउँदो पशु, पंक्षी र माछा बिक्री स्थल
७. पशुपंक्षीजन्य उत्पादनको बजारीकरण (दुध, मासु, अण्डा)
८. बजारस्थलमा कृषि वस्तु बजारीकरण (सुपर स्टोर्सदेखि मिनि मार्केटसम्म)

### ५.४.३ जग्गाको उर्वराशक्ति

नगरको ठूलो क्षेत्रफल समथर भूभागले ओगटेकोले कृषि उत्पादनको लागि उर्वर भूमि प्रशस्त रहेको छ ।। विगतमा सुन्दरदुलारीमा रहेका उर्वरा क्षेत्र हाल शहरीकरणको प्रभावसँगै उर्वरभूमि साँगुरिँदै गएको देखिन्छ । नगरको समथर भूभागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको तथा उत्तरी भागमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ ।

### ५.४.४ पशुपालन

नगरमा विशेषगरी गाई, भैसि, बाखा, सुँगुर, कुखुरा, हाँस, परेवा नै यहाँका मुख्य घरपालुवा जनावर हुन। यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाइ, भैसी, कुखुरा, बंगुर र माछा फर्महरू रहेका छन। त्यस्तै गरि भेटेनरी सेवा पनि नगरमा उपलब्ध रहेको छ। नगरमा पशुपंक्षी पालन हुने मुख्य क्षेहरूमा वडा नं. २, ३, ४, ५, ८ र ९ रहेका छन्। नगरमा पशुपालन अधिक मात्रामा हुने गरेको देखिन्छ।

### ५.४.५ पशुपंक्षीमा लाग्ने रोगहरूको विवरण

कृषकहरूको मुख्य आम्दानीको स्रोतको रूपमा रहेको पशुपंक्षीहरूको पालन यस नगरपालिकामा निकै बढी मात्रामा रहेको देखिन्छ। सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फेलिएको पाइँदैन। नगरमा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, जुका र प्रजनन् सम्बन्धी पर्दछन्। नगरको वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनु पर्ने देखिन्छ भने खोरेत पिपिआर स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस नगरमा त्यत्तिकै रहेको पाइन्छ। पंक्षीहरूमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रूपमा लाग्ने गरेको छ। यसका कारणहरूलाई हेर्दा, पशुको अवैध आवत जावत, दयनीय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ। यी रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास गरेको देखिन्छ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस नगरका किसानहरूले खोप लगाउने गरेको पाइन्छ। तापनि यी रोगहरू फाटफुट रूपमा देखिने गरेको छन। नगरमा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य समेत नगरका विभिन्न वडाहरूमा समेत संचालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ। नगरमा पशु व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले विभिन्न वडाहरूलाई समेट्ने गरी पशुसेवा उपकेन्द्र संचालनमा रहेका छन्।

## ५.५ थोक तथा खुद्रा व्यापार

पूर्व-पश्चिम राजमार्गसँगै जोडिएका वस्तीहरूमा तीब्र बजारीकरण भैरहेको देखिन्छ। नगरपालिका बासबारी चोक, दुलारीचोक, बलीया, गछिया चोक, गोठगाउँ, तिनपैनी आदि बजारहरूबाट विशेषगरी खुद्रा व्यापार हुने गरेको छ।

थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल, तरकारी, फलफुल, माछा, गेडागुडी तथा मसला पूर्वाञ्चल तथा तराईका अन्य जिल्लासँग हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस नगरबाट हुने गरेको पाइन्छ।

## ५.६ निकासी पैठारी स्थिति

नगरबाट बाहिर निकासी हुने भाउबस्तुहरूमा तयारी खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन, चाउचाउ, प्लास्टीक व्याग, पाइप, ह्युमपाईप, विद्युत पोल, ढुङ्गा, गिटी, वालुवा, लत्ता कपडा र दैनिक उपभोग्य बस्तुहरू छन्। आयात गरिने बस्तुहरूमा घरायसी सामानहरू, चिनी, साबुन, इलेक्ट्रिक र इलेक्ट्रोनिक्स सामानहरू, मोटर पार्टस, कपडा, मसलाहरू, मैदा, मिश्री, फलफुल तथा तरकारी रहेका छन्।

## ५.७ ढुवानी तथा भण्डार व्यवस्था

नगरभित्र उत्पादित मालसामानहरू नगरको एक ठाँउबाट अर्को ठाउँमा पुऱ्याउन ढुवानी साधानको रूपमा, ट्रक, ट्याक्टर, ई-रिक्सा, रिक्साआदि रहेका छन्। नगरको पक्की सडक नभएका क्षेत्रहरूमा ढुवानी गर्न समस्या भएको पाइन्छ। कतिपय ठाउँहरूमा विभिन्न खोलाहरूमा पुल नभएका कारण आवागमनको समेत समस्या रहेको सन्दर्भमा मालसामान ढुवानी गर्ने समस्या झन टड्कारोरूपमा रहेको छ। नगरको आन्तरिक ढुवानी प्रणालीलाई सुदृढ गर्न विभिन्न खोला तथा नदीहरूमा पुल निर्माण गर्नुपर्ने देखिन्छ।

नगरमा कृषकहरूले खाद्यान्नको उचित दरभाउ पाएमा व्यापारीहरूलाई बिक्री गर्ने र व्यापारीहरूले चाही त्यसरी खरिद गरेको खाद्यान्न आफ्नै गोदाममा राख्ने गर्दछन। नगरका कृषकहरूको आलु, तरकारी तथा फलफुल सुरक्षित राख्न पर्याप्त मात्रामा शीत भण्डारको निर्माण गर्नुपर्ने देखिन्छ।

## ५.८ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा

स्थानीय उद्योगहरूबाट उत्पादित बस्तुहरू चामल, तेल, पिठो, पोल्ट्री प्रोडक्ट, फलफुल तथा तरकारीसम्बन्धी उद्योगहरूको अन्य जिल्ला तथा भारतीय बजारको प्रतिस्पर्धा गर्नु परिरहेको छ।

उद्यमशीलता, सिप विकास, बजारीकरण, सेवा कर्जा बजारको सुचनामा उद्यमीहरूको पहुँचको स्थिति, सिप विकास तालिम, उद्यमशिलता विकास तालिमका माध्यमबाट नगरमा रोजगारी बढाउने, उद्योग व्यवसायमा बृद्धि गर्ने उद्देश्य पूर्ति गर्न यस नगरपालिका लागि परेको छ। नगरमा उद्योग व्यवसाय गर्ने एवम् सिपमुलक तालिम गरी स-साना व्यवसाय गर्ने व्यक्तिहरूलाई कर्जा बजारको सुचना भएको र नगरमा स्थापित वित्तीय संस्थाहरूबाट कर्जा लिनेहरूको संख्या पर्याप्त रहेको देखिन्छ।

## ५.९ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति

नगरमा कृषि जन्य कच्चा पदार्थहरूमा धान, गहुँ, मकै, माछा, कुखुरा, फलफुल आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित खाद्य मिल उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग भएको पाइन्छ। व्यापारको प्रकृति अनुसार खाद्यान्न धान, गहुँ, तोरी व्यापारीहरूले अन्य जिल्लाबाट आयात तथा निर्यात गर्ने गरेको पाइन्छ।

### क) कृषि जन्य पदार्थ

नगरमा कृषि जन्य कच्चा पदार्थहरूमा धान, गहुँ, उखु, माछा, फलफुल आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित खाद्य मिल, गुड आदि उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग भएको पाइन्छ भने बढी भएको खाद्यान्न धान, गहुँ, तोरी व्यापारीहरूले अन्य नगर तथा जिल्लामा निकासी गर्ने गरेको पाइन्छ।

### ख) बनजन्य

वन जंगलमा आधरित कच्चा मालमा साल, सिसौ, खयर र बाँस हो। साल, सिसौका काठहरू नगरका साथै अन्य छिमेकी जिल्लाहरूमा निकासी गर्ने गरेको पाइन्छ। बाँसको प्रयोग उद्योगको रूपमा भएको पाइँदैन तर कृषकहरूले आफ्नो घरायसी प्रयोगमा अत्याधिकरूपमा प्रयोग गरेको पाइन्छ।

## ५.१० सिँचाई

### ५.१०.१ सिंचित क्षेत्र तथा सिंचाइ प्रणालीको विवरण

नगर सतह एवम् भूमिगत जल सिँचाईको स्रोत पर्याप्त मात्रमा रहेको छ। कृषिको लागि उर्वर माटो भएको र नगरमा ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिँचाई सुविधा पुऱ्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त बृद्धि हुने देखिन्छ।

**भूमिगत सिचाई :** नगरमा भूमिगत रूपमा रहेको जलस्रोतलाई उपयोग गर्न र लगानी र प्रतिफलको हिसावले तत्काल सतह सिचाईमा जान नसकिने ठाउँहरूमा जमिनमुनिको पानीलाई प्रयोग गरी सिंचित गर्नु उपयुक्त देखिन्छ।

तालिका नं. ६ : सुन्दरदुलारी नगरपालिका भित्र भएका सिँचाई आयोजनाहरूको विवरण

| सि.नं. | सिंचाई आयोजना | सिंचित वडा |
|---|---|---|
| १ | हसिना पैनी कुलो | ५, ६, १०, ११ |
| २ | भरत सिंचाई बाँध | ४, १० |
| ३ | खासाङ्गीनी बाँध | ४ |
| ४ | भोर्जना पैनी | ४, ७ |
| ५ | तेलिया खोला | ४, ५, ६, ७, १० |
| ६ | मालती खोला | १, २, ९, ८ |
| ७ | डिपु बाँध | ४, ६ |

## ५.११ व्यापार तथा उद्योगको विवरण

यस नगरपालिका रहेको मोरङ जिल्ला पूर्वाञ्चलको प्रमुख व्यापरिक केन्द्रको रूपमा रहेको छ। यसै नगरपालिका मार्फत् विभिन्न पहाडी जिल्लाहरूसँगको व्यापार समेत हुने गरेको छ। यहाँ विभिन्न हाट बजारहरू व्यापार व्यवसायका लागि प्रशिद्ध रहेका छन्। यस्ता बजारहरूबाट विशेषगरी खुद्रा व्यपार हुने गरेको छ। यसैगरी, सुन्दरदुलारी नगरपालिकाबाट थोक व्यापार समेत हुने गरेको छ। थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल अन्य पहाडी जिल्लासँग हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस नगरपालिकाबाट हुने गरेको पाइन्छ।

सुन्दरदुलारी नगरपालिकाका अधिकांश बासिन्दाहरू कृषि पेशामा आवद्ध भएका छन्। विशेषगरी ग्रामीण क्षेत्रका मानिसहरू उल्लेखनीय रूपमा औद्योगिक विकासतर्फ लागीसकेका छैनन्। तथापी, स्थानीय माग कार्यमा केही मझौला, साना तथा घरेलु उद्योग भने संचालित छन्। कुटानी पिसानी मिल, फर्निचर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस नगरपालिकामा रहेका केही साना तथा घरेलु प्रकृतिका औद्योगिक व्यवसायका उदाहरणहरू हुन्। यस सुन्दरदुलारी नगरपालिका क्षेत्रभित्र साना-ठूला गरी जम्मा ४४५ भन्दा बढी व्यापारिक प्रतिष्ठानहरू रहेका छन्। त्यसैगरी साप्ताहिक रूपमा लाग्ने सुन्दरदुलारीका विभिन्न हाट बजारमा स्थानीय उत्पादन तथा चौपायाको किनबेच हुने गर्दछ। यसले पनि नगरपालिकामा आर्थिक कारोबारको मात्रामा वृद्धि गराएको छ।

### ५.११.१ व्यवसायको विवरण

| क्र.सं. | व्यवसायको किसिम | संख्या |
|---|---|---|
| १ | सहकारी | २ |
| २ | मोटर पार्टस/अटोमोबाईल/वर्कसप | १३ |
| ३ | फ्रेस हाउस तथा पोल्ट्री प्रोडक्ट्स | ६ |
| ४ | भवन निर्माण ठेकेदार | ३४ |
| ५ | स्टेसनरी तथा छापाखाना | १० |
| ६ | सुनचाँदी तथा गरगहना | १३ |
| ७ | साइकल तथ रिक्सा मर्मत | ५ |
| ८ | हार्डवेयर | ५ |
| ९ | फोटो स्टुडियो | ३ |
| १० | सैलुन | १ |
| ११ | कोल्ड स्टोर/मदिरा | १३ |
| १२ | कन्सल्टेन्सी | ७ |
| १३ | मिडिया, कम्यूनिकेशन/ मनि ट्रान्सफर | ६ |
| १४ | फलफूल | १ |
| १५ | डेरि | ५ |
| १६ | टेन्ट तथा क्याटरिङ | ३ |
| १७ | ग्यारेज | ४ |
| १८ | उद्योग/मिल | १७ |
| १९ | फर्निचर/क ठ | १४ |
| २० | इन्टरप्राईजेज | ४ |
| २१ | ट्रेडर्स एण्ड सप्लायर्स | ३६ |
| २२ | कृषि सामाग्री तथा फार्म | ४१ |
| २३ | क्लिनिक तथा औषधी/आयुर्वेद | ८ |
| २४ | किराना पसल तथा स्टोर | ८१ |
| २५ | बुटिक तथा टेलरिङ | १५ |
| २६ | होटल | ३५ |
| २७ | कस्मेटिक गिफ्ट तथा पार्लर | ६ |
| २८ | इलेक्ट्रोनिक्स | १४ |
| २९ | फेन्सी, कपडा, जुत्ता | २० |
| ३० | अन्य | २३ |
| | जम्मा | ४४५ |

### ५.११.२ हाट बजार सम्बन्धी विवरण

तालिका नं. ७ : हाट बजार सम्बन्धी विवरण

| क्र.सं. | हाटबजारको नाम | हाट बजार लाग्ने दिन | स्थान |
|---|---|---|---|
| १ | गछिया हाट | विहिवार | गछिया चौक वडा नं २ |
| २ | गोठगाउँ हटिया | मंगलवार | गोठगाउ चौक वडा नं १ |
| ३ | पशुहाट बजार | आईतवार | लोचनी वडा नं. ८ |
| ४ | भैसीगोठ | दैनिक | बलिया वडा नं. ११ |
| ५ | तिनपैनी हटिया बजार | दैनिक | वडा नं ४, ६ |

स्रोतः नगरपालिका कार्यालय, २०७२

### ५.११.३ प्रमुख स्थानीय उत्पादनको बजारीकरण

- कृषिजन्य तथा उत्पादनमुलक उद्योग अन्तर्गत पर्ने खाद्य मिलबाट उत्पादन हुने बस्तु, दाल, चामल, तेल, पिठो, मसाला, आदिले स्थानीय बजारको आवश्यकता पुर्ति गर्नुको साथै यिनले अन्य नगर तथा छिमेकी जिल्लाहरूको बजारको रूपमा सेवा समेत पुर्याइरहेका छन्।
- इटा, टाइल, ह्युमपाइप सम्बन्धि उद्योगहरू नगरको बढ्दो शहरीकरणका कारण स्थानीय बजारको आवश्यकता पूर्ति गर्नका साथै अन्य छिमेकि नगर तथा जिल्लाहरूको बजारमा समेत सेवा पुऱ्याएको देखिन्छ।

## ५.१२ खानीको स्रोत र उपयोगको स्थिति

नगरको खानीसम्बन्धी सम्भाव्यता अध्ययन गरेको हालसम्म पाइदैन तापनि नगरमा उपलब्ध हुने कच्चा पदार्थमा रोडा, ढुंगा, बालुवा आदि प्रसस्त मात्रामा पाइन्छ। हाल यसको उपयोग घर निर्माणका साथै सिमेन्ट ब्लक, खम्बा, पोल, ह्युमपाइप बनाउन नगरमा नै प्रयोग भएको पाइन्छ भने केही अंश बालुवा, गिट्टी, तथा ढुंगाहरू अन्य नगरमा समेत निर्यात गरिन्छ।

## ५.१३ अन्य आर्थिक विकासका सम्भावनाहरू

नगरमा आर्थिक विकासअन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार र ताल तलैयामा माछापालन व्यवसायजस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू प्रशस्त रहेका छन्।

समग्रमा यस नगरको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको सङ्ख्या अझै उच्च रहेको छ। नगरमा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भानाहरू रहेको छ।

नगरमा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वरा शक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा वस्न लायक जिवन्त स्थानको जोहो गर्न सकिनेछ।

नगरको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशु पञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई व्यावसायिक रूपमा विस्तार गरी यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र नगरको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस नगरमा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणीय मित्रवत प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

नगरका धेरै ठाउँहरूमा प्राकृतिक तालतलैयाहरू भएको र थप केही अन्य ठाउँहरूमा ताल निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र अन्य क्षेत्रबाट आयात हुने माछा प्रतिस्थापन भई नगरकै माछाले बजार लिने सम्भावना रहेको छ।

नगरका सामुदायिक वन उपभोक्ता समूहरूलाई सङ्गठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटीको खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारमुखी गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नति गर्न थप टेवा पुग्ने देखिन्छ ।

नगरमा रहेका मुख्य पर्यटकीय क्षेत्र हसिना सिमसार क्षेत्र, गोकुलम रिर्सोट जस्ता स्थान तथा विभिन्न जातजातिको मौलिक संस्कृतिका अतिरिक्त धेरै धार्मिक पर्यटकीय स्थलहरू रहेका छन्। यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रूपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ।

नगरमा बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस नगरका युवाहरूलाई व्यावसायिक तथा सिपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति सिर्जना गर्न सकेमा नगरको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ ।

## ५.१४ नगरको अर्थतन्त्रको विशिष्टिकरण

नगरको अर्थतन्त्रमा वनपैदावर र प्राकृतिक सम्पदाको संरक्षण गरी सतह तथा भूमिगत सिंचाइमा आधारित दिगो कृषि प्रणालीलाई नै मेरुदण्डको रूपमा लिन सकिन्छ। साथै यो नगर व्यापारिक केन्द्र तथा पर्यटकिय क्षेत्रको रूपमा समेत रहेको  छ। अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा नगरको विशिष्टता एवम् प्राथमिकता केन्द्रित गर्नु उपयुक्त देखिन्छ।

### ५.१४.१ बैंक तथा वित्तीय संस्थाको विवरण

तालिका नं. ८ : बैंक तथा वित्तीय संस्थाको विवरण

| क. स. | बैंकको नामावली | वडा |
|---|---|---|
| १ | सप्तकोशी डेभलप्मेन्ट बैंक | गणेश चोक, वडा नं. ८ |

स्रोत : नगरपालिका कार्यालय, २०७२

नगरको समग्र विकास क्षेत्रमा लगानी गर्न सप्तकोशी डेभलप्मेन्ट बैंक मात्र रहेको छ। यसका साथै विभिन्न सहकारीहरू मार्फत यहाँका उद्योग व्यवसायहरूमा कर्जा लगानी हुने गरेको देखिन्छ।

### ५.१४.२ सहकारी संस्थाको विवरण


तालिका नं. ९ : सहकारी संस्थाको विवरण

| कार्य/प्रकृति | बचत तथा ऋण | सहकारी संघ | बहुउद्देश्यीय | साना किसान | दूग्ध | कृषि, तरकारी, फलफूल तथा अन्य |
|---|---|---|---|---|---|---|
| संस्था सङ्ख्या | १७ | १ | ४ | २ | ३ | ६ |

स्रोत: डिभिजन सहकारी विभाग, २०७२

तालिकामा सुन्दरदुलारी नगरपालिकामा भएका सहकारी संघ/संस्थाहरूको विवरण देखाइएको छ। जसअनुसार बचत तथा ऋण सहकारी संस्था १७, बहुउद्देश्यीय ४, सहकारी संघ १, साना किसान २, दूग्ध ३ र कृषि, तरकारी, फलफूल तथा अन्य ६ गरी जम्मा ३३ वटा सहकारी संस्था संचालनमा रहेका छन्। त्यस्तै आफ्नै भवन भएका सहकरी संघसंस्थाको सङ्ख्या १, महिला व्यवस्थापनमा संचालन गरिएका ३ वटा रहेका छन्।

# सहकारी संस्थाको विवरण




तालिका नं. १० : नगरपालिका क्षेत्रभित्र रहेका सहकारी संस्थाको नाम तथा शेयर सदस्य सङ्ख्या विवरण

| क्र.सं. | संस्थाको नाम | शेयर सदस्य सङ्ख्या | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| | **बचत तथा ऋण सहकारी संस्थाहरू** | | | |
| १ | इकोनोमिक बचत तथा ऋण सहकारी संस्था लि. | २४ | ३० | ५४ |
| २ | गछिया बचत तथा ऋण सहकारी संस्था लि. | २०५ | ३०९ | ५१४ |
| ३ | गोठगाउँ बचत तथा ऋण सहकारी संस्था लि. | १८ | ५४ | ७२ |
| ४ | सुन्दरपुर बचत तथा ऋण सहकारी संस्था लि. | १०५६ | २९७ | १३५३ |
| ५ | पारिजात महिला बचत तथा ऋण सहकारी संस्था लि. | २०३ | ० | २०३ |
| ६ | प्रसुन बचत तथा ऋण सहकारी संस्था लि. | ७० | ६७ | १३७ |
| ७ | दुलारी बचत तथा ऋण सहकारी संस्था लि. | २७१ | २८९ | ५६० |
| ८ | दौतरी महिला बचत तथा ऋण सहकारी संस्था लि. | १९२ | ० | १९२ |
| ९ | न्यू नमूना बचत तथा ऋण सहकारी संस्था लि. | १२२ | १५२ | २७४ |
| १० | जब्दी बचत तथा ऋण सहकारी संस्था लि. | १८० | ८४ | २६४ |
| ११ | बुढीगंगा बचत तथा ऋण सहकारी संस्था लि. | ३९ | ८६ | १२५ |
| १२ | घर आँगन बचत तथा ऋण सहकारी संस्था लि. | १०८ | ८३ | १९१ |
| १३ | वलिया बचत तथा ऋण सहकारी संस्था लि. | ५३ | ८९ | १४२ |
| १४ | पिण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. | ९६ | ७७ | १७३ |
| १५ | सुरक्षा सामाजिक उद्यमी महिला सहकारी संस्था लि. | ८६३ | १४२ | १००५ |
| १६ | तिनपैनी बचत तथा ऋण सहकारी संस्था लि. | ९४ | ७१ | १६५ |
| १७ | सफल बचत तथा ऋण सहकारी संस्था लि. | २० | ६२ | ८२ |
| | **बहुउद्देश्य सहकारी संस्थाहरू** | | | |
| १ | वृद्धगंगा सम्वृद्धि बहुउद्देश्यीय सहकारी संस्था लि. | ९ | १६ | २५ |
| २ | येहांग बहुमुखी सहकारी संस्था लि. | ६० | ११२ | १७२ |
| ३ | प्रगति कृषक बहुमुखी सहकारी संस्था लि. | ७८ | ५ | ८३ |
| ४ | सहकारी संस्था लि. दुलारी | १८६ | ४५७ | ६४३ |

| | | | | |
|---|---|---|---|---|
| | **कृषिजन्य सहकारी संस्थाहरू** | | | |
| १ | कादम्विनी कृषि सहकारी संस्था लि. | १४ | ४५ | ५९ |
| २ | खोक्सी कृषि सहकारी संस्था लि. | ४४ | ५६ | १०० |
| ३ | जनभावना कृषि सहकारी संस्था लि. | १७४ | २१३ | ३८७ |
| ४ | अग्रणी सामुदायिक कृषि सहकारी संस्था लि. | ४२२ | २११ | ६३३ |
| ५ | विकल्प कृषि सहकारी संस्था लि. | १०९ | ९६ | २०५ |
| ६ | दुग्ध उत्पादक सहकारी संस्था लि. | १ | ३४ | ३५ |
| ७ | पञ्चायन दुग्ध उत्पादक सहकारी संस्था लि. | २९ | १७५ | २०४ |
| ८ | हसिना दुग्ध सहकारी संस्था लि. | ३० | ९३ | १२३ |
| ९ | साना किसान कृषि सहकारी संस्था लि. दुलारी | ४०८ | २४७ | ६५५ |
| १० | मोरंग सामुदायिक ग्रामीण विद्युत सहकारी संस्था लि. | १२ | १९ | ३१ |
| ११ | साना किसान सहकारी संस्था लि. सुन्दरपुर | ९६२ | २९७ | १२५९ |
| | **जम्मा सहकारी सदस्य सङ्ख्या** | ६१५२ | ३९६८ | १०१२० |

*श्रोत : डिभिजन सहकारी कार्यालय, मोरङ, आ.व. २०७१/७२*

### ५.१४.३ वित्तीय तथा व्यवसाय सेवा


यस नगरमा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने वित्तीय संस्थाहरूमा विकास बैंक र सहकारी जस्ता संस्थाहरू मार्फत कर्जा लगानी हुने गरेको छ भने व्यापार तथा सेवा गर्ने व्यक्तिहरूको सहयोगको लागि उद्योग वाणिज्य संघ, बस व्यवसायी समिति, होटल व्यवसायी संघ, निर्माण व्यवसायी संघ, मजदुर संगठनजस्ता संस्थाहरू कार्यरत रहेका छन् । यी संस्थाहरूमार्फत आफ्नो वर्गिय हितका कार्यक्रमहरू हुने गरेका छन् ।

# खण्ड ६: भौतिक तथा सार्वजनिक पूर्वाधार


## ६.१ भौतिक पूर्वाधार

### सडक तथा यातायात

Sundar-Dulari Municipality
Municipal Transport Master Plan



सुन्दरदुलारी नगरपालिकामा सतही यातायात नै एकमात्र यातायातको रुपमा रहेको छ। पूर्व-पश्चिम राजमार्ग यस नगरको यातायातको मेरुदण्डको रुपमा रहेको छ। बाँसबारी-तीनघरे-डाँगी सडक नै नगरको राजमार्गको उत्तर तर्फको बस्तीको लागि मुख्य सडकको रुपमा रहेको छ। नगरका धेरै जसो सडक संजालहरु साँघुरा ग्राभेल गरिएका छन्। यातायातका साधनहरु पनि धेरै कम मात्र चल्दछन्। उपयुक्त सडक तथा सार्वजनिक यातायातका साधनहरुको पहुँचमा कमिले गर्दा यस क्षेत्रको चहलपहलमा बाधा पुऱ्याएको देखिन्छ।




नगरभित्र बाह्रै महिना चल्ने कालोपत्र सडक ४ प्रतिशत (१०.४९ कि.मि.) मा बनेको छ। नगरभित्रका आन्तरिक सडकहरूमा ७८ प्रतिशत (२२९ कि.मि.) ग्राभेल सडक, १८ प्रतिशत (५३.८१ कि.मि.) कच्ची सडक गरी जम्मा सडकको कुल लम्बाई २९३.३ कि.मि. रहेको देखिन्छ। जसको विस्तृत विवरण चार्टमा उल्लेख गरिएको छ।

## ६.२ सडक सम्बन्धी विवरण

तालिका नं. १ : मुख्य सडक सम्बन्धी विवरण

| सि.नं. | सडकको नाम | किसिम | लम्बाई किमी | स्थान |
|---|---|---|---|---|
| १ | गोठगाउँ पू.विश्वविद्यालय सडक | कालोपत्रे | | वडा नं. १ |
| २ | ठडिया दक्षिण सडक | ग्राभेल | | वडा नं. १ |
| ३ | मालती मार्ग | ग्राभेल | | वडा नं. २ |
| ४ | बेलगाछी विश्वविद्यालय सडक | ग्राभेल | | वडा नं. २ |
| ५ | बेलगाछी त्रिजुगा सडक | ग्राभेल | | वडा नं. ८ |
| ६ | गणेशपुर मार्ग | कालोपत्रे | ०.४३६ | वडा नं. २ |
| ७ | नमुना शान्तिमार्ग | कालोपत्रे | ०.५४५ | वडा नं. ८ |
| ८ | लक्ष्मीनारायण मार्ग | कालोपत्रे | १.०४३ | वडा नं. ८ |
| ९ | दुलारी स्वास्थ्य चौकी जाने सडक | कालोपत्रे | ०.६७३ | वडा नं. ८ |
| १० | गछिया चौक लोचनी घेरावनी सडक | कालोपत्रे । ग्राभेल | ५.४७६ | वडा नं. ८ र ९ |
| ११ | महेश्वर मार्ग | ग्राभेल | ४.७८६ | वडा नं. ७, ४ |
| १२ | लोकमार्ग सभाहल तिनपैनी सडक | ग्राभेल | २.२४६ | वडा नं. ७, ४ |
| १३ | लोकमार्ग वडहरा सडक | ग्राभेल | १.३१२ | वडा नं १० |
| १४ | साजिलाल उमावि तिनपैनी सडक | ग्राभेल | | वडा नं. ६, ७ |
| १५ | बांसवारी तिनपैनी डाँगी सडक | ग्राभेल | ५.२३१ | वडा नं. ६, ५ |
| १६ | बलिया गौशाला वृन्दावन सडक | कालोपत्रे | ०.४३४ | वडा नं ६ |
| १७ | बलिया गोकुलम रिसोर्ट सडक | कालोपत्रे | | वडा नं. ११ |
| १८ | लालिगुरास मार्ग | कालोपत्रे | ०.७१६ | वडा नं. ११ |

नगरका ग्रामीण तथा नगरका केही क्षेत्रहरूमा बाह्रै महिना चल्ने सडक सञ्जाल विस्तार हुन सकेको छैन । नगरमा सिंचाइको व्यवस्था राम्रो भएकोले खाद्यान्न, कपास, ऊखु, परवल, आलु, तेलहन, दलहन, फलफूल, दुग्ध उत्पादन आदिको राम्रो उत्पादन भइरहेकोमा ग्रामिणस्तरमा स्तरीय सडकको अभावले उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन कठिनाइ परेको देखिन्छ । नगरमा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ ।  पूर्व-पश्चिम राजमार्ग भएर विभिन्न यातायातका साधनहरु जस्तै बस, जीप, ई-रिक्सा (सफारी) आदि सवारी सञ्चालनमा रहेको पाइन्छ । सुन्दरदुलारीको आन्तरिक र नगर बाहिरको बससेवाको सञ्जाल व्यापक रहेको देखिन्छ । यसका अतिरिक्त राजमार्ग भएर देशका विभिन्न भागहरूमा समेत दिवा तथा रात्री बस सञ्चालनमा रहेका छन् ।

सडक यातायताको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी सधान पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, पैदलयात्रीले सडक पार गर्ने जेब्रा क्रसिङ, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनी सम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रूपमा विकास गर्नु पर्ने देखिन्छ ।

## ६.३ सञ्चार

सञ्चार माध्यमको रुपमा नगरमा पत्रपत्रिका, रेडियो, टि.भि., मोबाइल, इन्टरनेट आदिको प्रयोग अत्यधिकमात्रामा बढ्दै गएको छ । सुन्दरदुलारी नगरपालिका कार्यालयका सबै शाखाहरूमा कम्प्यूटरबाट सेवा प्रदान भइरहेको छ । राजश्व शाखामा सम्पूर्ण बिलिङ कार्य कम्प्यूटराइज भएको र लेखा, जिन्सी, पञ्जिकरण, सफ्टवेयरबाट कार्य सम्पादन भैरहेको छ । नगरमा अनलाईन समाचार र वेबसाइटहरू पनि उपलब्ध छन् । नगरमा नेपाल टेलिकम र एनसेल दुवैको 3G Network उपलब्ध छ । NTC, Ncell, WorldLink, SUBISU, Lumbini Net आदि कम्पनीहरूले इन्टरनेट सेवा दिँदै आइरहेका छन् । सुन्दरदुलारी नगरपालिकाको पनि आफ्नै वेबसाईट www.sundardularimun.gov.np संचालनमा ल्याएका छन् । सामाजिक सुरक्षा कार्यक्रममा सहभागिताको विवरण MIS प्रणालीअन्तर्गत इन्टरनेटमा लगिएको छ साथै लाभग्राहीलाई भत्ता/वृत्ति/पोषण भत्ता जनता बैंक नेपाल, शाखा इटहरीको बैंकिङ प्रणालीबाट वितरण भैरहेको छ । नागरिक बडापत्रलाई मोबाईलमा Google play मार्फत हेर्न मिल्ने बनाइएको छ ।  गछिया एफ.एम निर्माणाधिन अवस्थामा रहेको छ भने गछियाबाट सञ्चालित पशुपति केवल मार्फत केवल टेलिभिजन सेवा उपलब्ध छ ।

### ६.३.१ टेलिफोन/मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस नगरका ११ ओटा वडाहरूमा ल्याण्डलाइन, सिडिएमए, एडिएसएल, मोबाइल, आदि सेवा नेपाल टेलिकम, एनसेल, यूटिएल जस्ता कम्पनीहरूले उपलब्ध गराएको देखिन्छ । ग्रामिण भेगहरूमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुऱ्याउन प्राविधिक कठिनाइको साथै बढी खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुऱ्याउनु पर्ने देखिन्छ ।

### ६.३.२ हुलाक सेवा


नगरमा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हुलाक सेवा हाल नगरका विभिन्न वडाहरूमा कार्यरत छन् । अतिरिक्त हुलाक वडा नं. १० र ७ बाट नगरभित्र र नगर बाहिर हुलाक सेवा प्रदान गरिरहेको छ । हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन् ।

#### ६.३.३ पत्रपत्रिकाको विवरण

मोरङ जिल्लाबाट दैनिक पत्रिका ३४ ओटा, साप्ताहिक ९१ ओटा र मासिक २९ ओटा, वार्षिक १, अन्य ३४ गरी हाल १८९ ओटा पत्रपत्रिकाहरू नियमित रूपमा प्रकाशित भई रहेका छन्। देशको केन्द्रबाट प्रकाशन हुने सबैजसो दैनिक अखबारहरू, साप्ताहिकहरू र मासिक पत्रिकाहरू समेत नगरका विभिन्न स्थानहरूमा पाइन्छ।

## ६.४ विद्युत तथा बैकल्पिक उर्जा

#### ६.४.१ दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण




नगरका सबै वडाहरूमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ। राष्ट्रिय जनगणना २०६८ (सन् २०११) अनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा विद्युत प्रमुख स्रोतको रूपमा रहेको देखिन्छ । नगरमा बत्ती बाल्न विद्युत प्रयोग गर्नेको घरधुरी सङ्ख्या ८६.६८ प्रतिशत रहेको छ । त्यस्तै नगरमा बसोबास गर्ने कुल घरधुरीको ११.८१ प्रतिशतले मट्टितेल, ०.५६ प्रतिशतले बायोग्याँस र ०.२९ प्रतिशतले सोलार प्रयोग गर्ने गरेको देखियो भने अन्य इन्धनको श्रोत प्रयोग गर्ने घरधुरीमा ०.०३ प्रतिशत र इन्धनको श्रोत नखुलेको ०.६३ प्रतिशत रहेको देखिन्छ। जसलाई दिइएको पाई चार्ट तथा तालिकामार्फत देखाइएको छ।

तालिका नं. २ : वडागत दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

| वडा नं. | बिजुली | मटीतेल | गोबरग्याँस | सोलार | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ७८३ | ६५ | ३ | ४ | ० | १ | ८५६ |
| २ | ६५८ | ६७ | १ | ० | ० | २ | ७२८ |
| ३ | ३९७ | ५६ | ० | २ | ० | ० | ४५५ |
| ४ | ५२५ | ८७ | १ | ० | ० | २ | ६१५ |
| ५ | ३४७ | ९८ | ० | ० | ० | १ | ४४६ |
| ६ | ८४२ | ९९ | १३ | ९ | ० | ३३ | ९९६ |
| ७ | ५५४ | ९९ | १३ | १ | १ | ४ | ६७२ |
| ८ | ६८६ | ८८ | ५ | ३ | ० | ० | ७८२ |
| ९ | ४१२ | ९६ | ० | १ | ० | ० | ५०९ |
| १० | ५५२ | ६९ | ३ | १ | ० | ० | ६२५ |
| ११ | ७५२ | ६३ | ३ | १ | १ | ४ | ८२४ |
| जम्मा | ६५०८ | ८८७ | ४२ | २२ | २ | ४७ | ७५०८ |
| प्रतिशत | ८६.६८ | ११.८१ | ०.५६ | ०.२९ | ०.०३ | ०.६३ | १००.०० |

श्रोत: केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११


### ६.४.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

तालिका नं. ३ : खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

| वडा नं. | काठ/दाउरा | मटीतेल | एल.पी. ग्याँस | कुइठा/ठोरहा | गोबरग्यास | बिजुली | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५५७ | ३ | २१३ | २ | ८० | ० | ० | १ | ८५६ |
| २ | ४५३ | १ | १८८ | १ | ८३ | ० | ० | २ | ७२८ |
| ३ | ४३२ | ४ | ९ | ० | १० | ० | ० | ० | ४५५ |
| ४ | ४९७ | १ | ४७ | ३ | ६४ | ० | १ | २ | ६१५ |
| ५ | ४२४ | १ | ४ | ० | १६ | ० | ० | १ | ४४६ |
| ६ | ५१८ | १९ | ३७२ | ४ | ५९ | ० | ० | २४ | ९९६ |
| ७ | ४०६ | १७ | २०० | ५ | ४० | ० | ० | ४ | ६७२ |
| ८ | ३६४ | ६ | २८८ | २३ | ८९ | १ | ११ | ० | ७८२ |
| ९ | २९४ | ५ | ३२ | ९३ | ८५ | ० | ० | ० | ५०९ |
| १० | ४३६ | ४ | १५४ | १ | २८ | ० | २ | ० | ६२५ |
| ११ | ३९१ | ३ | ३७१ | ० | ५५ | ० | ० | ४ | ८२४ |
| जम्मा | ४७७२ | ६४ | १८७८ | १३२ | ६०९ | १ | १४ | ३८ | ७५०८ |
| प्रतिशत | ६३.५६ | ०.८५ | २५.०१ | १.७६ | ८.११ | ०.०१ | ०.१९ | ०.५१ | १००.०० |

श्रोत: केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

सन् २०११ को जनगणनाअनुसार परिवारमा खाना पकाउन बढी प्रयोगमा आउने इन्धनको रूपमा दाउराको प्रयोग गर्ने घरधुरी ६३.५६ प्रतिशत, एल.पी. ग्याँस प्रयोग गर्ने २५.०१ प्रतिशत, गोबर ग्याँस प्रयोग गर्ने ८.११ प्रतिशत, कुइठा तथा ठोरहा प्रयोग गर्ने १.७६ प्रतिशत छन् भने मट्टितेल प्रयोग गर्ने घरधुरी ०.८५ प्रतिशत रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




### ६.४.३ बैकल्पिक उर्जा


नगरमा भएको ७,५०८ घरधुरी मध्ये केही घरपरिवारले खाना पकाउन, बत्ती बाल्न विभिन्न प्रकारका बैकल्पिक उर्जा प्रयोग गर्ने गरेको देखिन्छ। बैकल्पिक उर्जा प्रयोग तर्फ गोबर ग्याँस, सोलार बत्ती र सडक बत्ती बिक्रेट, सुधारिएको चुल्हो मुख्य रूपमा नगरमा प्रयोगमा आएका छन्।

नगरमा विद्युतीय समस्यालाई समाधान गर्न जेनेरेटर तथा हाईव्रिड सोलारको सुविधालाई व्यवस्थित गरिएको छ। तर मध्यम तथा निम्न वर्गका नगरबासीहरूले यस किसिमको सुविधा प्राप्त गर्न सकिरहेको छैन। यसैले बैकल्पिक उर्जाको वर्तमान स्थिति र जनताले यसक्षेत्रमा देखाएको आकर्षणलाई हेर्दा बैकल्पिक उर्जाको क्षेत्रमा विशेष ध्यान दिनुपर्ने देखिन्छ। तराईको क्षेत्र भएकोले गोबर ग्याँसको लागि उपयुक्त तापक्रम रहेको र जनसङ्ख्याकै हाराहारीमा पशुहरूसमेत रहेको सन्दर्भमा ती पशुहरूबाट प्राप्त गोबरलाई पूर्णरूपमा उपयोग गर्न सके वन अतिक्रमण रोकिनुको साथै महिलाहरूको स्वास्थ्यमा पर्ने नकारात्मक असरसमेत न्यून हुने हुँदा यसको लोकप्रियतामा व्यापक बृद्धि भएको देखिन्छ। यसका अतिरिक्त बिजुली मट्टीतेलको मूल्य बृद्धि पनि खेप्न नपर्ने एक पटकको लगानीले वर्षौंसम्म इन्धनको रूपमा निरन्तर प्रयोग गर्न सकिने र वनजङ्गलमाथि निर्भरता समेत कमी हुनाले वन तथा वातावरण संरक्षणको लागि समेत वैकल्पिक उर्जाको थप विकास तर्फ अत्यधिक ध्यान दिनुपर्ने देखिएको छ।

# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

## ७.१ शिक्षा

### ७.१.१ साक्षरताको अवस्था




सामाजिक एवम् मानव विकासको एक महत्त्वपूर्ण आयमको रूपमा साक्षरताको अवस्थालाई लिने गरिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस नगरको साक्षरता दर ७४.१० प्रतिशत (नेपालको ६५.९४ प्रतिशत र पूर्वाञ्चलको ६७.१२ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो नगरमा पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तैः यस नगरको पुरुषको साक्षरता दर ८१.६६ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ६७.५० प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा लगभग १४ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ।

तालिका नं. १ : वडागत साक्षरताको विवरण

| वडा नं. | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न र लेख्न नसक्ने | | उल्लेख नगरिएको | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| १ | १३४० | १२५० | १८ | २३ | २६३ | ६११ | ० | ० | १६२१ | १८८४ |
| २ | १०२७ | ९९४ | ५८ | ५७ | २९० | ५१७ | ० | १ | १३७५ | १५६९ |
| ३ | ६५० | ५९३ | ५ | १ | १९३ | ३४८ | ० | ० | ८४८ | ९४२ |
| ४ | ९४० | ९३९ | ६७ | ४५ | १७५ | ४०५ | ० | ० | ११८२ | १३८९ |
| ५ | ६९२ | ६३१ | ११ | १२ | १६६ | ३१३ | ० | १ | ८६९ | ९५७ |
| ६ | १४९० | १३८० | ११९ | १३४ | २३० | ५८३ | ० | ० | १८३९ | २०९७ |
| ७ | ९२४ | ९२० | ३६ | ७१ | १९८ | ४०० | ५ | ४ | ११६३ | १३९५ |
| ८ | १२०० | ११६० | ६ | १५ | २०६ | ४७५ | ० | ० | १४१२ | १६५० |
| ९ | ८४३ | ७०२ | १२ | १६ | १७८ | ४३७ | ० | ० | १०३३ | ११५५ |
| १० | ९८४ | ९५१ | १० | १० | १८३ | ४१७ | ० | ० | ११७७ | १३७८ |
| ११ | १४१७ | १३७८ | ३० | २५ | १२५ | ३२६ | ० | ० | १५७२ | १७२९ |
| जम्मा | ११५०७ | १०८९८ | ३७२ | ४०९ | २२०७ | ४८३२ | ५ | ६ | १४०९१ | १६१४५ |
| प्रतिशत | ८१.६६ | ६७.५० | २.६४ | २.५३ | १५.६६ | २९.९३ | ०.०४ | ०.०४ | १००.०० | १००.०० |


श्रोतः केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

## ७.१.२ शैक्षिक जनशक्तिको विवरण

तालिका नं. २ : शैक्षिक जनशक्तिको विवरण

| स्कूल नगएको | प्राथमिक तह | नि.मा.वि. तह | मा.वि. तह | एस.एल.सी. तह | प्रमाणपत्र तह | स्नातक तह | स्नातकोत्तर तह र सोभन्दा माथी | अन्य | अनौपचारिक शिक्षा | उल्लेख नभएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७४२ | ७७८२ | ४७६६ | ३३४४ | २८२१ | ११६६ | ३६६ | १५६ | ५ | १३९५ | १४९ | २२६९२ |
| ३.२७ | ३४.२९ | २१.०० | १४.७४ | १२.४३ | ५.१४ | १.६१ | ०.६९ | ०.०२ | ६.१५ | ०.६६ | १००.०० |

श्रोत : केन्द्रिय तथ्याङ्क विभाग, सन् २०११




कुल साक्षर जनसङ्ख्या २२ हजार ४ सय ५ जना मध्ये ४ हजार ५ सय ९ जना अर्थात् १९.८७ प्रतिशतले मात्र प्रवेशिका तथा सोभन्दा माथिल्लो शैक्षिकस्तर प्राप्त गरेका छन्। जसमा ११ हजार ५ सय ७ जना साक्षर पुरुष मध्ये २ हजार ३ सय ८४ जनाले मात्र प्रवेशिका तथा सोभन्दा माथिल्लो शैक्षिकस्तर प्राप्त गरेका छन् भने १० हजार ८ सय ९८ जना साक्षर महिला मध्ये २ हजार १ सय २५ जनाले मात्र प्रवेशिका तथा सोभन्दा माथिल्लो शैक्षिकस्तर प्राप्त गरेका छन्। प्राप्त शैक्षिकस्तरको तथ्याङ्क हेर्ने हो भने यस नगरमा ठुलो सङ्ख्यामा प्राथमिक तह पूरा गरेका अर्थात् ३४.२९ प्रतिशत रहेका छन् भने त्यसपछि दोस्रो स्थानमा निम्न माध्यमिक २१.० प्रतिशत, तेस्रो स्थानमा माध्यमिक १४.७४ प्रतिशत रहेका छन्। अनौपचारिक शिक्षाका साथै व्यावसायिक शिक्षा तर्फ पनि विशेष ध्यान दिनु पर्ने देखिन्छ। अत: यी विविध सूचकहरूको अध्ययन गर्दा नगरमा शिक्षा क्षेत्रमा थप सुधारको आवश्यकता रहेको देखिन्छ। नगरमा रहेको साक्षरताको विवरण तालिकामा उल्लेख गरिएको छ।

## ७.१.३ विषयगत शैक्षिक जनशक्तिको विवरण


तालिका नं. ३ : विषयगत शैक्षिक जनशक्तिको विवरण

| वडा नं. | मानविकी र कला | व्यपार र प्रशासन | शिक्षा | विज्ञान | स्वस्थ्य | इन्जिनीयरिङ्, विनिर्माण र निर्माण | कानुन | सामाजिक र व्यवहारिक विज्ञान | गणित र तथ्याङ्क | कृषि, वन र मत्स्य | कम्प्युटिङ्ग | पत्रकारीता र सूचना | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १७ | २६ | १४ | २ | ० | १ | १ | २ | २ | २६ | २६ | २६ | २६ | २३ | १९२ |
| २ | ४३ | ३५ | ४० | २ | ४ | ० | २ | १३ | ० | १ | ० | ० | १ | २३ | १६४ |
| ३ | १० | १४ | ११ | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ३६ |
| ४ | ३० | ४४ | २१ | ० | ३ | ४ | १ | ६ | ० | १ | २ | ० | ० | ३ | ११५ |
| ५ | ८ | ४ | ३ | १ | ० | ० | १ | ० | ० | १ | ० | ० | ७ | २० | ४५ |
| ६ | ७३ | ८३ | ५५ | १३ | ४ | ० | ० | २ | ० | १६ | २ | ० | ५ | २५ | २७८ |
| ७ | ४० | ७० | २१ | ७ | ० | ५ | ३ | ५ | ० | ० | १ | ० | ० | १४ | १६६ |
| ८ | ४६ | ९६ | ७७ | १८ | ३ | २ | ४ | २ | ० | २ | २ | ० | ० | १४ | २६६ |
| ९ | १९ | २७ | २३ | ३ | ० | १ | ४ | ९ | ० | ० | ० | ० | ० | २ | ८८ |
| १० | १७ | ४४ | २१ | ११ | ० | २ | १ | ५ | ० | ० | ० | ० | ० | १४ | ११५ |
| ११ | ६३ | ७९ | ४३ | ९ | ३ | १ | ५ | १६ | २ | २ | २ | ० | ० | २६ | २५१ |
| जम्मा | ३६६ | ५२२ | ३२९ | ६६ | १७ | १६ | २२ | ६१ | ४ | ४९ | ३५ | २६ | ३९ | १६४ | १७१६ |
| प्रतिशत | २१.३३ | ३०.४२ | १९.१७ | ३.८५ | ०.९९ | ०.९३ | १.२८ | ३.५५ | ०.२३ | २.८६ | २.०४ | १.५२ | २.२७ | ९.५६ | १००.०० |

श्रोत : केन्द्रिय तथ्याङ्क विभाग, सन् २०११

नगरमा विभिन्न सङ्कायमा अध्ययन गरेका शैक्षिक जनशक्तिको विवरण वडागत रूपमा देखाइएको छ। जसमा सबैभन्दा धेरै ३०.४२ प्रतिशत व्यापार र प्रशासन विषय लिएर अध्ययन गरेको देखिन्छ भने दोस्रोमा २१.३३ प्रतिशत मानविकी, तेस्रोमा १९.१७ प्रतिशत शिक्षा विषय लिएर अध्ययन गरेको पाईन्छ । नगरमा प्राविधिक जनशक्तिको सङ्ख्या अत्यन्त न्यून देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

विषयगत शैक्षिक जनशक्तिको विवरण




## ७.१.४ उमेर समूहअनुसारको जनसङ्ख्या र विद्यालय गइरहेको जनसङ्ख्या विवरण


तालिका नं. ४ : उमेर समूहअनुसारको जनसङ्ख्या र विद्यालय गइरहेको जनसङ्ख्या विवरण

| विवरण | उमेर समूह | कुल जनसङ्ख्या | | | विद्यालय गइरहेको जनसङ्ख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | प्रतिशत |
| पूर्व प्रा.वि. .नर्सरी, किन्डरगार्डन) जाने उमेर समूह | ३-४ वर्ष | N/A | N/A | N/A | N/A | N/A | N/A | N/A |
| आधारभूत तहमा जाने उमेर समूह (कक्षा १-८) | ५-१२ वर्ष | २४९० | २२३८ | ४७२८ | २४४८ | २२०३ | ४६५१ | ९८.३७ |
| मा.वि. जाने उमेर समूह (कक्षा ९-१०) | १३-१४ वर्ष | ९५ | १०९ | २०४ | ८६ | १०२ | १८८ | ९२.१६ |
| उच्च मा.वि. (Higher Secondary School) जाने उमेर समूह (१०+२) | १५-१७ वर्ष | २ | ६ | ८ | २ | ४ | ६ | ७५.०० |
| जम्मा | | २५८७ | २३५३ | ४९४० | २५३६ | २३०९ | ४८४५ | |

श्रोत : केन्द्रिय तथ्याङ्क विभाग, सन् २०११

यस तालिकामा स्कुल जाने उमेर समुहको जनसङ्ख्या र विद्यालय गइरहेको जनसङ्ख्याको तुलनात्मक विवरण उल्लेख गरिएको छ। जसमा ३ देखि ४ वर्ष उमेर समुहका बालबालिकाहरू कोही पनि स्कुल गएको देखिदैन। ५ देखि १२ वर्ष उमेर समुहको जनसङ्ख्या मध्ये ९८.३७ प्रतिशत स्कुल गएको देखिन्छ भने बाँकी १.६३ प्रतिशत स्कुल गएको देखिदैन। त्यस्तै १२ देखि १४ वर्ष उमेर समुहको जनसङ्ख्याको ९२.१६ प्रतिशत सङ्ख्या स्कुल गएको देखिन्छ भने ७.८४ प्रतिशत स्कुल गएको देखिदैन। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

### ७.१.५ नगरमा रहेका शिक्षण संस्थाहरूको विवरण शैक्षिक पूर्वाधार तथा सेवा




विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्र नै सर्वोपरि भुमीका अनिवार्य रहन्छ। नगरमा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धि भने प्राप्त गर्न सकिएको छैन। तथापि योजनाबद्ध रूपमा शैक्षिक पूर्वाधार एवम् सेवा विस्तार गर्ने प्रयास हुँदै आएको छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ। स्थानीय स्वायत्त शासन ऐन २०५५, लागू भए पछि स्थानीय सरकारको रूपमा नगरको समग्र विकासको निम्ति नगरपालिकालाई नयाँ र गहन जिम्मेवारीहरू थपिदैं आएको छ। अहिले नगरको शैक्षिक विकास लगायत सबै क्षेत्रमा न.पा.को नेतृत्वदायी एवम् समन्वयकारी भुमीका रहदै आएको छ।

शिक्षा क्षेत्रको परिशुचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिने छ। यसै अनुरूप यस नगरमा आ.व. २०७१/७२ सम्म सञ्चालन भइरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण निम्न तालिकामा दिइएका छन्। नगरमा पठनपाठनका लागि ५० भवन उपलब्ध छन् जसमा १७२ वटा कक्षाकोठा रहेको छ भने प्रावि सङ्ख्या १४, मावि १, उमावि ४ रहेको देखिन्छ जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ५ : नगरमा रहेका सामुदायिक शिक्षण संस्थाहरूको तहगत विवरण

| भवन सङ्ख्या | कोठा सङ्ख्या | तहगत विवरण | | | |
|---|---|---|---|---|---|
| | | प्रा.वि. | नि.मा.वि | मा.वि. | उ.मा.वि. |
| ५० | १७२ | १३ | १ | ४ | १ |

स्रोतः जिल्ला शिक्षा कार्यालय, मोरङ, २०७२

### ७.१.६ परिसुचकहरूको विश्लेषण

नगरमा शिक्षणसंस्थाको बढ्दो सङ्ख्या तथा औपचारिक तथा प्राविधिक शिक्षा तर्फ निजी क्षेत्रको बढ्दो आकर्षण एक सकारात्मक पक्षका रूपमा देखिएको छ। तर नेपाल सरकारको ठुलो लगानी भइरहेको अनौपचारिक तथा औपचारिक शिक्षाबाट बाञ्छित प्रतिफल नहुनुको कारणमा कार्यान्वयन पक्ष कमजोर रहेको देखिन्छ। यसलाई अझ सुदृढ बनाउनु आवश्यक भएको छ।

### ७.१.७ विभिन्न तहका विद्यार्थीहरूको विवरण


तालिका नं. ६ : शैक्षिक सत्र २०७२ मा विभिन्न तहका विद्यार्थीहरूको विवरण

| तह | सामुदायिक विद्यार्थी सङ्ख्या | | | संस्थागत विद्यालय | | विद्यार्थी भर्नादर |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | |
| प्राथमिक (कक्षा १ देखि ५ सम्म) | ८१६ | १००१ | १८१७ | ११०४ | १४१२ | २४१ |
| निम्न माध्यमिक (कक्षा ६ देखि ८ सम्म) | ५२२ | ५९४ | १११६ | ५६० | ६६७ | ३८७ |
| माध्यमिक (कक्षा ९ र १०) | २१३ | ३४९ | ५६२ | २६० | ३१५ | १२८ |
| उच्च माध्यमिक (कक्षा ११ र १२) | २५२ | -२२० | ४७२- | | | - |
| **कूल जम्मा** | १५५१ | १९४४ | ३४९५ | | | ७५६ |

स्रोतः जिल्ला शिक्षा कार्यालय, मोरङ, २०७२

तालिका नं. ७ : दलित विद्यार्थीहरूको विवरण

| तह | दलित विद्यार्थी सङ्ख्या |
|---|---|
| प्रावि | ५४८ |
| निमावि | १७४ |
| उमाविको जम्मा | ६० |
| **कूल जम्मा** | ७८२ |




### ७.१.८ प्राथमिक शिक्षामा विद्यार्थीको शैक्षिक उपलब्धि र अवस्था सम्बन्धी तुलनात्मक विवरण

सुन्दरदुलारी नगरको शैक्षिक विकासको प्रयासलाई २०२८ साल अघि र पछिको अवधिमा तुलनात्मक रूपले अययन गर्दा प्रशस्त विकास भएको देखिन्छ। तर आधारभुत क्षेत्रका परिसुचकहरूको अध्ययन गर्दा थप सुधारको आवश्यकता रहेको पाइन्छ। यस नगरमा शैक्षिक संस्थाहरूको स्थापनाको क्रम २०१७ साल पछि प्राथमिक तहबाट सुरुवात भई क्रमिक रूपमा विकास भएको देखिन्छ। राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु भए पछि विद्यालय स्थापना सञ्चालन गतिविधिहरूमा क्रमिक रूपमा बृद्धि हुँदै आएको तथा प्राथमिक शिक्षा परियोजना लागु भए पछि विद्यालयको भौतिक सुधार, शिक्षक तालिम, स्रोत केन्द्र स्थापना र निरिक्षण एवम् अनुगमन जस्ता महत्त्वपूर्ण कार्यहरू सुरु भएको देखिन्छ। तत्पश्चात, आधारभुत तथा प्राथमिक शिक्षा परियोजनाले औपचारिक शिक्षाको विकासमा महत्त्वपूर्ण भुमीका खेलेको पाइन्छ। त्यस्तै औपचारिक शिक्षामा निजी क्षेत्रको सहभागिताले नयाँ आयाम थपेको तथा नगरको शैक्षिकस्तर सुधार्नमा समेत प्रशस्त सहयोग गरेको छ भने प्राविधिक एवम् व्यावसायिक शिक्षा तर्फ निजी क्षेत्रले अपेक्षाकृत रूपमा महत्त्वपूर्ण भुमीका खेलेको कुरा निर्विवाद छ।

नगरमा रहेका कूल बालबालिका मध्ये द्वन्द्व पिडित, दलित, अपाङ्ग, आदिबासी समुदायका बालबालिकाहरूको विद्यालयमा पहुँच न्यून भएको हुँदा शिक्षामा लक्षित वर्गको सहभागितामा वृद्धि गर्ने उद्देश्यले विभिन्न तहमा छात्रवृत्ति दिएको देखिन्छ। तर लक्षित वर्गको सहभागितामा अपेक्षित सुधार ल्याउन सकेको देखिँदैन। जसलाई विशेष महत्त्वका साथै लक्षित समूह केन्द्रित कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने देखिन्छ।

### ७.१.९ विद्यार्थी भर्नादर

नगरमा रहेका बालबालिकाहरूको विद्यालय भर्नादर जिल्लाको शैक्षिक गतिविधिको परिसुचक हो। विगतका विविध शैक्षिक गतिविधिले गर्दा नगरको विद्यार्थी भर्ना सम्बन्धि परिसुचक सकारात्मक देखिएको छ। नगरमा आ.व. २०७२/७३ मा सहजै देखिने भर्ना दर (GER) प्राथमिक तहमा २४१, निमावि तहमा ३८७, मावि तहमा १२८ रहेको देखिन्छ।


नगरमा रहेका कुल बालबालिकामध्ये मुक्त कमैया, दलित आदिवासी समुदायका बालबालिकाहरूको विद्यालयमा पहुँच निकै न्युन देखिएको छ। यी समुहहरूको लागि विविध कार्यक्रमहरूको व्यवस्था गरिएको भनिएता पनि समूहको शिक्षामा अपेक्षित पहुँच नहुनु नगरको शैक्षिक विकासको लागि ठुलो अवरोधका रूपमा रहेको देखिन्छ।

यस नगरमा पूर्व प्राथमिक शिक्षा (३-५ वर्ष) का लागि प्राय: सबै निजी तथा आवासिय विद्यालयहरूले शिक्षा सञ्चालन गरेको देखिन्छ। जिल्ला शिक्षा कार्यालयद्वारा विभिन्न सरकारी विद्यालयहरूले समेत बाल विकास केन्द्रको स्थापना गरी पूर्व प्राथमिक शिक्षाको सुरुवात गरेको देखिन्छ। नगरमा विभिन्न निकायहरूबाट शिक्षामा भएको लगानी अनुरूप चाहेजस्तो पूर्ण प्रतिफल प्राप्त हुन नसकेको भएतापनि उर्त्तिणदर सकारात्मक रूपमा नै लिन सकिन्छ।

### ७.१.१० सामुदायिक विद्यालयहरूमा कार्यरत सरकारी कोटाका शिक्षक/शिक्षिकाहरूको विवरण

तालिका नं. ८ : सामुदायिक विद्यालयहरूमा कार्यरत सरकारी कोटाका शिक्षक/शिक्षिकाहरूको विवरण

| विद्यालयको तह | शिक्षक/शिक्षिका सङ्ख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्वीकृत दरबन्दी | | राहत दरबन्दी | | जम्मा | | कुल जम्मा |
| | शिक्षक | शिक्षिका | शिक्षक | शिक्षिका | शिक्षक | शिक्षिका | |
| प्रा.वि. | १७ | २० | १ | १० | १८ | ३० | ४८ |
| नि.मा.वि. | ७ | १ | ० | १ | ७ | २ | ९ |
| मा.वि. | ४२ | ४ | ५ | ६ | ४७ | १० | ५७ |
| उ.मा.वि. | १७ | ८ | ० | ० | १७ | ८ | २५ |
| जम्मा | ८३ | ३३ | ६ | १७ | ८९ | ५० | १३९ |



### ७.१.११ संस्थागत विद्यालयमा शिक्षकको संख्या :

सुन्दरदुलारी नगरपालिका अन्तरगत रहेका नगरपालिकामा दर्तावाला संस्थागत विद्यालयहरुमा कुल २१८ शिक्षक। शिक्षिका रहेको , जसमध्ये १३२ शिक्षक र ८६ शिक्षिका रहेको पाईएको छ।

### ७.१.१२ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

- **विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु :** विद्यार्थीहरू प्रथमकि तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरूको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रूपमा देखिएको छ।
- **कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु :** प्राथमिक तहको विद्यार्थीहरूको तथ्याङकलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ।
- **दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु :** विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु नगरको शैक्षिक विकासको चुनौतीको रूपमा रहेको छ।
- **दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर :** नगरको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरूको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो।
- **विद्यालयहरू आर्थिक रूपले कमजोर हुनु :** नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिको समेत आवश्यक श्रोत जुटाउन नसकेको कारण बहुसंख्य विद्यालयहरूको आर्थिक स्थिति निकै कमजोर देखिन्छ। दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्न बाधा पुगेको देखिन्छ।
- **अभिभावकहरू चनाखो नहुनु :** बालबालिकाहरूको शैक्षिक प्रगतिबारे अभिभावकहरूको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरूको स्थितिबारे अभिभावकलाई जानकरी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ।
- **शिक्षक दरबन्दी कम हुनु :** दरबन्दीअनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरू खाली रहने गरेको देखिन्छ। यसरी शिक्षकहरू तालिममा जाँदा, सुत्केरी बिदा वा सञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालिन शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन। एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहुनु अर्कोतर्फ स्थानीय निकाय एवम् व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन।
- **राजनीतिकरण हुनु :** विभिन्न राजनीतिक पार्टीहरूले शिक्षकहरूको सङ्गठनहरू मार्फत शिक्षकहरूलाई आफ्नो पार्टीस्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ। राजनीतिक पार्टीहरूको दबावका कारण जिल्ला शिक्षा कार्यालयले त्यस्ता शिक्षकहरूमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ। यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरूलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रूपमा प्रयोग गर्दै आएको देखिएको छ।
- **शिक्षकहरूमा प्रतिबद्धताको कमी :** शिक्षकहरूले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रूपमा देखा परेको छ। प्राय: पठन-पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रूपमा देखिएको छ।
- **आधुनिक प्रविधिको प्रयोग नहुनु :** सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरू बञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ। प्राय: धेरै विद्यार्थी र शिक्षकहरू कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेका छन्।

## ७.२ स्वास्थ्य

पूर्वाञ्चल विकास क्षेत्रको तराई भागमा अवस्थित मोरङ जिल्ला अन्तर्गतको यो नगरपालिका सुगम रहनुका साथै स्वास्थ्य, सरसफाइ तथा समुदायको स्वस्थकर बानी व्यवहार पनि अनुकुल नै देखिन्छ। राजनितिक रूपमा ११ वडाहरूमा विभाजित यस नगरका अधिकांश जनताले आवश्यकता अनुसारको स्वास्थ्य सेवा आंशिक रूपमा भएपनि लिने गरेका छन्। नगरमा प्रमुख रूपमा पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत संचालित शिक्षण अस्पतालले यस क्षेत्रको स्वास्थ्य सेवामा ठूलो योगदान पुऱ्याएको छ। त्यसका अतिरिक्त नगरको वडा नं. ६ र ८ मा २ ओटा स्वास्थ्य चौकी रहका छन्। साथै नगरको वडा नं. १० मा शहरी स्वास्थ्य क्लिनिक शुरु भएको साथै निजी स्वास्थ्य क्लिनिकहरू पनि रहेका छन्। तथापि ग्रामीणस्तरमा उपचारात्मक स्वास्थ्य स्थिति कमजोर रहेको छ।

तालिका नं. ९ : स्वास्थ्य संस्थाहरूको विवरण

| क्र.सं. | स्वास्थ्य संस्थाको नाम | वडा |
|---|---|---|
| १. | पूर्वाञ्चल विश्वविद्यालय शिक्षण अस्पताल | १ |
| २. | स्वास्थ्य चौकी (सुन्दरपुर र दुलारी) | ६ र ८ |
| ३. | शहरी स्वास्थ्य क्लिनिक | १० |

पूर्ण खोप सुनिश्चित भएको यस नगरपालिकामा खोपका लागि स्वास्थ्य क्लिनिकका वडागत ईकाईहरु वडा नं. १, ८, ९ र ११, पाथीभरा स्वास्थ्य केन्द्र लगायत नगर क्षेत्रमा १० वटा खोप सेवा केन्द्रबाट संचालन गरिएको साथै स्वास्थ्य चौकीसम्म जानको लागि सहजता ल्याउनका पहुँचमार्गमा स्तारोन्नति गरिएको छ। जसबाट नगरका ६२५० घरधुरीले नै ८३ प्रतिशतले सेवा प्राप्त गरेको देखिन्छ। यसैगरी ५ वर्षमुनिका सम्पूर्ण बालबालिकाहरूको लागि पूर्ण खोप शुनिश्चितता, बालपोषण लगायतका कार्यक्रम र महिला स्वास्थ्य स्वयंसेवीकाहरू मार्फत भर्गवती महिलाहरूको स्वास्थ्य सुधारका कार्यक्रमहरू संचालन गरिँदै आएकोमा ८६ प्रतिशत बालबालिका तथा महिलाहरूले सेवा प्राप्त गरेको पाइन्छ। त्यस्तै नगरमा महिला स्वास्थ्य स्वयंसेविकाहरू मार्फत् अभियानमा सरीक गराउन जनचेतनामुलक कार्यक्रम संचालन गरेको तथा नेपाल सरकारको राष्ट्रिय कार्यक्रम अनुसारको सेवा व्यवस्थापन गरिएको छ। यस्ता संचालित कार्यक्रमबाट ७१० जना जनसंख्यामा (एक वर्षमुनिका बालबालिकाको आधारमा) खोपमा पहुँच भएको देखिन्छ। सुन्दरपुर स्वास्थ्य चौकी र दुलारी स्वास्थ्य चौकीबाट गर्भवती महिलाहरूको लागि चारपटक जाँच गर्ने सेवा उपलब्ध गराउँदै आएको छ र यसका लागि महिला स्वास्थ्य स्वंयसेविकाहरूबाट सहजीकरण भएको हुँदा नगरका ३४१ जना महिलाहरूले सेवा प्राप्त गरेको पाइएको छ भने ७२ जना महिलाहरूले सुन्दरदुलारी नगरको नजिकैको इटहरीमा रहेको सामुदायिक अस्पतालमा गई दक्ष प्रसुति गराउने गरेको पाइएको छ। यसरी हेर्दा नगरमा सुरक्षित मातृत्वको अवस्था राम्रो देखिएको छ।

### ७.२.१ एच. आई. भी./एड्सको अवस्था:

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एचआईभीको प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका पनि यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरूपमा प्रभावित हुदै गएका छन्। हाल नेपालमा एचआईभी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिनासम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एचआइभी संक्रमण मध्ये १६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एचआइभी संक्रमण भेटिएको छ। भारतलगतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रूपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एचआइभीको प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। जिल्ला एड्स समन्वय शाखाको तथ्याङ्कअनुसार मोरङ जिल्ला पनि एच.आई.भी./एड्सको जोखिममा रहेको छ।

### ७.२.२ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदादेखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलत: आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनु पर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा प्रतिकुल असर पुग्ने भएकाले सरकारले कानुनी रूपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। तर १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन्। (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)।

सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरै मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन।

### ७.२.३ खोपको विवरण

बालबालिका स्वस्थ र निरोगी हुनु आवश्यक छ। बालक अवस्थामा उनीहरूलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रमा दिनै पर्दछ। बालबालिकाहरूको लागि पाँचओटै खोपहरू नियमित पुरा मात्रमा दिनु पर्दछ। नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रूपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। सुन्दरदुलारी नगरपालिका मिति २०७२ चैत्र १७ मा पूर्ण खोप सुनिश्चित नगरपालिका घोषणा भएकोले यस खोप कार्यक्रमबाट उल्लेख्य रूपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुऱ्याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ।

### ७.२.४ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाइ विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ। नेपाल जनसंख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवम् मृत्युका कारणका रूपमा निमोनिया, झाडापखाला, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ। कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

### ७.२.५ शिशु तथा ५ वर्ष बाल मृत्युदर

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११ अनुसार शिशुमृत्यदर सन् १९९६ मा ७९ प्रतिहजार थियो भने सन् २००१ मा क्रमश: घट्दै ६४ प्रतिहजारमा पुगेको छ। सन् २००६ को उक्त सर्वेक्षणअनुसार ४८ प्रतिहजार पुगेको थियो। त्यस्तै सन् २०११ को सर्वेमा शिशु मृत्युदर ४६ प्रतिहजारमा झरेता पनि अघिल्लो सर्वेसँग तुलना गर्दा झिनो मात्रै अन्तर देखिएको छ।

### ७.२.६ बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था कस्तो छ भन्ने कुरा त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सुचकको रूपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रूपमा बालबृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, वेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लखे गरेको छ। नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रूपमा राखेको छ।

## ७.३ खेलकुद तथा मनोरञ्जन

खेलकुद क्षेत्रलाई प्रवर्द्धन र विकास गर्नको लागि सुन्दरदुलारी नगरपालिकामा नगरस्तरीय खेलकुद विकास समिति क्रियाशिल हुदै गएको छ। नगरपालिकाबाट खेलकुद विकास समितिसंगको सहकार्य र समन्वयमा खेलमैदान निर्माण, खेलकुद पर्यटन विकास जस्ता विषयमा अग्रसरता बढेको देख्न सकिन्छ।

तालिका नं. १० : खेलकुद स्थलको विवरण

| क्र.स. | विवरण |
|---|---|
| १ | साजिलाल उमाविको मैदान |
| २ | सामुदायिक वनको क्षेत्र |
| ३ | नमुना र श्रृजना सामुदायिक वनको फुटबल मैदान |
| ४ | विद्यालयहरुको खेल मैदान |

## ७.४ नागरिक सुरक्षा सेवा

### ७.४.१ सामाजिक सूचकहरू

यस नगरमा शारीरिकरूपले कमजोर एवम् सामाजिक हिसाबले पछाडि परिएका अनाथहरू, बालबालिकाहरू, बृद्ध-बृद्धाहरू तथा अपाङ्गहरूको सुरक्षा एवम् स्याहार सुसारको लागि विभिन्न क्षेत्रमा अपाङ्ग पुर्नस्थापना केन्द्र, बालविकासकेन्द्रहरू रहेका छन्। यस्तै नगरमा वडास्तरमा ११ वटा वडास्तरीय बालसंजाल र विभिन्न विद्यालयमा २१ वटा बाल क्लबहरू रहेको पाइन्छ। यही गणनाको नतिजा अनुसार यस नगरमा ७० वर्ष र सोभन्दा माथिल्लो उमेरका बृद्ध–बृद्धाको संख्या ११७६ जना रहेको छ। जस मध्ये ५४८ जना बृद्ध र ६२८ जना बृद्धा रहेका छन्। त्यसै गरी कुल आपङ्गहरूको संख्या ६१३ मा ३७ जना चाहिं मानसिक अपाङ्गहरू रहेका छन्। विधुवा-विधुरहरूको संख्या ८८८ जना मध्ये १८१ जना विधुर र ७०७ जना विधुवा रहेका छन्। पारपाचुके गरेर बसीरहेकाहरू २० जनामा ९ पुरुष र ११ जना महिला रहेका छन्। ७२ जनाले कानूनीरूपमा सम्बन्ध विच्छेद नगरेतापनि एकअर्कासँग छुट्टिएर बसेका छन्। यसरी एकअर्कासँग छुट्टिएर बसीरहेकामा २१ जना पुरुष तथा ५१ जना महिला रहेका छन्। सामाजिक परिसूचकहरूको सुधारको लागि नगरपालिकामा जेष्ठ नागरिक समाज, दलित एकता समाज, आदिबासी जनजाति समन्वय समिति, पिछडावर्ग उत्थान समिति, आमा समूह, भजन समूह, जस्ता संस्थाहरु क्रियाशिल भई नगरपालिकासंग समन्वयमा विभिन्न कार्य हुदै गरेको पाईएको छ।


| सि. नं. | विवरण | जेष्ठ नागरिक | | | दलित जेष्ठ नागरिक | | | | | एकल | | | विधुवा | | | पूर्ण अशक्त अपाङ्गता | | | | | आंशिक अशक्त, अपाङ्गता | | | ५ वर्ष मूनिका दलित बालब लका | | | जम्मा संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७० वर्ष माथिका | | ७० वर्ष मुनिका | | | | | | | | | ७० वर्ष माथिका | | ७० वर्ष मुनिका | | | | | | | | | | |
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | महिला | पुरुष | कुल जम्मा | ७० वर्ष माथि | ७० वर्ष मुनी | कुल जम्मा | ७० वर्ष माथि | ७० वर्ष मुनी | कुल जम्मा | महिला | पुरुष | महिला | पुरुष | कुल जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | |
| १ | नयाँ परिचयपत्र वितरण संख्या | ४९ | ८४ | १३३ | - | - | ८ | ६ | १४ | - | ३६ | ३६ | - | ५५ | ५५ | - | - | ३ | ३ | ६ | १४ | १८ | ३२ | १४ | १० | २४ | २८० | |
| २ | यस आ.व.मा परिचय पत्र नविकरण गरेकाको संख्या | ६९२ | ५४३ | १२३५ | ५ | ७ | ५८ | २९ | ९९ | ४१ | २४९ | २९० | १ | ४३८ | ४३९ | - | - | ३१ | ३१ | ६२ | १७ | १८ | ३५ | ८२ | ९७ | १७९ | २३३९ | |
| ३ | बसाई सरी आएका | ६ | ९ | १५ | - | - | १ | - | १ | - | १ | १ | - | १ | १ | - | - | २ | १ | ३ | - | - | ० | - | - | ० | २१ | |
| ४ | जम्मा संख्या | ७४७ | ६३६ | १३८३ | ५ | ७ | ६३ | ३५ | ११० | ४१ | २६६ | ३०७ | १ | ४९४ | ४९५ | ० | ० | ३६ | ३५ | ७१ | ३१ | ३६ | ६७ | ९६ | १०७ | २०३ | २६४० | |
| ५ | लगत कट्टा | | | ० | | | | | ० | | | ० | | | ० | | | | | ० | | | ० | | | ० | ० | |
| | क) मृत्यु | ८ | १० | १८ | - | - | १ | - | १ | - | १ | १ | - | - | ० | - | - | - | १ | १ | - | - | ० | - | - | ० | २१ | |
| | ख) बसाई सराई | ३ | २ | ५ | - | - | - | - | ० | - | - | ० | - | ३ | ३ | - | - | - | - | ० | - | - | ० | - | - | ० | ८ | |
| | ग) अन्य | - | - | ० | - | - | - | - | ० | - | - | ० | - | - | ० | - | - | - | - | ० | - | - | ० | ७ | १० | १७ | १७ | |
| | जम्मा लगत कट्टा | ११ | १२ | २३ | - | - | १ | - | १ | - | १ | १ | - | ३ | ३ | - | - | - | १ | १ | - | - | ० | ७ | १० | १७ | ४६ | |
| ६ | खुद कायम संख्या | ७३६ | ६२४ | १३६० | ५ | ७ | ६२ | ३५ | १०९ | ४१ | २६५ | ३०६ | १ | ४९१ | ४९२ | ० | ० | ३६ | ३४ | ७० | ३१ | ३६ | ६७ | ८९ | ९७ | १८६ | २५९४ | |

### ७.४.२ बृद्धबृद्धाहरूको अवस्था

जनगणना २०६८ को नतिजा अनुसार, ७० वर्ष उमेर नाघेका ३.५८ प्रतिशत (११७६ जना) बृद्धबृद्धाहरू यस नगरमा रहेका छन् । शारिरीक जीर्णताका कारण परिवारजनहरूको समेत आवश्यक हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था अत्यन्त कष्टप्रद रहेको छ । बृद्धबृद्धाहरूलाई सेवा पुऱ्याउन यस नगरमा निर्माणाधिन अवस्थामा एक दिवासेवा केन्द्र रहेको  छ भने सुविधासम्पन्न वृद्धा आश्रमको निर्माण गर्नुपर्ने देखिन्छ । बृद्धहरूको मनोरञ्जनका लागि प्रत्येक वडाहरुमा भर्जनकिर्तन सामाग्री दिई विशेष स्थल छनौट गरी दैनिक गतिविधिलाई व्यवस्थापन गरिएको छ । पश्चिमा संस्कृतिको प्रभावले हाम्रो संस्कृतीको मुल मर्म र बृद्धजन तथा नयाँपुस्ताबीचको पारस्परिक सुमधुर सम्बन्धलाई तहसनहस पार्ने खतरा बढ्दै गएको छ । राज्यको तर्फबाट ६० वर्ष मार्थिका जेष्ठ नागरिक दलित र ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाइ दिइने भनिएको बृद्ध भत्ता यस नगरपालिकाले जनता बैंक नेपाल, ईटहरी मार्फत २)७२।०७३ को लागि कुल १३३४ जनालाई वितरण गरेको छु । अर्ध बृद्धावस्थाकै हाराहारिमा रहेको ६०-६४ वर्षको ३.१३ प्रतिशत (१०२७ जना) , ६५-६९ वर्षका २.४० प्रतिशत (७८८ जना) गरी जम्मा १८१५ थप बृद्ध नागरिकहरूको लागि समेत राज्यले कुनै विशेष कार्यक्रम ल्याएको छैन र यस स्थितिलाई कसरी सहज बनाउने र नगरमा जिवीत यी जेष्ठ नागरिकहरूको अमुल्य अनुभवबाट नयाँ पीढीले कसरी अनुभव र शिक्षा प्राप्त गर्ने भन्नेबारे अध्ययन र योजना बनाउनुपर्ने देखिन्छ ।

### ७.४.३ अपाङ्गताको विवरण

राष्ट्रिय जनगणना २०६८ अनुसार नगरमा अपाङ्गताको अवस्थालाई हेर्दा अपाङ्गता भएको जनसंख्या १.८७ प्रतिशत रहेको छ । जसमा शरिरीक अपाङ्गता भएका ०.६७ प्रतिशत, दृष्टि सम्बन्धी ०.३१ प्रतिशत, सुनाई सम्बन्धी अपाङ्गता भएका ०.२४ प्रतिशत, स्वर बोलाई सम्बन्धी ०.२७ प्रतिशत देखिन्छ । खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको  प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समसयाका कारण उत्पन्न Trocoma जस्तो नेत्रज्योती नास गर्ने रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन् । जसलाई घटाउन  प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ । नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरषण एवम् सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यत्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ। २०६८ सालको जनगणना अनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत (५,१२,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ । जसमध्ये शारिरीक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपांगतामा ७.५ प्रतिशत रहेको छ। सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ । अपाङ्गता  परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई  अपांगताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्युन दृष्टियुक्त, स्वरबोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधान र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ ।




तालिका नं. ११ : अपाङ्गताको विवरण

| वडा नं. | शारिरीक अपाङ्गता | दृष्टि सम्बन्धी अपाङ्गता | सुनाई सम्बन्धी अपाङ्गता | श्रवण, दृष्टिविहिन | स्वर बोलाई सम्बन्धी अपाङ्गता | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहु अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १८ | ८ | ८ | ० | १८ | ७ | २ | ९ | ३७७७ |
| २ | २५ | ७ | ४ | २ | ५ | २ | २ | ९ | ३२३४ |
| ३ | ८ | ३ | २ | ० | ७ | १ | ० | ३ | १९७५ |
| ४ | १४ | ८ | ८ | २ | ८ | ३ | २ | ४ | २८११ |
| ५ | १२ | ५ | ५ | ० | ५ | २ | २ | ८ | १९९८ |
| ६ | २५ | १० | ७ | ३ | ९ | ० | ० | ५ | ४२५७ |
| ७ | २४ | २२ | १० | ० | ११ | ३ | ० | ७ | २७५४ |
| ८ | ३३ | १३ | ७ | १ | १२ | ५ | ३ | १२ | ३३४२ |
| ९ | २१ | ७ | १३ | ० | ६ | ६ | १ | २ | २४०७ |
| १० | १२ | ७ | ३ | ० | ७ | ६ | ० | ८ | २७४९ |
| ११ | २८ | ११ | ११ | ० | १ | २ | ० | १ | ३५३५ |
| जम्मा | २२० | १०१ | ७८ | ८ | ८९ | ३७ | १२ | ६८ | ३२८३९ |
| प्रतिशत | ०.६७ | ०.३१ | ०.२४ | ०.०२ | ०.२७ | ०.११ | ०.०४ | ०.२१ | १००.०० |

श्रोत : केन्द्रिय तथ्याङ्क विभाग, सन् २०११

### ७.४.४ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानुनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रूपमा काममा लगाउन हुदैन भने १४ वर्ष दखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हल्का र विशेष सुविधाका काममा लगाउन पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन पाइदैन। तथापी सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाका बालश्रमिकका रूपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनु, शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव छ। बालश्रममा नेपाली बालबालिकाको एक दु:खद यथार्थ हो।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। बालश्रम नेपालको अन्तरिम संविधानको धारा २२ ले पनि रोक लगाइको छ भने बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६, श्रम ऐन २०४८ लगायत कानुनी व्यवस्थाहरू विद्यमान छन्। यसैगरी नेपालले राज्य पक्षका रूपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकार सम्बन्धि महासन्धि, १९८९, अन्तराष्ट्रिय श्रम सङ्गठनको रोजगारीको न्युनतम उमेर सम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रमसम्बनधी महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ।

### ७.४.५ बालसंरक्षण तथा संबर्द्धन समिति

बालबालिकाको जीवन रक्षा, संरक्षण, सहभागिता र विकास सम्बन्धी विभिन्न कार्यक्रम सरकारी र गैरसरकारी विभागका साझेदार संस्थाहरूको सहकार्यमा संचालन गर्न बाञ्छनिय भएकोले त्यस्ता कार्यक्रमलाई निर्देशित र नियमन गर्न नेपाल सरकार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले बाल अधिकार संरक्षण र संबर्द्धन कार्यक्रम (कार्यान्वयन) निर्देशिका, २०६५ जारी गरी लागु गरेको छ।

सोही जारी निर्देशिका अनुसार पचहत्तरै जिल्लामा बालअधिकार संरक्षणार्थ विभिन्न संरचनाहरू गठन भई कार्यक्रमहरू लागु भएको देखिन्छ। जसमा १६६१ ओटा गाविहरूमा १६६१ ओटा  गाउ बाल संरक्षण तथा सम्बर्द्धन उपसमितिहरू गठन भएको देखिन्छ भने २७ नगरपालिकाहरूमा २७ ओटा नगर बालसंरक्षण तथा सम्बर्द्धन उपसमिति गठन भएको देखिन्छ। यी नगरपालिकाका ६३ ओटा वडाहरूमा वडा स्तरीय वडा बालसंरक्षण संबर्द्धन गठन भएको देखिन्छ।

### ७.४.६ बालक्लब

बालबालिकाहरू सङ्गठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रूपमा बालबालिकाका क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यमा बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नीतिगत दस्तावेहजरुमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समुहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्तका लागि विभिन्न स्तरका नीति तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधत्वलाई मान्यता दिइएको छ।

सुन्दरदुलारी नगरापालिकामा वडास्तरीय ११ वटा अन्य २१ वटा बालसंजाल र बालक्लबले बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेको छन्। सुन्दरदुलारी नगरपालिकालाई २०७४ फाल्गुण मशान्तभित्र बालमैत्री नगरपालिका घोषणा गर्ने सन्दर्भमा नगरपालिका र नगरपालिकाभित्रका बालसंजाल एवं बालक्लबहरूले संचालन गरिरहेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यलाय भर्ना अभियान, (३) बालश्रम न्युनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिबृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम  र (१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्।

## ७.५ शान्ति सुरक्षा

सुन्दरदुलारी नगरपालिकामा विभिन्न सुरक्षा बलहरू मार्फत शान्ति सुरक्षालाई कायम गर्न खोजिएको छ । नगरको गछिया वडा नं. २ मा स्थायी प्रहरी चौकीको निर्माण गरिएको छ । सुरक्षा निकायहरूको प्रत्यक्ष सुरक्षा जिम्मेवारीभित्र रहेको यस नगरपालिकामा विभिन्न सामाजिक समस्याहरूको उजुरी पर्ने गरेको छ । समाजमा विभिन्न प्रकारका सामाजिक विकृति तथा विसङ्गती हुने सामाजिक अपराध न्यूनिकरणका लागि स्थानीय तहमा वडा बस्ती टोलहरुबाट सचेतनामुलक कार्यक्रम संचालन गरिनुका साथै विभिन्न प्रकारका भजन कृतन कार्यक्रमहरू संचालन हुँदै आएको छ भने माईती नेपाल मार्फत मानव बेचविखन विरुद्ध सचेतना कार्यक्रम संचालनमा ल्याएको देखिन्छ । यस्तै सुरक्षा चुनौतीको सामना गरी भविष्यमा हुन सक्ने घटनाको न्यूनीकरणका लागि प्रहरी कार्यालयसँग थप सवारी साधन हुनुपर्ने, महिला ब्यारेगको व्यवस्था हुनुपर्ने, महिला हिरासत अलग्गै बनाउनुपर्ने, प्रहरी कार्यालयहरूको ब्यारेग नयाँ निर्माण गर्नुपर्ने र पुराना ब्यारेग बेलाबेलामा मर्मत गर्नुपर्ने आवश्यकता रहेको छ ।

## ७.६ खानेपानी तथा सरसफाई

### ७.६.१ खानेपानीको विवरण

सुन्दर दुलारी नगरपालिकाको खानेपानीको प्रमुख स्रोत भूमिगत जलस्रोत नै हो । नगरका केही वडाहरूमा स्यालो ट्युबेल, ह्याण्डपम्प नै प्रमुख खानेपानीको स्रोतको रूपमा रहेका छन् । खासगरी उत्तरी भेगका उल्लेखित खानेपानी आयोजनाले केही सुविधा र राहत उपलब्ध गराएको छ । घाडीघाचमा भुमीगत पानीको सहत धेरै तल रहेकोले ह्याण्डपम्पबाट सजिलै पानी उपलब्ध हुन नसक्ने भएकोले पानीको ठुलो समस्या देखिएको छ ।


तालिका नं. १२ : खानेपानीको विवरण

| वडा नं. | खानेपानीको श्रोत | | | | | | | | जम्मा घरधुरी |
|---|---|---|---|---|---|---|---|---|---|
| | धारा/पाइप | ट्युबवेल/ हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/खोला | अन्य | उल्लेख नगरिएको | |
| १ | ६ | ८४२ | ० | ० | ७ | ० | ० | १ | ८५६ |
| २ | ३ | ७२१ | ० | ० | २ | ० | ० | २ | ७२८ |
| ३ | ३ | ४५२ | ० | ० | ० | ० | ० | ० | ४५५ |
| ४ | १ | ६०८ | १ | १ | ० | २ | ० | २ | ६१५ |
| ५ | ० | ४३७ | १ | ७ | ० | ० | ० | १ | ४४६ |
| ६ | १७ | ९३३ | ६ | ० | ६ | ० | १ | ३३ | ९९६ |
| ७ | २१ | ५७१ | ६ | ८ | २ | ४ | ५६ | ४ | ६७२ |
| ८ | ५ | ७७० | ६ | ० | १ | ० | ० | ० | ७८२ |
| ९ | १ | ५०७ | १ | ० | ० | ० | ० | ० | ५०९ |
| १० | ११ | ६१३ | १ | ० | ० | ० | ० | ० | ६२५ |
| ११ | २५ | ७५८ | २ | ० | २ | ० | ३३ | ४ | ८२४ |
| जम्मा | ९३ | ७२१२ | २४ | १६ | २० | ६ | ९० | ४७ | ७५०८ |
| प्रतिशत | १.२४ | ९६.०६ | ०.३२ | ०.२१ | ०.२७ | ०.०८ | १.२० | ०.६३ | १००.०० |

श्रोत : केन्द्रिय तथ्याङ्क विभाग, सन् २०११

केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार नगरमा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ । जसमा ट्युबवेल/हतेपम्प प्रयोग गर्ने घरधुरीको संख्या सबैभन्दा बढी ९६.०६ प्रतिशत देखिन्छ भने दोस्रो ठूलो स्रोतको रूपमा धाराको प्रयोग गर्नेको संख्या १.२४ प्रतिशत देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**परिवारले प्रयोग गर्ने खानेपानीको मुख्य श्रोत**




सुन्दरदुलारी नगरपालिकामा खानेपानी व्यवस्थापनका लागि विभिन्न खानेपानी आयोजनाहरू निर्माणधिन अवस्थामा रहेका छन् । निर्माणाधिन अवस्थामा रहेको सुन्दरपुर खानेपानी योजनाले नगरका वडा नं. १, २, ३, ४, ५, ६, ७ का बासिन्दाहरू लाभान्वित हुनेछन् । साथै, निर्माणाधिन अवस्थामै रहेको दुलारी खानेपानी योजनाबाट नगरका वडा नं. ८, १०, र ११ का बासिन्दाहरू प्रत्यक्षरूपमा लाभान्वित हुनेछन् । यसका साथै नगरमा ओभरहेड ट्याङ्की पनि निर्माण भैरहेको छ ।


### ७.६.२ वडागत शौचालयको विवरण

तालिका नं. १३ : नगरपालिका वडाअनुसार शौचालय संख्याको विवरण

| वडा नं. | चर्पीको प्रकार | | | जम्मा घरधुरी |
|---|---|---|---|---|
| | आधुनिक फ्लस भएको (सेफ्टि ट्याङ्की) | साधारण चर्पी | चर्पी नभएको | |
| १ | २६२ | ५३८ | ३४ | ८५६ |
| २ | १५९ | ४८५ | ९१ | ७२८ |
| ३ | ९९ | ३२६ | ३४ | ४५५ |
| ४ | १६६ | ३३६ | ९४ | ६१५ |
| ५ | ३५ | ४११ | ३९ | ४४६ |
| ६ | ३२१ | ४४९ | १०५ | ९९६ |
| ७ | २१७ | ४१० | ४७ | ६७२ |
| ८ | २८९ | ४३७ | ३८ | ७८२ |
| ९ | १६४ | २७८ | ८६ | ५०९ |
| १० | १४५ | ४७३ | ४१ | ६२५ |
| ११ | ३१४ | ५०८ | ७७ | ८२४ |
| जम्मा घरधुरी | २१७१ | ४६५१ | ६८६ | ७५०८ |
| प्रतिशत | २८.९१ | ६१.९४ | ९.१३ | १००.०० |

श्रोत : सुन्दरदुलारी नगरपालिका कार्यालय, २०७२

केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार समुदायको प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई अध्ययन गर्दा करिब ६१.९४ प्रतिशत घरधुरीमा साधारण शौचालय भएको पाईयो भने वडागत रूपमा हेर्दा सबैभन्दा बढी वडा नं. १ मा यसप्रकारको शौचालय प्रयोग गरेको देखिन्छ। त्यसैगरी दोस्रोमा २८.९१ प्रतिशत फ्लस भएको शौचालय प्रयोग गर्ने गरेको देखिनुका साथै वडागत रूपमा वडा नं. ६ मा यसप्रकारको शौचालयको बढी प्रयोग गरेको पाइन्छ। नगरपालिकाले २०७३ आषाढ मसान्त सम्म खुल्ला दिशामुक्त नगर घोषणा गर्न लागि रहेको सन्दर्भमा अझैपनि ९.१३ प्रतिशत शौचालय नभएको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।



# खण्ड ८ : वन तथा वातावरण

## ८.१ प्राकृतिक वन तथा वनस्पती

पूर्वाञ्चल क्षेत्रको कोसी अञ्चलको तराईको जिल्ला मोरङ वन वातावरण र जैविक विविधताको दृष्टिकोणले अद्यापी सम्पन्न जिल्लाको श्रेणीमा पर्दछ। मोरङ जिल्लाको यस नगरपालिकामा कुल क्षेत्रफल ४५.८७ वर्ग कि.मि. मध्ये १९ प्रतिशत वन क्षेत्रको रूपमा रहि आएको छ। जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रूपमा रहेको छ।

यस नगरमा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा, साल, सिसौं, सिमल, जामुन, कदम, खयर, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इप्पील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशीअमला, कैँदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हर्रो-बर्रो, हल्लुडे, सिरीस, तारी, कुसुम, क्यामुना, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाचपाते, सतिसाल, हल्लुडे, वनसुन्तला, कुम्भी, नेवारो, अशोक, सपेटा। यसै गरी घिस्रने जन्तुहरूमा गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रूपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कऱ्याङकुरुङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरू पाइन्छन्।

## ८.२ जैविक विविधता सम्वन्धी विवरण

सुन्दरदुलारी नगरको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरूपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरूपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ। दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने विनासलाई न्युनीकरण गर्न नितान्त आवश्यक छ। वातवारणीय सन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्तत: लोप हुने अवस्था हुन सक्छ। विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको यस नगरमा वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहर्य हुन पुगेको छ। यिनै कुराहरूलाई मध्य नजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावरको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ।

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ। दैनिक जिवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्त्वलाई दृष्टिगत गरी हाल यस नगरमा सामुदायिक वन जस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ। यसै सन्दर्भमा वन वरिपरी बढिरहेको जनसंख्या र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागको आधारमा आपुर्ति गर्न नसक्ने वन पैदावरको हैसियतलाई विचार गर्दा यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ। हाल आएर आधा दर्जन जति सामुदायिक वनहरू वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा सहभागि भइरहेका छन्।

नगरमा समुन्द्री सतहबाट ११२ मि.को उचाईको समथर भुभागमा अवस्थित रहेको र यस नगरमा उष्ण मनसुनी जलवायुयुक्त भएको कारण यस क्षेत्रमा साल, सिसौं, हल्लुडे, अमला, हर्रो, बर्रो, खयर, सिमल, विजयसाल, राजवृक्ष, आदि जातका विरुवाहरू पाइन्छन्। जसमध्ये काँसीअमला, हर्रो, बर्रो, बोहरी, फडिर, खमारी, असारे, साज, सादन, कुम्भी, कुसुम आदि क्रमश: लोप हुदै जाने अवस्थामा रहेका छन्। गैर काष्ठ पैदावरको रूपमा व्यापारिक र आयुर्वेदिक महत्त्वका दृष्टिकोणले उपयुक्त देखिएका पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्इूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेझार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि जस्ता वन पैदावरहरूको उपलब्धता पनि रहेको छ। यी मध्ये हाडजोर, गुजरगाँनो, खिर्रो, हर्रो, बर्रो, पिप्ला, भोगटे, पानी अमला, अर्चल,  लहरो, क्यामुना आदि लोपोन्मुख अवस्थामा रहेका छन्।

यस नगर क्षेत्रमा रहेका वनजंगलहरूले बाघ, भालु, चितुवा, तित्तल, दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, जरायो, मृग, हात्ती, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, खरायो, मलसाप्रो, ढेडु आदि प्रजातिका जीवहरूको लागि उपयुक्त वासस्थान उपलब्ध गराएको छ। नगरमा रहेका विभिन्न खोलानाला, ताल तलैयाहरू र सिमसार क्षेत्रहरू जस्तै, हसिना सिमसार, बुढी खोला, गछिया खोला, भोर्जना खोला, तेलीया खोला, मधावा खोलाले विभिन्न प्रजातिका चराचुरुङ्गीहरू विशेषत: कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रूपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कऱ्याङकुरुङ, भद्राई, सारस तथा विभिन्न घिस्रने जन्तुहरू गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदिलाई बासस्थान प्रदान गर्दै संरक्षित गरेको छ। यद्यपी वनजंगल अतिक्रमणका कारण प्रकृती प्रदत्त यी जैविक र वनस्पतिय अमुल्य वन सम्पदाहरूको विस्थापन र विनाशको क्रम क्रमिकरूपले बढ्दै गइरहेको छ। वर्षेनी वन क्षेत्र फडानी भई कृषियोग्य भुभागमा परिणत हुनु र वन्यजन्तुहरूको वासस्थान एवम् वन्य प्रजातीमा ह्रास हुनु जैविक विविधता संरक्षणका निमित्त विकराल चुनौतीका रूपमा देखिएको छ।

नगरको हावापनीले जीवजन्तु र वनस्पतीहरूलाई संरक्षित गर्न सकिने खालका वास्थान उपलब्ध गराइको भएतापनि जनसंख्या र बसाईसराइको अत्याधिक चाप र भुमीको उर्वरापनका कारण करिब ४ दशक अघिदेखि नै यहाँको वनक्षेत्र अतिक्रमण र वन फडाँनीको चपेटामा पर्न गएको छ। जैविक विविधता अन्तर्गत पर्ने स्थानीय कला संस्कृतिहरूको विविधतालाई जगेर्ना गर्दै धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकिय दृष्टिकोणले महत्वपूर्ण ठानिएका हसिना सिमसार, नयाँ वृन्द्रावन गौशाला, वृद्धगंगाका सम्पूर्ण क्षे, गोकुलम, सामुदायिक वनक्षेत्र, विभिन्न थानहरू, मस्जिद तथा चर्चहरूको समेत संरक्षण गर्नुपर्ने देखिन्छ।

यहाँ जैविक विविधताले भरिपूर्ण रहेको छ। उष्ण मनसुनी किसिमका वातावरण भएको हुँदा विशिष्ट किसिमको जैविक विविधता पाइन्छ। यहाँका सिमसार तथा तालतलैयाहरूमा विभिन्न किसिमका वन्य जन्तु तथा चराचुरुङीहरू आउने जाने गर्दछन्।

## ८.३ नगरमा पाइने मुख्य वनस्पतिहरू

यहाँ पाइने मुख्य वनस्पतिहरूमा साल, सिसौं, सिमल, जामुन, कदम, खयर, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इप्पील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशीअमला, कैँदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हर्रो-बर्रो, हल्लुडे, सिरीस, तारी, कुसुम, क्यामुना, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाचपाते, सतिसाल, हल्लुडे, वनसुन्तला, कुम्भी, नेवारो, अशोक, सपेटा आदि प्रजातिका वनस्पतिहरू हुन् ।

## ८.४ लघु वन पैदावार

नगरको वन क्षेत्रमा विभिन्न प्रकारका जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरू पाइन्छन् । मुख्य रूपमा पाइने लघु वन पैदावारमा पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्डूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेझार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुरआदि मुख्य हुन् ।

## ८.५ नगरमा पाईने वन्यजन्तु

### (क) वन्यजन्तु

यस नगरमा पाइने प्रमुख वन्यजन्तुहरूमा बाघ, भालु, चितुवा, तित्तल, दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, जरायो, मृग, हात्ती, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, खरायो, मलसाप्रो, ढेडु आदि छन ।

### (ख) चराचुरुङ्गी

यस नगरमा पाईने चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रूपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कन्याङकुरुङ, भद्राई, सारस आदि प्रमुख छन् ।

### (ग) घिस्रने जिवजन्तुहरू

यस नगरमा पाइने घिस्रने जिवजन्तुहरूमा गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि प्रमुख छन् ।

### (घ) जलचर तथा उभयचर जीवहरू

माछा, ठोटेरा, गँगटा, भ्यागुता, कछुवा आदि ।

### (ङ) कीरा फट्याङ्ग्राहरू

मौरी, खागो, पुत्को, कठेउरी, गोब्रेकीरा, जुका, बिच्छी, खजुरो, झुसिलो, बारुलो, उडुस, अरिंगाल, शङ्खेकीरा, बच्छ्युँ, माकुरा, बअरिमोठे, डाँस, पतेरो, साङ्लो, लामखुट्टे आदि ।

### (च) फूलका प्रजातिहरू

सयपत्री, गोदावरी, मखमली, बाह्रमासे, गुलाव, लालुपाते, घन्टीफूल, तिउर, बाबरी, भालेफूल, पारिजात, लाहुरे चुवा, पलास, मसुन्डा आदि ।

## ८.६ सामुदायिक वन

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको नीति अनुसार यस नगरमा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ । नगरमा आ.व. २०५१/५२ देखि सामुदायिक वनको शुरुवात भएको पाइन्छ । विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ । बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदि कारण र भैरहेको वन विनासले वनजंगल क्षेत्रको अवस्था अत्यन्त संवेदनशील भएको छ । त्यसैले गर्दा वनजंगल क्षेत्रका वडास्तरमा वन संरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणका लागि स्थानीय प्रयास शुरु हुन थालेको छ । एकातिर वनक्षेत्र नजिक बस्ने बासिन्दाहरूमा वन संरक्षणको प्रयास शुरु हुँदैछ भने अर्कोतर्फ वनक्षेत्रबाट टाढाका गाउँलेहरूको लागि सर्वसुलभ तरिकाबाट वन उपयोग व्यवस्थित हुन नसक्दा वनबाट काठदाउरा लुकिछिपी चोरी निकासी हुने क्रम पनि यथावत छ । सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरूप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रूपमा संरक्षित भएका छन् । सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ । तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरुरी छ । उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ । दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ ।

बौद्धिक सम्पदा अधिकार (Patent right) का विषयमा र GATT, WTO सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउनु अनुशिक्षण दिनुपर्ने देखिन्छ । नगरमा सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावरको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन् । यसले स्थानीय स्तरबाटै वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ ।

माथि उल्लेखित तथ्यहरूको आधारमा हालसम्म नगरले काठ दाउराको विक्री वितरणबाट ठूलो आय गरेको देखिएता पनि वनहरूको परम्परागत उत्पादनमा ह्रास र परम्परागत प्राकृतिक स्रोतको दोहनले गर्दा भावी दिनहरूमा सुख्खा, ढलापडा र द. वृ. को सङ्कलनको स्थिति यही रहला भन्न सकिन्न । सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमश: बढ्दै जाने देखिन्छ । वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यावसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा बृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ ।

नगरमा रहेका प्रमुख सामुदायिक वनहरूको तल व्याख्या गरिएको छः

### ८.६.१ नमुना सामुदायिक वन,सुन्दर दुलारी-५, मोरङ

यस सुन्दरदुलारी नगरपालिकामा नमुना सामुदायिक वनलाई वन उपभोक्ता समितिमा हस्तान्तरण गरिएको छ। यस सामुदायिक वनको निर्माण प्राकृतिक रूपमै र केही वृक्षारोपणबाट गरिएको छ। यस वनको कूल क्षेत्रफल १६८.०२ हेक्टर रहेकोमा हरेक सब-कम्पार्टमेन्टको क्षेत्रफल ११.८० हे. र ८ वटा सब-कम्पार्टमेन्टको क्षेत्रफल ९४.४३ हे. (बाँकी क्षेत्र हसिनासिमसारले ओगटेको) छ। यस सामुदायिक वनको पुनरुत्पादनको अवस्था राम्रो रहेको छ। यस वनको एउटा सब-कम्पार्टमेन्टमा १० वर्षसम्म लगातार पुनरोत्पादनको कार्य सम्पन्न गर्न सकिन्छ। एवम् रीतले कार्य गर्दै जाँदा ८ वटा सब-कम्पार्टमेन्टमा ८० वर्ष अवधिमा नयाँपिढीको वन तयार हुने गरेको देखिन्छ। सबैभन्दा बुढा रुख भएका र विरुवाको स्थिति सबैभन्दा कमजोर भएको सब-कम्पार्टमेन्टको नाम $C_1S_2$ राखिएको छ। यस सब-कम्पार्टमेन्टमा सम्पूर्ण रुख र पोलकाव्यास, उचाई, गुणस्तर र जी.पी.एस. लोकेशनलिई रुखमा ट्याग(tag) झुण्ड्याउने गरिएको छ। यस आवधिक खण्डमा रहेका कूल रुख संख्या (३० से.मी. व्यासभन्दा बढी) ८७३ मा औसत प्रति हेक्टर विरुवा संख्या ७४ रहेको छ भने कायम रहेको माउ रुख संख्याको औसत प्रति हेक्टर २० गोटाका दरले कूल २३६ वटा रुख रहेको पाइन्छ र १० वर्षमा कटान हुने कूल रुख संख्या ६३७ वटा अर्थात् वार्षिक रूपमा हटाइने औसत रुख संख्या ६४ रहेको देखिन्छ।

**आ.व. ०७१/०७२ मा पुनरोत्पादन कटान गरिएको क्षेत्रसँग सम्बन्धित विवरण :**

आगामी १० बर्षसम्म सहज हुने हिसाबले छपान रजिष्टरमा पहिलो बर्षको लागि १.१८ हेक्टरको कटान हुने क्षेत्र उल्लेख भएको र सोही आधारमा १० बर्षको प्लटहरू नक्शामा उल्लेख गरी कमजोर पुनरोत्पादन भएको र पातलो रुखहरू भएको (औसत ७४ वटा रुख) प्लटलाई छनौट गरिएको देखिन्छ। यो प्लट यस सव-कम्पार्टमेन्टको पश्चिम-दक्षिण किनारमा पूर्व-पश्चिम फैलिएको छ।

- क्षेत्रफल : १.१८ हे.
- कूल रुख संख्या : ८७ वटा
- कटान गरिने रुख संख्या : ६२ वटा
- माउ रुख : २५ वटा (औसत कुल २४ वटा माउ रुख हुनुपर्नेमा पोलको उपस्थिति राम्रो देखिएको ले १ वटा बढी राखिएको)

**उत्पादन परिमाण :**

- काठ : ३६२० क्यु.फि
- दाउरा : १४.५ चट्टा

सरदर आम्दानीको : राजस्व दरमा : १३ लाख

सरदर खर्च : ७ लाख

रोजगारी सिर्जना : २००० श्रमदिन

### ८.६.२ हरियाली सामुदायिक वन, सुन्दर दुलारी-४,६,७,मोरङ

**वनसँग सम्बन्धित सामान्यजानकारी :**

**सामुदायिक वनको कूलवन क्षेत्रफल :** १०४.४३ हेक्टर मध्ये

**हरेक सब-कम्पार्टमेन्टको क्षेत्रफल :** १३.०५ हे.

**बालीचक्र** : ८० वर्ष

- एउटा सब-कम्पार्टमेन्टमा १० वर्ष सम्मलगातार पुनरोत्पादनको कार्य सम्पन्नगर्ने ।
- एवम् रीतले कार्य गर्दै जाँदा ८ वटा सब-कम्पार्टमेन्टमा ८० वर्ष अवधिमानयाँपिढीको वनतयार हुने ।
- सबैभन्दा बुढा रुख भएका र विरुवाको स्थिति सबैभन्दा कमजोर भएको सब-कम्पार्टमेन्टको नाम : $C_1S_6$
- यस सब-कम्पार्टमेन्टमा सम्पूर्ण रुख र पोलकाव्यास, उचाई, गुणस्तर र जी.पी.एस. लोकेशन लिई रुखमा ट्याग(tag) झुण्ड्याउने समेतको कार्य सम्पन्नभएको ।
- यस आवधिकखण्डमा रहेका कूल रुख संख्या (३० से.मी. व्यासभन्दा बढी) : ७१२ (औसत ५५ वटा प्रति हे.)

**कायम रहने माउ रुख संख्या** : प्रति हे. औसत २० गोटाका दरले कूल २६१ वटा

**१० वर्षमा कटान हुने कूल रुख संख्या** : ४५१ वटा

**वार्षिक रूपमा हटाइने औसत रुख संख्या :** ४५ वटा

**चालु आ.व.मा पुनरोत्पादन कटान गरिने क्षेत्रसँग सम्बन्धित विवरण :**

आगामी १० बर्षसम्म सहज हुने हिसाबले छपान रजिष्टरमा पहिलो बर्षको लागि १.३० हे.को कटान हुने क्षेत्र उल्लेख भएको र सोही आधारमा १० बर्षको प्लटहरू नक्शामा उल्लेख गरिने छ । चालु आ.व.मा सबैभन्दा कमजोर पुनरोत्पादन भएको र पातलो रुखहरू भएको (औसत २७ वटा रुख) प्लटलाई छनौट गरिएको देखिन्छ । यो प्लट यस सव-कम्पार्टमेन्टको दक्षिण-पूर्वी किनारमा पूर्व-पश्चिम फैलिएको छ ।

- क्षेत्रफल : १.३० हे.
- कूल रुख संख्या : ३५ वटा
- कटान गरिने रुख संख्या : २२ वटा
- (औसत कुल ४५ वटा हुनुपर्नेमा रुखको उपस्थिति कम भएकोले कम रुख कटान गरिने)
- माउ रुख : १३ वटा

**उत्पादन परिमाण :**

- काठ : ३८७२ क्यु.फि
- दाउरा : ११ चट्टा

आम्दानी : राजस्व दरमा : १८ लाख

खर्च : १२ लाख

रोजगारी सिर्जना : २५०० श्रमदिन

### ८.६.३ सिद्धार्थ सामुदायिकवन,सुन्दर दुलारी-४, मोरङ

**वनसँग सम्बन्धित सामान्यजानकारी :**

**सामुदायिक वनको कूलवन क्षेत्रफल :** १०३.२० हेक्टर मध्ये

**हरेक सब-कम्पार्टमेन्टको क्षेत्रफल :** १२.९० हे.

**बालीचक्र :** ८० वर्ष

- एउटा सब-कम्पार्टमेन्टमा १० वर्ष सम्मलगातार पुनरोत्पादनको कार्य सम्पन्नगर्ने ।
- एवम् रीतले कार्य गर्दै जाँदा ८ वटा सब-कम्पार्टमेन्टमा ८० वर्ष अवधिमानयाँपिढीको वनतयार हुने ।
- सबैभन्दा बुढा रुख भएका र विरुवाको स्थिति सबैभन्दा कमजोर भएको सब-कम्पार्टमेन्टको नाम $C_1S_4$
- यस सब-कम्पार्टमेन्टमा सम्पूर्ण रुख र पोलकाव्यास, उचाई, गुणस्तर र जी.पी.एस. लोकेशनलिई रुखमा ट्याग(tag) झुण्ड्याउने समेतको कार्य सम्पन्नभएको ।

**यस आवधिकखण्डमा रहेका कूल रुख संख्या (३० से.मी. व्यासभन्दा बढी) :** ७५४ (औसत ५८ वटा प्रति हे.)

**कायम रहने माउ रुख संख्या :** प्रति हे. औसत २० गोटाका दरले कूल २५८ वटा

**१० वर्षमा कटान हुने कूल रुख संख्या :** ४९६ वटा

**वार्षिक रूपमा हटाइने औसत रुख संख्या :** ५० वटा

**चालु आ.व.मा पुनरोत्पादन कटान गरिने क्षेत्रसँग सम्बन्धित विवरण :**

आगामी १० बर्षसम्म सहज हुने हिसाबले छपान रजिष्टरमा पहिलो बर्षको लागि १.२९ हे.को कटान हुने क्षेत्र उल्लेख भएको र सोही आधारमा १० बर्षको प्लटहरू नक्शामा उल्लेख गरिने छ । चालु आ.व.मा सबैभन्दा कमजोर पुनरोत्पादन भएको र पातलो रुखहरू भएको (औसत ५३ वटा रुख) प्लटलाई छनौट गरिएको देखिन्छ । यो प्लट यस सव-कम्पार्टमेन्टको पूर्वी किनारमा उत्तर-दक्षिण फैलिएको छ ।

- क्षेत्रफल : १.२९ हे.
- कूल रुख संख्या : ६९ वटा
- कटान गरिने रुख संख्या : ४५ वटा (औसत कुल ५० वटा हुनुपर्नेमा रुखको उपस्थिति कम भएकोले कम रुख कटान गरिने)
- माउ रुख : २४ वटा (औसत कुल २६ वटा माउ रुख हुनुपर्नेमा रुखको कम उपस्थिति भएको तर प्लटको बिच भाग, उत्तर पश्चिमको किनारा र पूर्व-दक्षिणको किनारमा पोलको उपस्थिति राम्रो देखिएकोले सो स्थानमा कम माउ रुख राख्दा उपयुक्त नै हुने हुदा २ वटा माउरुख कम राखिएको

**अनुमानित उत्पादन परिमाण :**

- काठ : ५२२७ क्यु.फि
- दाउरा : १६.५ चट्टा

आम्दानी : १५ लाख (राजस्व दरमा)

खर्च : ९ लाख

रोजगारी सिर्जना : २००० श्रमदिन (७ जना बर्ष दिनभरी)

| सि.नं. | वनको नाम, ठेगाना | क्षेत्रफल हे | क्रियाकलाप | क्रियाकलाप संचालन भएको आयम | क्रियाकलापको संचालन भएको क्षेत्रको विवरण |
|---|---|---|---|---|---|
| **१. लाटीझोडा साझेदारी वन, सुन्दर दुलारी मोरङको १६८४.७४ हे. क्षेत्रफलमा** | | | | | |
| १.१ | लाटीझोडा साझेदारी वन, सुन्दर दुलारी मोरगं | | अग्नीरेखा अलाइग्मेन्ट र झाडी सफाई (४ वटा कम्पार्टमेन्टको) | $C_1S_4$ = 2=48 km<br>$C_2S_7$ = 2=17 km<br>$C_3S_7$ = 3=23 km<br>$C_4S_2$ = 3=91 km | ११.७९ कि.मी लम्वाइमा अग्नीरेखा अलाइग्मेन्ट र झाडी सफाइ भएको |
| १.१ | लाटीझोडा साझेदारी वन, सुन्दर दुलारी मोरगं | | अग्नीरेखा मा परेका रुख र पोलको छपान कार्य | $C_1S_4$ = 365<br>$C_2S_7$ = 245<br>$C_3S_7$ = 290<br>$C_4S_2$ = 463 | १३६३ रुख तथा पोल छपान गरेको |
| | | | अग्नीरेखा मा छपान भएका रुख र पोलको सङ्कलन कार्य | | साल, सतिसाल, कर्मा, अस्ना, वो.ध, जामुन, सिरीष जातको जम्मा ३४७ रुख तथा पोल सङ्कलन गरेको, उत्पादीत काठ ११५८५ घ.फी र दाउरा २४ चट्टा |
| | | | माउ रुख  छनौट र किताव तयारी (४ वटा कम्पार्टमेन्टको) | C1S4 = 50 ha<br>C2S7 = 50 ha<br>C3S7 = 50 ha<br>C4S2 = 45 ha | प्रती हे १५ गोटाका दरले जम्मा १९५ हे क्षेत्रमा माउ रुख छुट्टाएको |
| | | | कटान गरीने रुख छनौट र किताव तयारी  (४ वटा कम्पार्टमेन्टको) | C1S4 = 50 ha<br>C2S7 = 50 ha<br>C3S7 = 50 ha<br>C4S2 = 45 ha | |
| | | | पुनरुत्पादन कटान (C1S4 को AWU 6 ) | ५ हे | काठ १४४०५ घ.फी र दाउरा २४ चट्टा सङ्कलन गरी फेन्सिगं कार्य गरेको |
| | लाटीझोडा साझेदारी वन, सुन्दर दुलारी मोरगं | | पुनरुत्पादन कटान (C2S7 को AWU 5 ) | ५ हे | काठ १२१४६ घ.फी र दाउरा २९ चट्टा सङ्कलन गरी फेन्सिगं कार्य गरेको |
| | | | पुनरुत्पादन कटान क्षेत्रको झाडी र tree residual हटाई साल वीउ रोपण कार्य | १० हे | २५ वोरा सालको वीउ सङ्कलन गरी त्चभलअज मा रोपीएको |
| **२. सामुदायिक वनमा कार्यान्वयन** | | | | | |
| २.१ | नमुना सा.व., सुन्दर दुलारी ५ | १६८.८ | पुनरुत्पादन कटान र तारवार | १.१८ हे | ३६२९ घ.फी काठ र १४.५ चट्टा दाउरा उत्पादन भएको |
| २.२ | हरियाली सामुदायिक वन, सुन्दर दुलारी-४,६,७ | १०४.४३ | पुनरुत्पादन कटान | १.१८ हे | ३८७२ घ.फी काठ र ११ चट्टा दाउरा उत्पादन भएको |
| | | | साल वीउ सङ्कलन गरी पुनरुत्पादन सृजना गरेको र तारवार गरेको | १.१८ हे | |
| २.३ | सिद्धार्थ सामुदायिक वन, सुन्दर दुलारी-४ | १०३.२ | पुनरुत्पादन कटान र तारवार कार्य | १.५५ हे | ५२२७ घ.फी. काठ र १६.५ चट्टा दाउरा उत्पादन भएको |

## ८.७ वनमा सामुदायिक सहभागिता तथा वनजन्य उत्पादन

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको नीति अनुसार यस नगरमा सेक्टर वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदि कारण र भैरहेको वन विनासले भूक्षेत्रको अवस्था अत्यन्त संवेदनशील भएको छ। त्यसैले गर्दा वन संरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणका लागि स्थानीय प्रयास शुरु हुन थालेको छ। एकातिर वन क्षेत्रको नजिक बस्ने बासिन्दाहरूमा वन संरक्षणको प्रयास शुरु हुँदैछ भने अर्कोतर्फ वनक्षेत्रबाट टाढाका गाउँलेहरूको लागि सर्वसुलभ तरिकाबाट वन उपयोग व्यवस्थित हुन नसक्दा वनबाट काठदाउरा लुकिछिपी चोरी निकासी हुने क्रम पनि यथावत छ। विगतका वर्षहरूको तुलनामा जनताको सहभागिताको परिणाम स्वरूप सघन अवस्थामा रहेका कतिपय वनक्षेत्रहरू पुन: प्राकृतिक अवस्थामा रूपान्तरित हुन पुगेका छन्। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरूप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रूपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

## ८.८ निजी वन

राष्ट्रिय वन क्षेत्र माथि पर्ने वन पैदावरको चापलाई कम गर्न नेपाल सरकारले अवलम्बन गरेको नीति अन्तर्गत सामुदायिक वन सँगै निजी वन कार्यक्रम समेत यस नगरमा संचालन गरिएको छ। नगरमा निजी वन दर्ता भने भै सकेको छैन।

## ८.९ धार्मिक वन

धार्मिक संघ/संस्थाको वरिपरि रहेको वन जंगल क्षेत्रहरू धार्मिक क्षेत्रको महत्व र सौन्दर्य बढाउने उद्देश्यले त्यस्ता धार्मिक वनको रूपमा हस्तान्तरण गरिन्छ। नगरको विभिन्न भागहरू धार्मिक स्थल धार्मिक वनको सम्भावना बोकेका क्षेत्रहरू भएतापनि त्यसको उचित संरक्षण र प्रर्वद्धन हुन नसकेको देखिन्छ।

## ८.१० जडिबुटी सम्बन्धी विवरण

यस नगरको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेझार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुरआदि आदि जडिबुटीहरू सङ्कलन तथा बिक्री हुने प्रसस्त सम्भावना रहेको स्रोत सर्वेक्षणबाट देखिएको छ।

## ८.११ संरक्षणको सुचिमा राखिनु पर्ने जडिबुटीहरू (जैविक विविधता)

हाडजोर, गुजरगाँनो, खिर्रो, हर्रो, वर्रो, पिप्ला, भोगटे, पानी अमला, अर्चल, चरचरे लहरो, क्यामुना आदि जस्ता जडिबुटीहरूलाई संरक्षणको सूचीमा राखेर संरक्षण गर्नुपर्ने देखिन्छ ।

## ८.१२ वन पैदावरमा आधारित उद्योगहरूको विवरण

सुन्दरदुलारीको वन पैदावरमा आधारित उद्योगहरूको अध्ययन गर्दा स:मिल तथा फर्निचर उद्योगहरू रहेका छन्। यी उद्योगहरूबाट पनि ठूलो परिमाणका काठको खपत हुने गरेको छ। नगरमा हालसम्म सञ्चालन रहेको वन पैदावरमा आधारित उद्योगहरूमा करिब विभिन्न ईटा, टायल उद्योगहरू नियमितरूपले सञ्चालित अवस्थामा रहेको देखिन्छ ।

## ८.१३ जलवायू परिवर्तनका लागि अनुभव गरिएका सुचकहरूको विवरण

तालिका नं. १४ : जलवायू परिवर्तनका लागि अनुभव गरीएका सुचकहरूको विवरण

| पानीको सत्तह | तापक्रम | वर्षाको किसिम | कृषि उत्पादन |
|---|---|---|---|
| घट्दो | बढ्दो | घट्दो | घट्दो |

यस तालिकामा जलवायु परिवर्तनले प्रभाव पारेको पानीको सतह, तापक्रम, कृषि उत्पादन आदि प्रभावित सूचकहरूको बारेमा देखाइएको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

## ८.१४ वन संरक्षणका लागि चाल्नु पर्ने कदम

राष्ट्रिय सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरू भित्र गैरकाष्ठ पैदावार र बहुमुल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनतर्फ सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको संलग्नता हुनु नितान्त आवश्यक देखिन्छ। नगरमा जनसंख्याको चाप बढ्दै गएको र उन्नत जातका पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको संख्या पनि उच्च रहेको देखिन्छ । यी अनुत्पादक पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू अत्याधिक प्रभावित भएका छन् प्राकृतिक रूपबाट पुनरुत्पादन हुने गरेको पोथ्रा पोथ्रीहरू अनियन्त्रित चरिचरनले विनाश भइरहेका छन्। प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न सकिन्छ । जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम, कबुलियती वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपांग र महिला समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ। वनको हैसियतमा समेत सुधार ल्याउन सामुदायिक वन उपभोक्ता समूहहरूबाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ ।

# खण्ड ९ : विकास सुचकाङ्क र गरिबीको स्थिति

## ९.१ मानव विकास सुचकको विवरण (HDI)

मानव विकास सुचकले तीनवटा कुरालाई आधार बनाएको छ। जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन्। यी तिनवटै परिसुचकलाई समावेश गरी मानव विकासको सुचक निर्धारण गरिएको छ। हरेक देश/ठाउ‘का जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, तथा जीवन स्तरको अवस्था मापन गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (UNDP) ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रतिव्यक्ति आयका सूचकहरूको संयुक्त सूचकाङ्क नै मानव विकास सूचकाङ्क हो। UNDP नेपालले हालै नेपालका सबै जिल्लाहरूको मानव विकास सूचकाङ्कको मान समेटिएको नेपाल मानव विकास प्रतिवेदन, २०१४ सार्वजनिक गरेको छ। यो प्रतिवेदन अनुसार मोरङ जिल्लाको मानव विकास सूचकाङ्क ०.५१८ ( नेपालको ०.४९०) रहेको छ। अर्थात् मोरङ जिल्लाको मानव विकास सूचकाङ्क नेपालको राष्ट्रिय औषतभन्दा बढी देखिन्छ। मानव विकास सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाण्डौं जिल्लाको मानव विकास  सूचकाङ्क ०.६३२ रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकास सूचकाङ्कक ०.३६४ रहेको छ। मानव विकास सूचकाङ्कका अवयव सूचकहरू हेर्ने हो भने मोरङ जिल्लाको हरेक व्यक्ति बाँच्ने अपेक्षित औषत आयु (Life expectancy) ६९.०५ वर्ष र यसको सूचक ०.७०५, प्रौढ साक्षरता दर (Adult literacy)  ६९.९२ प्रतिशत र यसको सूचक ०.६९९, शिक्षा आर्जनमा खर्चेको औषत समय, (Mean years of schooling) ४.७७ वर्ष र यसको सूचक ०.३१८ तथा कुल राष्ट्रिय प्रतिव्यक्ति आय (Per capita income) १२२६ अमेरिकी डलर र यसको सूचक ०.४१८ रहेको देखिन्छ।

तालिका नं. ९.१ : मानव विकास सुचकको विवरण (HDI)

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | | | आम्दानी | | मानव विकास सुचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | सापेक्षित आयु | | प्रौढ साक्षरता | | विद्यालय जाने मध्यम वर्ष | | प्रतिव्यक्ति आम्दानी (क्रय शक्ति) | | ज्यामितीय मध्यक |
| | मान | सुचक | मान | सुचक | मान | सुचक | मान | सुचक | |
| नेपाल | ६८.८० | ०.७३० | ५९.५७ | ०.५९६ | ३.९० | ०.२६० | ११६० | ०.४०९ | ०.४९० |
| मोरङ | ६९.०५ | ०.७०५ | ६९.९२ | ०.६९९ | ४.७७ | ०.३१८ | १२२६ | ०.४१८ | ०.५१८ |

श्रोत: नेपाल मानव विकास प्रतिवेदन, २०१४

## ९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index)

अपेक्षित औषत आयु ४० वर्ष वा सोभन्दा कम भएको जनसंख्याको प्रतिशत, प्रौढ निरक्षरता, सुरक्षित खानेपानी नपुगेको जनसंखयाको प्रतिशत तथा कुपोषित ५ वर्षभन्दा मुनिका बालबालिकाहरूको प्रतिशत जस्ता सूचकहरूको संयुक्त सूचकाङ्कको रूपमा विकास गरिने मानव गरीबी सूचकाङ्कको स्थिति हेर्दा मोरङ जिल्ला मानव विकास सूचकाङ्कको स्थितिमा केही राम्रो अवस्थामा रहेको देखिन्छ। मोरङ जिल्लाको मानव गरीबी सूचकाङ्क मान २५.३२ (नेपालको ३१.१२) रहेको छ। यो सूचकाङ्कको मान जति कम भयो त्यति राम्रो मानिन्छ किनभने यो सूचकाङ्क नकारात्मक सूचकहरूको प्रयोग गरी निकालिन्छ। जस्तै: प्रौढ निरक्षरता दर। मानव गरीबी सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको मानव गरीबी  सूचकाङ्क १६.५ रहेको छ भने पुच्छारमा रहेको हुम्ला जिल्लाको मानव गरीबी सूचकाङ्कक ४९.२६ रहेको छ। मानव गरीबी सूचकाङ्कका अवयव सूचकहरूमा मोरङ जिल्लाको प्रौढ निरक्षरता दर (Adult illiteracy rate) ३५.०९ प्रतिशत, ४० वर्षसम्म पनि बाँच्न सक्ने अपेक्षा नगरिएको जनसंख्या (Percentage of people not expected to survive to age 40 ) ७.००प्रतिशत सुरक्षित खानेपानी नपुगेको जनसंख्या (Percentage without safe water) ३.०८ प्रतिशत तथा ५ वर्ष मुनिका कुपोषणबाट प्रभावित बालबालिबाको संख्या (Percentage of children under age five who are malnourished) ३१.५० प्रतिशत रहेको देखिन्छ।

## ९.३ मानव विकास र गरीबी

नेपालमा गरीबीको लघुक्षेत्र अनुमान, २०६८ अनुसार मोरङ जिल्ला मध्यम समृद्धिस्तर भएका जिल्लाहरूको श्रेणीमा पर्दछ। ७५ जिल्लाहरू मध्ये यो जिल्ला १७ औं स्थानमा रहेको छ र गरीबीको दर १६.५१ प्रतिशत रहेको छ। जिल्लामा गरिबीको रेखामुनी रहेको संख्या १,५८,२६१ रहेको देखिन्छ। गरीबीको दरको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको  गरीबीको दर ४ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको गरीबीको दर ६४.१ प्रतिशत रहेको छ।

तालिका नं. १५ : गरीबीको दरको विवरण

| गरिबीको स्थान | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता (प्रतिशत) | गरिबीको गहनता (प्रतिशत) | गरीबहरूको संख्या |
|---|---|---|---|---|
| १७ | १६.५१(१.१४) | ३.२७(०.३) | ०.९८(०.११) | १,५८,२६१ |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

## ९.४ गरिबी न्यूनीकरण

सहरी गरिबी न्यूनीकरणका लागि स्वरोजगर सृजना गर्ने, उद्यमशीलताको खोजी तथा प्रवर्द्धन गर्ने एवम् विभिन्न सिपमूलक तथा क्षमता अभिवृद्धि हुने क्रियाकलापद्वारा विशेषत ग्रामीण प्रकृतिका वडाहरूमा रोजगारी सृजना गर्नेतर्फ कार्यक्रम केन्द्रित गरी नयाँ थप भएका वडाहरूमा विभिन्न शिपमूलक तालिम सञ्चालन गरी जीविकोपार्जनका कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ ।

## ९.५ समग्र विकास स्थिति

राष्ट्रिय जनगणना २०६८ अनुसार ४७,७८२ जनताको बसोबास भएको नगरपालिकामा खास गरी सामाजिक रूपले पछि परेका र आर्थिक रूपले विपन्न अवस्थामा रहेका गरिबीको रेखा मुनि परेमा जनताको जीवनस्तरलाई कसरी माथि उठाउने र सामाजिक भेदभाव रहित एवम् आर्थिक रूपले सम-समुन्नत नगरको निर्माण कसरी गर्ने भन्ने चुनौतीलाई समयसापेक्ष रूपमा समाधान गर्न विगतदेखि वर्तमानसम्म गरिएका मानवीय प्रयासहरू र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रूपान्तरणलाई नै अहिलेसम्मको मानवीय विकासको रूपमा लिन सकिन्छ । यसरी हेर्दा नगरबासीहरूको मानवविकास सुचकाङ्क, लैंगिक समता सुचकाङ्क, जनताको बाच्ने औसत आयु, औसत ग्राहस्थ उत्पादन, औसत साक्षरतादर र औसत आम्दानी जस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ । संक्षेपमा नगरको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै पनि बाह्रै महिना भरपर्दो गरी पुऱ्याउन सकिएको छैन । यसै गरी स्वास्थ्य सेवाको पहुँचमा खास गरी आदिवासी जनसमुदायको बसोबास र बाहुल्य रहेको भौगोलिक क्षेत्रमा थप सेवा प्रदान गर्नुपर्ने आवश्यकता विद्यमान छ । अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकी, स्थापित भए बमोजिम आवश्यक दक्ष स्वास्थ्यकर्मीहरूको प्रयाप्ता नहुँदा जनताको स्वास्थ्य सेवा पाउने स्थितिमा गुणात्मक परिवर्तन आएको देखिँदैन । केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार नगरमा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ । जसमा डिप बोरिंग, हाते पम्प तथा ट्यूवेलको पानी प्रयोग गर्ने घरधुरीको संख्या सबैभन्दा बढी ७२१२ (९६.०६ प्रतिशत) देखिन्छ भने दोस्रो ठूलो स्रोतको रूपमा निजी धारा तथा पाइपको प्रयोग गर्नेको संख्या ९२ (१.२४ प्रतिशत) देखिन्छ । त्यस्तै ढाकिएको इनार तथा कुवा प्रयोग गर्ने २४ (०.३२ प्रतिशत), मुल धाराको प्रयोग गर्ने २० (०.२७ प्रतिशत), खुला इनारको पानी प्रयोग गर्ने १६ (०.२१ प्रतिशत) र नदी/खोलालाई खानेपानीको स्रोतको रूपमा प्रयोग गर्ने ६ (०.०८ प्रतिशत) देखिन्छ ।

सामाजिक एवम् मानव विकासको एक महत्त्वपूर्ण आयामको रूपमा रहेको शिक्षा क्षेत्रमा यो नगर अन्य समग्र देशको तुलनामा अग्र स्थानमा रहेको देखिन्छ । पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस नगरको साक्षरता दर ७४.१० प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ । लैंगिक हिसाबले यो नगर पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ । जस्तै: यस नगरको पुरुषको साक्षरता दर ८१.६६ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ६७.५० प्रतिशत मात्र रहेको छ । पुरुष र महिलाको साक्षारता दरमा लगभग १४ प्रतिशतको फरक देखिन्छ । सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ ।

## ९.६ फोहोर मैला व्यवस्थापन

नगरमा फोहोर मैला व्यवस्थापनको लागि हालसम्म ट्रिपरबाट लोड गरेर सहरभन्दा टाढा लगेर फाल्ने गरिन्छ। यद्यपी नगरको वडा नं. १० मा ल्याण्डफिल्ड साईटको निर्माणाधिन अवस्थामा रहेको छ। नगरपालिकाको पर्यटकीय तथा पिकनिक स्पोर्टका रूपमा चिनिने हसीना सिमसार क्षेत्र र नगरका प्रमुख व्यापारिक चोक तथा बजार क्षेत्रमा कुहिने तथा नकुहिने फोहोर व्यवस्थापन गर्न छुट्टाछुट्टै जम्मा १२ डस्वीनको व्यवस्थापन गरेको छ। साथै स्थानीय जनसमुदायलाई आफ्नो घर वरीपरिको वातावरण आफैंले सफा राखौं भन्ने जनचेतनामुलक कार्यक्रम मार्फत जानकारी गराई सहरी शौन्दर्यता कायम राख्न जनसमुदायलाई नै अग्रसर गराई नगरको बलिया चोकदेखि गछिया खोलासम्म करिव ५०० थान वृक्षारोपण गरिएको छ। एकघर दुई विरुवा प्रणाली पुरा गर्ने गरी घरनक्सा पास प्रणाली अवलम्बन गर्दै आएको र जलवायु परिवर्तन सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन गरि प्लाष्टिक झोला निषेधका प्रचारात्मक कार्यक्रम पनि संचालनमा ल्याएको छ। त्यसैगरी खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्ने यस नगरपालिकाले निम्नवर्गीय परिवारहरूलाई वाटरशिल प्यान सहितको चर्पि बनाउने रिङ समेत वितरण गरिरहेको र स्थानीयस्तरमा छलफल, सहजीकरण एवम् अनुगमन गरी ४०० जति शौचालय स्वत: स्फूर्त निर्माण भएको छ। यसैगरी सार्वजनिक स्थल शिवपञ्चायन मन्दिरमा एक शौचालय निर्माण गरिनुका साथै गछिया चौकमा ४ कोठे सार्वजनिक शौचालय निर्माण भएको छ। यस नगपालिकाले शुरुमा आफ्नो घर सफा भए मात्र नगर सफा हुन्छ भन्ने कुरालाई मध्यनजर गरेर नगरपालिकामा हुने जुनसुकै सिफारिसमा सरसफाई कार्ड अनिवार्य गरेको छ।

फोहरमैलाको उचित व्यवस्थापन गरी स्वच्छ वातावरण बनाउन हरियाली प्रवर्द्धन कार्यक्रम तथा एक वडा एक पार्क/उद्यान कार्यक्रमलाई जोड दिनुपर्ने देखिन्छ। जथाभावी फोहर फाल्नेलाई आवश्यक कारवाही गर्न अनुगमन तथा निगरानी समिति निर्माण गरी विशेष सरसफाई अभियानलाई निरन्तरता दिँदै नेपाल सरकारबाट जारी भएको फोहरमैला व्यवस्थापन ऐन, २०६८ लाई कडाईका साथ कार्यान्वयन गर्नु पर्ने देखिन्छ। सुन्दरदुलारी नगरपालिका आसपासको फोहरमैलाको दीर्घकालिन व्यवस्थापनको लागि सार्वजनिक निजी साझेदारीको नीति बमोजिम फोहरबाट बिजुली निकाल्ने कार्यक्रम संचालन गर्नु पर्ने देखिन्छ। वातावरण तथा सरसफाई निर्देशिका तथा प्लाष्टिक झोला निषेधित कार्य कडाइकासाथ कार्यान्वयन गरी फोहरमैला व्यवस्थापनका लागि 3R (Reuse, Reduce, Recycle) को अवधारणालाई निरन्तरता दिई फोहरमैलाको व्यवस्थापन, ल्याण्डफिल्ड साइटमा थप पूर्वाधार निर्माण गर्नु पर्ने देखिन्छ।